# दश वर्षीय स्थानीय शिक्षा योजना

आर्थिक वर्ष २०८१/०८२-२०९०/०९१

पारित मिति २०८१/१२/०६




## मर्चवारी गाउँपालिका

### शिक्षा, युवा तथा खेलकुद शाखा

रायपुर, रुपन्देही

# दश वर्षीय स्थानीय शिक्षा योजना

## आ.व. २०८१/०८२ – २०९०/०९१

## पारित मिति २०८१/१२/०६


**मर्चवारी गाउँपालिका**

शिक्षा, युवा तथा खेलकुद शाखा

रायपुर, रुपन्देही

लुम्बिनी प्रदेश

# प्राक्कथन

विकास भन्नु नै उपलब्ध साधन र स्रोतको समुचित प्रयोग गर्दै निश्चित समयमा आज भन्दा अझ परिष्कृत हुन गरिएको परिकल्पनाको नजिक पुग्ने प्रक्रिया हो । यस सन्दर्भमा सबै मुलुक तथा क्षेत्रले मिठो सपना बोकेको हुन्छन र तदनुसार सो सपना पुरा गर्न योजनाहरू निर्माण गरिन्छन् । देश र समाजको आमुल परिवर्तन गर्न गतिलो शैक्षिक योजना निर्माण गरी सुनिश्चित विकासका लागि शैक्षिक लगानी गर्नु अपरिहार्य छ । अन्य विकासात्मक कार्यहरूको योजना निर्माण गर्नुको साथै मानव संसाधन विकासका लागि शैक्षिक योजना निर्माण आवश्यक छ ।

स्थानीय सरकारका रुपमा मर्चवारी गाउँपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी नीति, योजना तथा कार्यक्रम गर्दै आइरहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को (ज) मा आधारभूत र माध्यमिक शिक्षा गाउँपालिकाको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र हुने हुँदा उक्त कुरा ध्यानमा राखी यस गाउँपालिकाले प्रत्येक वर्ष शिक्षा सम्बन्धि नीति तथा कार्यक्रम गर्ने गरेको छ । वार्षिक शैक्षिक स्थिति प्रतिवेदनले यस गाउँपालिकको शैक्षिक अवस्थाको जीवन्त चित्रण गर्छ । आर्थिक वर्ष २०८०/०८१ मा संघ, प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भइ आएको सशर्त वजेट र गाउँपालिकाले आन्तरिक श्रोतवाट विनियोजित वजेटको शैक्षिक कार्यक्रमहरुको कार्यान्वयन अवस्था र प्रभावकारिता वारेमा जानकारी प्राप्त हुने छ । यसै योजनाको आधारमा पनि राजनीतिक तथा प्रशासनिक नेतृत्वलाई सोहि अनुरुप योजना तर्जुमा गर्न सहजता पुग्छ । शिक्षा योजनाका आधारमा आगामी वर्ष सम्बन्धित सबै सरोकारवालाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग गर्दछ ।

आर्थिक वर्ष २०८०/०८१ मा यस गाउँपालिकाबाट भए गरेका कार्यहरु लगायत सम्पूर्ण विद्यालयहरुको प्रगति समेतलाई आधार मानि यो योजना तयार पारिएको हो । योजना लेखनमा टाइपिङ गरी यस स्वरुपमा ल्याउने पंकज राम लोध, मर्चवारी गाउँपालिका शिक्षा शाखा प्रमुख हरिश्चन्द्र बरई, USAID प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमका स्थानिय शिक्षा संयोजक राधा अधिकारी, कालिका स्वावलम्बन सामुदायिक केन्द्रका सुचिता शाक्य, विजय कुमार पाल र प्रमुख प्रशासकिय अधिकृत फेकन शाहको विशेष योगदान रहेको छ । साथै यस प्रतिवेदन तयार गर्ने क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्णमा यस मर्चवारी गाउँपालिकाको तर्फबाट धन्यवाद प्रकट गर्दछौँ । यस प्रतिवेदनमा मर्चवारी गाउँपालिकाको शिक्षाको सम्पूर्ण वास्तविक तस्विर प्रस्तुत गर्न खोजिएको छ ।

# अध्यक्षको कलमबाट



मर्चवारी गाउँपालिकाले आगामी १० वर्षका लागि तयार गर्न लागेको स्थानीय शिक्षा योजना हाम्रो गाउँपालिकाको शिक्षामा देखिएका चुनौतीहरूको समाधान र भावी सम्भावनाहरूको दिशामा एउटा महत्त्वपूर्ण मार्गचित्र बन्नेछ। हालको अवस्थामा सामाजिक र आर्थिक रूपमा कमजोर परिवारका बालबालिका शिक्षामा पछि परेका छन्, जुन हाम्रो गाउँपालिकाको शैक्षिक उपलब्धिमा नकारात्मक असर देखिन्छ। श्रोत साधनको उपलब्धता हुँदाहुँदै पनि उपलब्धी कम हुनु भनेको हाम्रो व्यवस्थापन र कार्यान्वयनमा भएका केही कमीकमजोरीहरू हुन्। यसले शिक्षा प्रणालीमा सुधारका लागि योजनाबद्ध कदम चाल्नुपर्ने स्पष्ट सन्देश दिएको छ।

नेपालको संविधान र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७७ ले सबै बालबालिकालाई गुणस्तरीय, निःशुल्क र अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ। तर, यो कानुनको कार्यान्वयनमा देखिएको सुस्तता र अप्ठ्याराहरूले गर्दा हाम्रो गाउँपालिकाले अझै धेरै काम गर्न बाँकी रहेको स्पष्ट हुन्छ। खासगरी कमजोर आर्थिक अवस्था भएका विद्यार्थीहरूमा यो व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएको छैन। शिक्षामा सबैका लागि सामान अवसर र पहुँच सुनिश्चित गर्न यो योजना महत्त्वपूर्ण हुनेछ। यस शैक्षिक योजनाले मुख्यतः गाउँपालिकाभरका शिक्षालयहरूको स्तरोन्नति, स्रोत साधनको न्यायपूर्ण वितरण, शिक्षकको नियमित तालिम, विद्यार्थीका लागि सहुलियतका कार्यक्रम, र शिक्षामा प्रविधिको उपयोगलाई प्राथमिकतामा राख्नेछ। हामीले हाम्रो गाउँपालिकामा उपलब्ध सबै स्रोत साधनलाई उचित रूपमा परिचालन गर्दै गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नुपर्छ। शिक्षामा मात्र नभई, विद्यालयको भौतिक संरचना सुधार, सिकाइ वातावरणमा सुधार र विद्यार्थी–शिक्षक अनुपातलाई सन्तुलित बनाउनेतर्फ पनि हाम्रो विशेष ध्यान केन्द्रित हुनेछ।

यस योजना अन्तर्गत बालबालिकाहरूलाई सिकाइमा उत्प्रेरणा दिने वातावरण बनाउने, विद्यालयमा नियमित उपस्थिति सुनिश्चित गर्ने र कमजोर पृष्ठभूमिका विद्यार्थीहरूलाई लक्षित गरेर थप सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ। हामीले विद्यालयको व्यवस्थापनमा पनि सुधार गर्नुपर्ने देखिन्छ, जसमा अभिभावकको सहभागिता, विद्यालय व्यवस्थापन समितिको सक्रियता र सामुदायिक सहभागिता बढाउनुपर्ने हुन्छ। योजना कार्यान्वयनका लागि गाउँपालिकाको एकीकृत भूमिका, विद्यालय, अभिभावक, शिक्षक र विद्यार्थीबीचको सहकार्यले मात्र शिक्षा सुधारका उद्देश्यहरू सफल बनाउन सकिन्छ। हामीले प्रविधि र नवप्रवर्तनको प्रयोग गरी सिकाइ प्रणालीलाई परिमार्जन गर्नुपर्छ, जसले गर्दा हाम्रो पालिकाका बालबालिका राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम हुनेछन्। हामी सम्पूर्ण पालिकावासीहरूको सहकार्य र सहभागिताबाट यो शैक्षिक योजना सफल बनाउन लागि पर्नेछौं र हाम्रो गाउँपालिकाका सबै बालबालिका उज्ज्वल भविष्यतर्फ अघि बढ्न सकून् भन्ने हाम्रो प्रमुख उद्देश्य हो।

**धन्यवाद !**

**गया प्रसाद बरई**
अध्यक्ष
मर्चवारी गाउँपालिका, रुपन्देही

# उपाध्यक्षको कलमबाट



नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन, विकास र समृद्धिको आकाक्षा गरे अनुसार शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगार मूलक एवम् जनमुखि बनाउँदै सक्षम, प्रतिस्पर्धी नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमश निःशुल्क बनाउने राज्यको नीति वमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि सो तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनि मौलिक हकको व्यवस्था गरिएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा देखिएको वर्तमान शिक्षाको व्यवस्थापन र गुणस्तरीयताको चुनौतिहरूलाई सामना गर्दै विकसित भइरहेको नयाँ-नयाँ प्रविधि र ज्ञानविज्ञानको क्षेत्रलाई समेट्दै सम्पूर्ण बालबालिका, युवा तथा जेष्ठ नागरिकहरुको समेत मौलिक अधिकारको संरक्षण गर्दै उनीहरूलाई सहज सुलभ, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्नेके लागि दशवर्षीय शिक्षा योजना सरोकारवाला पक्षको सहभागीतामा तयार पारिएको छ । गाउँपालिकाभित्रका शैक्षिक चुनौतिहरूलाई प्राथमिकताका आधारमा समाधान गर्नका निमित्त प्रदेश तथा यस गाउँपालिका सम्बद्ध जनप्रतिनिधि, शिक्षा समिति, विद्यालयहरू, प्राविधिक तथा सीपमूलक शिक्षण संस्थाहरू, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अन्य सम्वद्ध शैक्षिक संस्थाहरूको अन्तरक्रिया, छलफल सम्पन्न गरी योजनाको निर्माणमा प्राथमिकता प्रदान गरिएको छ । पहिलो अनुभवमा नै योजना निमार्ण गर्नु जटिल एवं चुनौतीपूर्ण कार्य भएको छ तापनि यो योजना निर्माणमा योजना निर्माण कार्यदलको काम अत्यन्तै प्रशंसनीय रहेको छ ।

यस कार्यमा निरन्तर तथा अहोरात्र खटिनु भएका गाउँपालिका अध्यक्ष गया प्रसाद बरई, प्रमुख प्रशासकीय फेकन शाह, शिक्षा शाखा प्रमुख हरिश्चन्द्र बरई, वडाअध्यक्षज्यूहरू, कार्यपालिकाका सदस्यज्यूहरू, राजनीतिक दलका प्रतिनिधिज्यूहरू, कार्यदलका संयोजक एवं पूर्व वडाअध्यक्षज्यूहरू, कार्यपालिकाका सदस्यज्यूहरू, राजनीतिक दलका प्रतिनिधिज्यूहरू, शिक्षा विकास तथा समन्वय इकाई रुपन्देही, विभिन्न पेशा, संघसंस्थाका प्रतिनिधिहज्यूहरु, शैक्षिक संस्थाका प्रतिनिधिहरु, विद्यार्थीहरु, बुद्धिजीवी शिक्षाप्रेमी, पत्रकार, शिक्षा क्षेत्रका क्रियाशील विभिन्न समूहका प्रतिनिधिहरू लगायत सम्पूर्ण सरोकारवालाहरुलाई स्मरण गर्न चाहन्छु ।

**धन्यवाद !**

**आशा सिंह**
उपाध्यक्ष
मर्चवारी गाउँपालिका, रूपन्देही

# प्रमुख प्रशासकीय अधिकृतको कलमबाट



समुदायका बालबालिकाको विद्यालय शिक्षामा पहुँचको स्थिति निरन्तर बढ्दै छ। कठिन अवस्थामा रहेका सीमान्तकृत समुदाय, दलित तथा अल्पसंख्यक समुदायका बालबालिका अझै पनि पूर्णतः विद्यालय शिक्षामा समाहित भइसकेका छैनन्। यस विषयमा गहन विचार र विमर्शबाट सहभागितामूलक एवम् समावेशी पद्धतिबाट सरोकारवाला तथा लाभान्वित वर्गसँग गहन एवं सघन छलफल तथा परामर्श गरी मर्चवारी गाउँपालिकाको शैक्षिक योजनाको विकास गरिएको हो । यो योजना बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षण सिकाइको वातावरणमा सहभागी हुने अवसरको सुनिश्चितता प्रदान गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्ने महत्वपूर्ण माध्यम बन्ने अपेक्षा सहित संविधानमा उल्लेख भएअनुसारको गुणस्तरीय शिक्षा, व्यावसायिक सीप, सकारात्मक अवधारणा तथा राष्ट्रको सक्रिय र उत्पादनशील नागरिक निर्माण गर्ने तर्फ योजना लक्षित छ । शैक्षिक योजनाले संविधानद्वारा प्रत्याभूत सबै बालबालिकालाई आधारभूत शिक्षा पूरा गर्ने र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ। विद्यालय छोड्ने बालबालिकालाई पढ्ने वातावरणको विषयमा समेत यस योजनाले समेटन खोजेको विषय वस्तु हो। यो निर्धारित लक्ष्य हासिल गर्नका लागि नागरिकमा हुनुपर्ने सीप र क्षमता विकासको साधन पनि हो र सबैलाई समतामूलक र समावेशी तथा जीवनपर्यन्त सिकाइका अवसर सुनिश्चित गर्ने आफैमा साध्य पनि हो। त्यसकारण बिगतमा शिक्षा क्षेत्रका योजनाबाट हासिल गरिएका पहुँच टिकाउपना तथा सिकाइ उपलब्धिकै जगमा शैक्षिक योजनाको तर्जुमा गरिएको छ। शैक्षिक योजनाले शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गरी विद्यालय व्यवस्थापन तथा निर्णय प्रक्रिया प्रभावकारी बनाउने र विद्यालय सुधारको अपेक्षा गरिएको छ। अन्त्यमा, यो योजना तयारीको कार्यमा सहयोग र परामर्श प्रदान गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, राजनीतिक दल, कर्मचारी र प्राविधिक सहयोग गर्ने सेवा प्रदायक संस्था तथा व्यक्ति लगाएत यस कार्यमा सहयोग गर्ने सबैको योगदानको उच्च कदर गर्दै धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु।

धन्यवाद !

**फेकन शाह**
नि. प्रमुख प्रशासकीय अधिकृत
मर्चवारी गाउँपालिका, रूपन्देही



# शिक्षा शाखा प्रमुखको कलमबाट

मुलुक संघीयतामा गई सकेपछि बनेका तीन तहका सरकारमा माध्यमिक तहसम्मको शैक्षिक जिम्मेवारी मूलतः स्थानीय सरकारलाई छ। कक्षा १२ सम्मको जिम्मेवारी स्थानीय सरकार मातहतमा भैरहँदा यसलाई व्यवस्थित बनाउन विभिन्न प्रयत्नहरु भैरहेका छन्। मर्चवारी गाउँपालिकाको सन्दर्भमा कुरा गर्दा २०७४ सालको स्थानीय तहबाट निर्वाचित जनप्रतिनिधिहरु आएपछि नै शैक्षिक विकासको लागि विभिन्न रचनात्मक कामहरु हुँदै आएका हुन्। मर्चवारीले शिक्षाका क्षेत्रमा गरेका कतिपय अभ्यासहरु अरुको लागि सिकाइ समेत हुँदै आएका छन्।

खासगरी सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढाउन मर्चवारी गाउँपालिकाले भौतिक र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। दरबन्दी नभएका विद्यालयहरुमा पालिकाको स्रोतबाट शिक्षक नियुक्त गर्नेदेखि +२ सञ्चालन र बालमैत्री कक्षा निर्माण गर्नेसम्मका कामहरु भएका छन्। समग्र शैक्षिक क्षेत्रको विकासका लागि हालसम्म गरिएका कामहरु आफैमा पूर्ण नभए पनि यसले यहाँका विद्यालयमा देखिने परिवर्तन ल्याएको जो कोहीले महशुस गर्न सक्छ।

यस्तो पृष्ठभूमिमा पालिकाको शिक्षालाई अझै व्यवस्थित र योजनाबद्ध ढंगले अघि बढाउँदै समावेशी र समतामुलक गुणस्तरीय शिक्षामा सबै वर्ग, समुदायको पहुँच पुर्याउने उद्देश्यले मर्चवारी गाउँपालिकाको दशवर्षीय शैक्षिक योजना निर्माण गरिएको हो। सम्बद्ध पक्षसँगको छलफल, राय, सुझाव र परामर्शको आधारमा निर्माण गरिएको योजनाको कार्यान्वयनले यहाँको शैक्षिक विकासमा नयाँ आयाम थप्ने मैले विश्वास लिएको छु। प्रस्तुत योजनाले बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षण सिकाईको वातावरणमा सहभागी हुने अवसरको सुनिश्चितता प्रदान गरी दीगो विकासका लक्ष्यहरु हासिल गर्ने अवसर प्रदान गर्नेछ।

योजनाले संविधानद्धारा प्रत्याभूत सबै बालबालिकालाई आधारभूत शिक्षा पूरा गर्ने र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ। साथै विद्यालय छोड्ने बालबालिकालाई पढ्ने वातावरण निर्माणको विषय समेत योजनामा समेटेको छ।

अन्तमा यो योजना निर्माणको कार्यमा सहयोग, परामर्श, राय, सुझाव प्रदान गर्नुहुने पालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राजनीतिक दल, सम्बद्ध संघ संस्था, शिक्षक, कर्मचारी लगायत सम्बद्ध सबैप्रति हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दै योजनाको सफल र प्रभावकारी कार्यान्वयनको लागि सबैको साथ, समर्थन, सहकार्य, समन्वय रहने विश्वास समेत व्यक्त गर्दछु।

**धन्यवाद !**

**हरिश्चन्द्र बराई**
शिक्षा शाखा प्रमुख

| शिक्षा योजना निर्माणमूल समिति |
|---|
| संयोजकः श्री गया प्रसाद बरई (अध्यक्ष), मर्चवारी गाउँपालिका |
| सदस्यः श्री आशा सिंह (उपाध्यक्ष), मर्चवारी गाउँपालिका |
| सदस्यः श्री फेकन शाह (प्रमुख प्रशासकीय अधिकृत) |
| सदस्यः श्री ओम प्रकाश चौधरी (सामाजिक विकास समिति संयोजक) |
| सदस्यः श्री युवराज घिमिरे (लेखा अधिकृत) |
| सदस्यः श्री हरिश्चन्द्र बरई (शिक्षा शाखा प्रमुख) |
| सदस्यः श्री राम सुमेर ठाकुर (शिक्षा समिति सदस्य) |
| सदस्यः श्री धर्मेन्द्र हरिजन (अपागंता भएका शिक्षक) |
| सदस्यः श्री ज्ञानमती चमाईन (कार्यपालिका सदस्य) |
| सदस्यः श्री दिब्या अग्रहरी (बाल सञ्जाल) |
| **मस्यौदा तयारी तथा योजना लेखन कार्यदल** |
| संयोजकः श्री हरिश्चन्द बरई (शिक्षा शाखा प्रमुख) मर्चवारी गाउँपालिका |
| सदस्यः श्री बलराम यादव (प्रधानाध्यापक) श्री ठर्की माध्यमिक बिद्यालय मर्चवारी-६ |
| सदस्यः श्री रामशरन यादव (शिक्षक) जनता माध्यमिक बिद्यालय,मर्चवारी-५ |
| सदस्यः श्री सुनिल मौर्य (शिक्षक) श्रीमती मनराजीदेवी माध्यमिक बिद्यालय, मर्चवारी-३ |
| सदस्यः श्री पंकज राम लोध (शिक्षक) श्रीमती मनराजीदेवी माध्यमिक बिद्यालय, मर्चवारी-३ |
| **मस्यौदा तयारी योजना लेखनका लागि प्राविधिक सहयोग** |
| १. USAID प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम |
| २. कालिका स्वावलम्वन सामाजिक केन्द्र, कपिलबस्तु |

**प्रकाशक :** मर्चवारी गाउँपालिका, रुपन्देही

**सर्वाधिकार :** प्रकाशक

**मुद्रण :** उषा छापाखाना, कोटहीमाई-७ रुपन्देही

**प्रमाणित मिति :** २०८१/१२/०६

**प्रकाशन मिति :** २०८२/03/१0

# सारांश

लुम्बिनी प्रदेश, रूपन्देही जिल्ला मर्चवारी गाउँपालिकाको द्रुततर शिक्षाको उन्नति र विकासको लागि तयार पारिएको प्रस्तुत गाउँ शिक्षा योजनाले मुलुकमा भएको राजनैतिक परिवर्तन पछि नेपालको संविधान २०७२ मा शिक्षाको सन्दर्भमा बोलिएको तथा लेखिएको अनिवार्य तथा निःशुल्क शिक्षाको मूल मर्मलाई समेट्ने प्रयास गरेको छ। यसमा नेपालको संविधान, संघीय शिक्षा ऐन, नियमावली, केन्द्रियस्तरमा भएका आयोगहरूका प्रतिवेदनलाई समेत आधार लिइएको छ। बदलिदो परिवर्तन तथा परिस्थितिलाई मध्यनजर गर्दै शिक्षामा समयानुकूल परिवर्तन गर्न जरूरी छ भनी विद्यालय तहको संरचनामा भएको परिवर्तन एवं आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू ल्याइएका छन्। गाउँ शिक्षाको सन्दर्भमा प्रारम्भिक बालविकास कार्यक्रम, आधारभूत शिक्षा, माध्यमिक शिक्षामा प्राविधिक तथा व्यवसायिक र अनौपचारिक शिक्षालाई जीवनपर्यन्त एवं सिपमूलक तथा प्रविधिमैत्री बनाउने गरी योजना तय गरिएको छ।

सबैका लागि शिक्षा कार्यक्रमको पहिलो कम्पोनेन्टमा प्रारम्भिक बालविकास कार्यक्रम सामुदायिक विद्यालयहरूबाट र समुदायमा आधारित बालविकास केन्द्रका सहयोगी कार्यकर्ताबाट समेत प्रारम्भिक बालशिक्षा दिने कार्य भएको छ। सो बाहेक ४ वर्ष मुनिका बालबालिकाहरूलाई पनि संस्थागत विद्यालयहरूले नर्सरी, एल के.जी., यु.के.जी. कक्षाहरु सञ्चालन गरी तालिम प्राप्त शिक्षक तथा सहयोगी कार्यकर्ता बाल शिक्षकहरूबाट समेत बालविकास केन्द्र सञ्चालन गरी बालबालिकाहरूलाई कक्षा एकमा भर्ना गर्न /गराउन सकेमा शिक्षाको जग अझ बलियो हुनेछ। निःशुल्क तथा अनिवार्य गरिएको आधारभूत शिक्षालाई अझ बढी व्यवस्थित गरी तथ्य र तथ्याङ्कको आधारमा ५ वर्षभित्र सबै उमेरका बालबालिकालाई आधारभूत शिक्षाको पहुँचमा वृद्धि गरी गुणस्तरीयताको प्रतिष्पर्धामा लैजान सक्ने गरी मैत्रीपूर्ण बालसिकाइ, विषयगत शिक्षकको व्यवस्थापन, परीक्षा तथा मूल्याङ्कनमा सुधार गर्ने कार्यक्रमहरू तय गरिएका छन्। आधारभूत तहको अन्त्यमा लिइने परीक्षाको स्तरलाई सामुदायिक तथा संस्थागत विद्यालयको मूल्याङ्कन समानस्तरमा लैजाने प्रयास गरिएको छ। हाल रहेको प्राविधिक धारलाई समेत भएसम्म व्यवसायमूलक बनाई सिपयुक्त शिक्षाको व्यवस्थापन गरी निःशुल्क माध्यमिक शिक्षा प्राप्त गर्न सक्ने तथा रोजगारीका अवसरहरूमा समायोजन हुने गरी शैक्षिक सुधारका कार्यक्रमहरू समावेस गरिएका छन्। आधारभूत विद्यालयको स्तरोन्नति गरी आवश्यकता अनुरूप साधारण, प्राविधिक, व्यवसायिक र सिपमूलक शिक्षा दिन सक्ने सूचना र प्रविधिको समेत विकास गर्ने कार्यक्रम योजनाले समेट्न खोजेको छ।

माध्यमिक शिक्षाको हकमा माथिल्लो कक्षाहरूमा शिक्षक विद्यार्थी अनुपात अत्यधिक रहेको कारण गुणस्तरमा देखिएको न्यूनता कम गर्न दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने कार्यक्रम समावेश गरिएको छ। स्थानीय रूपमा आधारभूत शिक्षा प्रदान गर्न सहज बाटो अपनाइने गरी गाउँपालिकाको पर्यटन तथा सहरीकरण विकासको लागि स्थानीय पाठ्क्रमको निर्माण गरी लागू गरिने छ। प्रत्यक्ष रूपमा विद्यालय शिक्षामा पहुँच नपुगेका र विभिन्न कारणले विद्यालयमा नियमित अध्ययन गर्न नसक्ने तथा रोजगारीको अवसर प्राप्त नगरेका बालबालिका, युवा तथा प्रौढ एवं जेष्ठ नागरिक, महिला तथा पुरुषलाई व्यवसायिक, सिपयुक्त र प्राविधिक शिक्षाको माध्यमबाट पहुँच पुर्‍याउनको लागि कार्यक्रम सञ्चालन एवं व्यवस्थापन गरिने योजनाले सुनिश्चित गरेको छ। विद्यालयको पूर्वाधार विकासका लागि जग्गा र भवनलाई अझ व्यवस्थापन गरी कक्षाकोठा सुधार, उपयुक्त फर्निचर, स्वच्छ खानेपानी, वाल, अपाङ्ग र महिला मैत्री शौचालय, खेल मैदान, कम्पाउण्ड वाल, फूलवारी, पुस्तकालय, वाचनालय, खाजाघर, कम्प्यूटर तथा आइ सि.टि. कक्षा, स्मार्टबोर्डको समेत प्रयोग गरी पठनपाठनको व्यवस्थापन गर्नमा जोड दिइने छ।

शिक्षाको पहुँचबाट टाढा रहेकोले पनि त्यस्ता जनतालाई परम्परागत साक्षरताका कक्षा भन्दा पनि व्यवसायिक तथा सिपमूलक र आयमूलक शिक्षा  सँगै अनौपचारिक शिक्षा सञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्रलाई बढी व्यवस्थित र जिम्मेवारी बनाउन योजनाले तय गरेको छ । यसको साथै अपाङ्गता भएका बालबालिका लगायत प्रौढहरूलाई विशेष व्यवस्था गरी एकीकृत शिक्षा तथा सिपयुक्त अपाङ्गमैत्री शिक्षा दिन समावेशी तथा समाहित शिक्षाको अवधारणालाई अगाडि सारिएको छ । यसरी योजनाको समग्र लक्ष्य र उद्देश्य प्राप्तिका लागि योजनामा खर्च हुने लागतहरू नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा गैरसरकारी संघसंस्था र समस्त अभिभावक तथा सरोकारवाला पक्षको योगदानमा आधारित रहेर सम्पन्न गर्ने कार्यक्रम रहेको छ ।

# विषय सुचि

बिषय प्रवेश ..... १
परिच्छेद १ ..... ६
१.१ परिचय ..... ६
१.२ वर्तमान अवस्था ..... ६
१.३ मुख्य समस्या तथा चुनौतीको (SWOT) विश्लेषण ..... २०

परिच्छेद २. ..... २२
दूरदृष्टि, उदेश्य, रणनीति तथा लक्ष्य निर्धारण ..... २२
२.१ मर्चवारी गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा लिइएको आधार ..... २२
२.२ दुरदृष्टि ..... २६
२.३ लक्ष्य (Goal) ..... २६
२.४ प्रमुख उद्देश्यहरू (Objectives) ..... २६
२.५ रणनीति तथा कार्यनीति ..... २६
२.६ कार्यनीति ..... ३१
२.७ अपेक्षित मुख्य उपलब्धि ..... ३१

परिच्छेद ३. ..... ३३
शिक्षाका मुख्य उपक्षेत्र ..... ३३
३.१ प्रारम्भिक बालविकास र शिक्षा ..... ३३
३.१.१ परिचय ..... ३३
३.१.२ वर्तमान अवस्था ..... ३४
३.१.३ उदेश्य ..... ४०
३.१.४ रणनीति ..... ४०
३.१.५ प्रमुख उपलब्धि तथा नतिजा ..... ४०
३.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... ४२
३.२ आधारभूत शिक्षा ..... ४४
३.२.१ परिचय ..... ४४
३.२.२ वर्तमान अवस्था ..... ४४
३.२.३ उद्देश्य ..... ४७
३.२.४ रणनीतिहरू ..... ४८
३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... ४९
३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ..... ५०
३.३ माध्यमिक शिक्षा ..... ५३
३.३.१ परिचय ..... ५३
३.३.२ वर्तमान अवस्था ..... ५४
३.३.३ उद्देश्यहरू ..... ५६
३.३.४ रणनीति ..... ५६
३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... ५७

३.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.......................................................५८
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम.......................................................६२
३.४.१ परिचय.......................................................६२
३.४.२ वर्तमान अवस्था.......................................................६२
३.४.३ उद्देश्य.......................................................६३
३.४.४ रणनीतिहरु .......................................................६४
३.४.५ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य.......................................................६४
३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.......................................................६५
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ.......................................................६५
३.५.१ परिचय.......................................................६५
३.५.२ वर्तमान अवस्था.......................................................६६
३.५.३ उद्देश्य.......................................................६७
३.५.४ रणनीतिहरु .......................................................६७
३.५.५ प्रमुख उपलब्धि तथा नतिजा.......................................................६८
३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य .......................................................६९

परिच्छेद ४ :.......................................................७१
अन्तरसम्बन्धित विषय तथा क्षेत्र.......................................................७१
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन.......................................................७१
४.१.१ परिचय.......................................................७१
४.१.२ वर्तमान अवस्था.......................................................७१
४.१.३ उद्देश्य.......................................................७२
४.१.४ रणनीति.......................................................७२
४.१.५ प्रमुख उपलब्धि तथा नतिजा.......................................................७३
४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.......................................................७४
४.२ शिक्षक व्यवस्थापन र बिकास .......................................................७५
४.२.१ परिचय.......................................................७५
४.२.२ वर्तमान अवस्था.......................................................७५
४.२.३ उद्देश्य.......................................................७६
४.२.४ रणनीतिहरू .......................................................७७
४.२.५ प्रमुख उपलब्धि तथा नतिजा.......................................................७७
४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.......................................................७८
४.३ शैक्षिक समता र समावेशीकरण.......................................................७९
४.३.१ परिचय.......................................................७९
४.३.२ वर्तमान अवस्था.......................................................८०
४.३.३ उदेश्य.......................................................८१
४.३.४ रणनीति .......................................................८१
४.३.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य.......................................................८१
४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.......................................................८२
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम.......................................................८३
४.४.१ परिचय.......................................................८३
४.४.२ वर्तमान अवस्था .......................................................८४

४.४.३ उद्देश्य ........ ८६
४.४.४ रणनीति तथा कार्यनीति ........ ८६
४.४.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ८७
४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ८८
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ........ ८९
४.५.१ परिचय ........ ८९
४.५.२ वर्तमान अवस्था ........ ८९
४.५.३ उद्देश्य ........ ९०
४.५.४ रणनीति ........ ९१
४.५.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ९१
४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ९३
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ९३
४.६.१ परिचय ........ ९३
४.६.२ वर्तमान अवस्था ........ ९४
४.६.३ उद्देश्य ........ ९६
४.६.४ रणनीति र कार्यनीति ........ ९७
४.६.५ विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू ........ ९७
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ९९
४.७.१ परिचय ........ ९९
४.७.२ वर्तमान अवस्था ........ ९९
४.७.३ उद्देश्य ........ १००
४.७.४ रणनीति ........ १००
४.७.५ प्रमुख उपलब्धि तथा नतिजा ........ १००
४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १०१

परिच्छेद ५ ........ १०२
अन्य उपक्षेत्र ........ १०२
५.१ उच्च शिक्षा ........ १०२
५.१.१ वर्तमान अवस्था ........ १०२
५.१.२ उद्देश्य ........ १०२
५.१.३ रणनीतिहरू ........ १०३
५.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ १०३
५.४.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १०४

परिच्छेद ६ ........ १०४
६.१ सुशासन तथा व्यवस्थापन ........ १०४
६.१.१ परिचय ........ १०४
६.१.२ वर्तमान अवस्था ........ १०५
६.१.३ उद्देश्य ........ १०६
६.१.४ रणनीतिहरू ........ १०६
६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ १०६
६.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १०७

६.२ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........................................................१०८
६.२.१ परिचय........................................................................................................................१०८
६.२.२ वर्तमान अवस्था.........................................................................................................१०८
६.२.३ उद्देश्य........................................................................................................................१०९
६.२.४ रणनीतिहरू ..................................................................................................................१०९
६.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य........................................................११०
६.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..........................................................१११
६.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध................................................................१११
६.३.१ वर्तमान अवस्था ..........................................................................................................११२
६.३.२ उद्देश्य........................................................................................................................११४
६.३.३ रणनीतिहरू ..................................................................................................................११४
६.३.४ प्रमुख उपलब्धि तथा नतिजा.......................................................................................११४
६.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..........................................................११५

परिच्छेद ७........................................................................................................................११६
लगानी र स्रोत व्यवस्थापन..............................................................................................११६
७.१.१ परिचय........................................................................................................................११६
७.१.२ वर्तमान अवस्था.........................................................................................................११६
७.१.३ उद्देश्य........................................................................................................................११७
७.१.४ रणनीति ........................................................................................................................११७
७.१.५ प्रमुख उपलब्धि...........................................................................................................११७
७.१.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया......................................................................१३०
७.२ योजना कार्यान्वयनका लागि बर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन.१३०

परिच्छेद ८........................................................................................................................१३०
अनुगमन तथा मूल्याङ्कन ..................................................................................................१३०
८.१.१ परिचय........................................................................................................................१३०
८.१.२ वर्तमान अवस्था.........................................................................................................१३१
८.१.३ उद्देश्य........................................................................................................................१३२
८.१.४ रणनीतिहरू ..................................................................................................................१३२
८.१.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य..............................................१३२
८.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य................................................................१३३

अनुसूचीहरु ......................................................................................................................१३३
अनुसुची १ :सन्दर्भ सामग्रीहरू ........................................................................................१३३
अनुसुची २: पालिका भित्रका विद्यालयको विवरण २०८१.................................................१३४
अनुसुची ३: पालिका भित्रका विद्यालयमा कार्यरत शिक्षक विवरण २०८१.........................१३६
अनुसुची ४: शिक्षा शाखाको जनशक्ति विवरण...............................................................१३७
अनुसूची ५: शैक्षिक योजना निर्माणका लागि समूहगत प्रश्नावली नमूना.........................१३७
अनुसूची ६ लेखन कार्यदल (शिक्षा समितिको निर्णय).................................................... १३८
अनुसूची ७ मर्चवारी गाउँपालिकाको नक्सा .......................................................................१४०

## विषय प्रवेश

वर्तमान नेपालको संविधान अनुसार राज्यको पुनर्संरचना भई एकात्मक राज्य व्यवस्थाबाट संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा परिवर्तन भएको छ । जसअनुसार हाल देशमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हकसमेतको व्यवस्था गरेकोछ । राज्यको आर्थिक, समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहनेमा दुई मत छैन । संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यस सम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा लगायत बालबालिकाहरूको हक र अधिकारलाई थप प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ । शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५वर्षे दिगो विकास लक्ष्य, १६औ आवधिक योजनाका लक्ष्यहरू र कोभिड-१९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे ( सन् २०२२ देखि २०३२ सम्म) विद्यालय शिक्षा क्षेत्रको योजना अगाडि बढाएको छ । सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरा गर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रूपमा भूमिका खेल्ने अपेक्षा त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भए पश्चात् आधारभुत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता अनुरूप छ । समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरा गर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रूपमा भूमिका खेल्ने अपेक्षा गरी मर्चवारी गाउँपालिकाले समेत स्थानीय तहमा आधारित रहेर यो शिक्षा क्षेत्रको योजना निर्माण गरेको छ ।

### शिक्षा योजना निर्माणको आवश्यकता

देशमा संघीयता आइसकेपछि तीन ओटै तहको सरकारको कार्य विभाजन पश्चात निर्माण गरिएका ऐन नियम मध्ये स्थानीय सरकार सञ्चालन ऐन २०७४ जुन नेपालको संविधान २०७२ को अनुसूची ८ मा उल्लेख भए अनुसार उल्लेखित ऐनको दफा ११(ज) अनुसारका आधारभूत र माध्यमिक तहका लागि तय गरिएका २३ ओटा अधिकार कार्यान्वयनको सुनिश्चितता गर्न शिक्षा, विज्ञान, प्रविधि र सँस्कृतिलाई समायोजन गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकतालाई पूरा गर्ने जनशक्ति निर्माणको आधारशीला तयार गर्न योजना निर्माणको आवश्यकता रहेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६, निःशुल्क तथा अनिवार्य शिक्षा ऐन तथा नियमावली, सोह्रौं पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्यले तय गरेका नीति, कार्यक्रमलाई आधार मान्दै शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्थानीय सरकारकोलागि मार्ग निर्देश गरेको शिक्षा योजना निर्माणको खाका अनुरुपका विषयवस्तुहरु समावेश गरी १० वर्षीय शिक्षा योजनाको माध्यमबाट शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि भइरहेका पहलकदमीहरुमा उर्जा दिँदै योजनाबद्ध ढङ्गले अगाडी बढ्नका लागि योजनाको आवश्यकता महसुस गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन दफा २४(१) अनुसार स्थानीय तहले पनि शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था बमोजिम शिक्षा तथा मानव स्रोत विकास केन्द्रले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan-SESP) २०७९ को परिमार्जित संस्करण २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको परिप्रेक्ष्यमा उक्त योजनाले तय गरेका उद्देश्य र रणनीतिहरूलाई आधार मान्दै शिक्षामा विविधता, समता, समावेशिता र पहुँचमा अभिवृद्धि गर्न गुणस्तरीय शिक्षाको सुनिश्चितता कायम गरी शिक्षा क्षेत्रलाई आधुनिकीकरणको गतिमा अगाडी बढाउन शिक्षा योजना निर्माणको आवश्यकता महसुस गरिएको छ।

**स्थानीय तहमा योजना निर्माणको औचित्य**

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न।
२. सघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,
४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
५. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्‍याउन,
६. बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चितता, विद्यालयमा अर्थपूर्ण सहभागिताका लागि वञ्चित समूह, समुदायका बालबालिकाहरूलाई शिक्षाको पहुँच सम्बोधन गर्न र
७. लैङ्गिक असमानता, अपाङ्गता, भाषा, जातीयता, कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षामा अर्थपूर्ण सहभागिता र सिकाइमा सुधार ल्याउन

**शिक्षा योजना निर्माणका आधार**

यस मर्चवारी गाउँपालिकाको स्थानीय तह शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ। यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ।

१. नेपालको संविधान
२. सोह्रौं आवधिक योजना
३. स्थानीय सरकार सञ्चालन ऐन २०७४
४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
५. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
६. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan)
७. शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
८. विद्यालय शिक्षामा समता रणनीति
९. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

१०.स्थानीय तथा प्रदेशको तहको आवधिक योजना

११.स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

१२.स्थानीय तहको मध्यमकालिन खर्च संरचना

१३.राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

१४.विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

१५.मर्चवारी शिक्षा ऐन, नियमावली

**शिक्षा योजना निर्माण प्रक्रिया**

मिति २०८१ भाद्र ३० गतेको शिक्षा समितिको बैठकबाट स्थानीय शिक्षा योजना बनाउने निर्णय भई सुरुवात गरी गाउँपालिका क्षेत्रभित्र योजनाको सुरुवातमा प्रत्येक विद्यालयका अभिभावक, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवी लगायतका शिक्षासरोकारसँगको प्रत्यक्ष सहभागितामा छलफल गरिएको छ । यस मर्चवारी गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माण गर्दा मर्चवारी गाउँपालिकाले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानी विभिन्न योजना बिचको अन्तर सम्बन्ध कायम हुने गरी योजना तर्जुमा गरिएकोछ । यसका लागि स्थानीय तहअन्तर्गतका विभिन्न विभाग/ शाखाहरूसँग आवश्यकता अनुसार समन्वय गरिएको छ । शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरणलाई मध्यनजर गरिएको छ । मर्चवारी गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माणका लागि सरोकारवालासँग छलफल गरी आ.व.२०८१/०८२ मा गाउँ सभाबाट २ लाख बजेट विनियोजन गरिएको थियो । गाउँ शिक्षा योजना निर्माणमा संलग्न विभिन्न समितिहरुको विवरण देहाय अनुसार रहेको छः-

१. गाँउ शिक्षा समितिको बैठक
२. ७ जनाको निर्माण समितिको गठन
३. स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण
४. गाउँ र टोल तथा वडास्तरमा विभिन्न सरोकारवाला वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित सङ्घ सस्थालगायत विभिन्न सरकारी र गैरसरकारी सङ्घसंस्था आदि सँग भेला छलफल गरी सुझाव सङ्कलन
५. स्थानीय तह तथा विद्यालय स्तरीय छलफल
६. योजनाको मस्यौदा तयारी र मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण
७. योजनाको अन्तिमीकरण
८. बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन
९. स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

**योजनाको लेखाजोखा**

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि शिक्षा योजना विश्वनीय, वस्तुनिष्ठ,दिगो र लगानी योग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छ जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । निर्माण भएको योजनाको लेखाजोखा कार्यलाई मर्चवारी गाउँपालिकाले आन्तरिक र बह्य विभिन्न विषय

क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी तोकिएका आधारमा योजनाको लेखाजोखा गरिएको छ । लेखाजेखा गर्दा तपसील बमोजिमको पक्षलाइ हेरिएको छ ।

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता (Leadership and participation) | शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको मूल नेतृत्त्व रहेको छ<br>शिक्षा योजना निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको अर्थपूर्ण सहभागिता रहेको छ ।<br>शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी रहेको छ। |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्बोधन गर्नका लागि पर्याप्त तथा सान्दर्भिक छन् । |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धिसम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ । |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य (Coherence) | शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तर्सम्बन्ध कायम भएको छ ।<br>शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ।<br>राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य, र लक्ष्यअनुरूप योजना बनाइएको छ ।<br>शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तर्सम्बन्ध कायम भएको छ । |
| ५ | सम्भाव्यता र कार्यान्वियनयोग्यता तथा सान्दर्भिकता | योजनामा भएका विषयहको अन्य पक्षसँग तादात्म्य कायम छ ।<br>योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वियन गर्न सकिने व्यावहारिक र सान्दर्भिक छन् ।अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् ।<br>योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडीएका वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ।<br>योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई सम्बोधन गरेको छ । |
| ६ | स्रोतको प्रबन्ध | शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ । |

| | | |
|---|---|---|
| | | लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ।<br>योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ।<br>स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ। |
| ७ | संस्थागत क्षमता | योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ।<br>कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ। |
| ८ | कार्यान्वयनमा तत्परता | योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ।<br>योजनाको कार्यान्वयनका लागि बार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ।<br>योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ। |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ।<br>तथ्याङ्क तथा सूचनाबिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ। |
| १० | अनुगमन र प्रतिवेदन | अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ<br>आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिए छ कि छैन ?<br>अनुगमन सूचकको प्रयोग गरिएको छ।<br>प्रतिवेदन प्रणाली यकिन गरिएको छ। |

**योजनाको दस्तावेजको स्वरुप:**

स्थानीय तहले यस योजनाको स्वरूपलाई तपशील बमोजिमको ढाँचामा आधारित भई तयार गरिएको छ अनुसूचीमा योजनासँग सम्बन्धित ढाँचा प्रस्तुत गरिएको छ।

परिच्छेदको हिसाबले परिच्छेद १ वर्तमान अवस्थाको बिश्लेषण, परिच्छेदमा २ मा शिक्षा योजनाको दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि, मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण बारेमा समेटिएको छ भने परिच्छेद ३ मा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र समेटिएको छ भने परिच्छेद ४ मा अन्तरसम्बन्धित विषय तथा क्षेत्र बारेमा उल्लेख गरिएको छ त्यसैगरी परिच्छेद ५ मा अन्य उपक्षेत्रका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद ६ मा, सुशासन तथा व्यवस्थापन, परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन र परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन गरिएको छ।

### १.१ परिचय

नेपालको संविधानले शिक्षा सम्बन्धि पहुँचको हक हुने र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । त्यसैगरी अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक संविधानले प्रदान गरेको छ । त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत समेत गरेको छ । दिगो विकास को लक्ष्य नं ४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धि २३ वटा अधिकारहरू प्रदान गरिएको छ । अनिवार्य तथा निःशुल्क  आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यस मर्चवारी गाउपालिकाले पनि शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवं शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र  समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका  ठहर गरी दश बर्षे शिक्षा योजना कार्यान्वयनमा ल्याएको छ ।

सोह्रौं पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) ले स्वस्थ, शिक्षित र सिपयुक्त मानव पुँजी निर्माण गर्ने लक्ष्य राखेको छ । सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास का १७ वटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यसअन्तर्गतको चौथो लक्ष्यले सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने उद्देश्यसँग सम्बन्धित सातवटा लक्ष्यहरू निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनवटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ।

नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको अवस्थामा यस मर्चवारी गाउँपालिकाको दश बर्षिय शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा थप सहयोगी भूमिका निर्वाह गर्नेछ । शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ । संघीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ भने लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु–व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामूलक शिक्षा सबै नागरिकलाई प्रदान गरि **सम्वृद्ध नेपाल, सुखि नेपाली**को नारालाई साकार पार्न मर्चवारी गाउपालिकाले शिक्षा योजना २०८१/८२ देखि २०९०/९१  तयार गरेको छ ।

### १.२ वर्तमान अवस्था

राष्ट्रिय तथा स्थानीय शैक्षिक आवश्यकता अनुसारको शिक्षा सञ्चालन तथा व्यवस्थापनका लागि मर्चवारी गाउँपालिकाले शिक्षालाई व्यवस्थित गर्ने योजना बनाएको छ । यसका लागि शिक्षालाई व्यक्तिगत सामाजिक तथा रष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश अनुकूल बनाउने लक्ष्य लिएको छ । यस क्रममा शिक्षाको दीर्घकालीन योजना तयार गरी यसैका आधारमा शिक्षाको योजना तथा कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गर्ने लक्ष्यका साथ योजनावद्ध विकासको थालनी गरेको छ ।  योजना हिजोको अनुभवबाट, आजको आवश्यकता

पूरा गर्न र भोलि कहाँ पुग्ने भनेर आफ्नो आवश्यकता, क्षमता, दक्षतामा आधारित भए देखिएको सपना हो । समाजको भौगोलिक, सामाजिक र आर्थिक पक्षको अवस्थाले योजनाको आवश्यकता, औचित्य, सान्दर्भिकता योजना मार्फत के प्राप्त गर्न खोजेको हो त्यो कुराको आधार तय गर्नै भएकोले यस परिच्छेदमा गाउँपालिकाको भौगोलिक, सामाजिक र आर्थिक अवस्था र शैक्षिक अवस्थाको बारेमा बिश्लेषण गरी शिक्षा आवस्यकता, चुनौति बिश्लेषण गरिएको छ । यस पालिकाको भौगोलिक, सामाजिक सांस्कृतिक तथा आर्थिक पक्ष  तपशील बमोजिम रहेको छ ।

**मर्चवारी गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि**

मर्चवारीमाई देवी मन्दिर मर्चवारी गाउँपालिकाको वडा नं. ५ (साविक सिलौटिया गा.वि.स.) मा पर्दछ । यो धेरै पुरानो प्राचीन समयको मन्दिर हो । स्थानीय बासिन्दाका अनुसार यो मन्दिर बुद्धकालीन समय भन्दा पहिलेको हुनुपर्छ भन्ने भनाइ पाइन्छ । हाटीबनगाई सेमरा मर्चवार सडकखण्डको तुनिहवादेखि पूर्व हर्दीचौकबाट २ किलोमिटर दक्षिण सडकको साइडमा अवस्थित यस मन्दिरको पश्चिममा ठूलो करीब १० कठ्ठा क्षेत्रफलको पोखरी छ भने पूर्वमा सुन्दर बगैचा रहेको छ । मन्दिर परिसरमा रहेको अभिलेख अनुसार क्रमशः अम्रदास जी, परवाहेदास जी, मर्चहेदास जी, प्रमेश्वरदास जी, ब्रह्मदास जी, बदलुदास जी, गितादास जी, सितारामदास जी र हाल शम्भसरण दास जी यस मन्दिरका पुजारी हुनुहुन्छ । प्राचीन समयदेखि नै यहाँ मर्चवारी देवीको मन्दिर थियो । यो मन्दिरलाई स्थानीय मानिसले शक्तिको श्रोतका रुपमा मान्दै आएको पाइन्छ । यसलाई मर्चवार क्षेत्रकै सबै भन्दा पुरानो मन्दिर पनि मानिन्छ । यसै मन्दिरको नामबाट रुपन्देही जिल्लाको प्रख्यात क्षेत्र मर्चवारको नाम रहेको हो भन्ने स्थानीय बासिन्दाको भनाइ रहेको छ । २०७३ साल चैत २७ गते राज्यको पुर्नसंरचनासँगै नेपालको संविधान २०७२ को धारा २९५को उपधारा ९३० बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संक्षिप्त वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ गते पेश गरेको प्रतिवेदन अनुसार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३ फाल्गुन २० गते पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३ फाल्गुन २२ गते देहाय बमोजिम साविकका ४ वटा गाउँ विकास समितिहरु (सिलौटिया, रायपुर, सेमरा र बगौली) लाई मिलाएर मर्चवारी गाउंपालिका स्थापना गरिएको हो ।

**क) भौगोलिक अवस्थितिको विश्लेषण** :

रुपन्देही जिल्लाका १६ स्थानीय तहहरुमध्ये मर्चवारी गाउँपालिका एक हो । यो गाउँपालिका जिल्ला सदरमुकाम भैरहवादेखि करिब २५ कि.मि. दक्षिणमा पर्दछ । वि.सं. २०४६ पछिको राजनीतिक परिवर्तन पछि बनेका साविक सेमरा, रायपुर, सिलौटिया र बगौली गाविसलाई गाँसेर बनाइएको मर्चवारी गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लाका १० गाउँपालिका मध्ये एक हो । खुल्ला दिसा मुक्त र पूर्ण खोपयुक्त यस गाउँपालिकाको चारैतिर खेतीयोग्य जमीन रहेको छ । पूर्व पश्चिम हुलाकी सडक अन्तर्गत भैरहवा लुम्बिनी खण्डको बनगाईदेखि करीब २० किलोमिटर दक्षिण, २७.३७०२१८ पूर्वी देशान्तर र ८३.३२९९७८ उत्तर अक्षांशसम्म अवस्थित यो गाउँपालिका समुन्द्र सतहदेखि करिब ९२.१ मिटरको उचाइमा छ । ५८.२६ वर्ग किलोमिटर (श्रोतः संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय) क्षेत्रफल भएको यो गाउँपालिका रुपन्देही जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं ४ मा पर्दछ । उत्तरमा कोटहीमाई, पश्चिममा सम्मरीमाई गाउँपालिका, पूर्व र दक्षिणमा भारतको उत्तर प्रदेश सिमाना भित्र उत्तर पूर्वबाट दक्षिण पश्चिम हुँदै बग्ने डण्डाखोला, उत्तरदक्षिण बग्ने गैडहवा र हगनी नालासँगै प्राकृतिक, भौगोलिक, साँस्कृतिक मनोरमताले यो गाउँपालिका सिंगारिएको छ । यो गाउँपालिका जिल्ला सदरमुकामबाट करिब ४ घण्टाको पैदल दुरीमा वा १ घण्टाको बस यात्रामा पुग्न सकिन्छ ।

जिल्लाको कुल १३६० वर्ग कि.मी. क्षेत्रफलमध्ये यस गाउँपालिकाले करीब ५८.२६ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ । यहाँको भू–बनोटलाई हेर्दा तराईको भू–भाग भएकोले सम्म परेको फाँटले ढाकेको छ । मर्चवारी गाउंपालिका रुपन्देही जिल्लाको कम विकसित गाउँपालिकाहरु मध्ये एक हो । यसको भु–बनोट समथर एकै खालको छ । समतल भूभाग र उर्वर मलिलो माटोका कारण प्रशस्त कृषि

उत्पादन हुने सम्भावना भएता पनि १२ महिना पानीको श्रोत नभइ आकाशे पानीको भर पर्नुपर्ने अवस्था र आज भोलि घर घडेरी, मोटरबाटो निर्माण, कृषिमा मानिसको कम प्राथमिकता आदि कारणले उत्पादन दिन प्रतिदिन घट्दै जानुका साथसाथै वातावरणमा प्रतिकूल असर समेत परेको छ। यहाँ मौसम अनुसारका खेती बाह्रै महिना गर्न सकिन्छ। मुख्य बाली धान, गहुँ, मकै, मास, मसुरो, रहर, आलस, तोरी, बदाम, आलु आदि हुन। आजभोलि व्यावसायिक रुपमा बेमौसमी तरकारी खेती, च्याउ खेती, पशुपालन, हाँस, बाख्रा, कुखुरापालन गरिदै आएको छ। उत्पादित खद्यान्न तथा तरकारी नजिकैका स्थानीय हाटबजारहरु (सिलौटियाको ओडवलिया, सिलौटियाको फुलवरिया, रायपुर, सिसौंसेमरा, रायपुरको अमवा आदि), भैरहवा र बुटवलमा बेचबिखन गरिन्छ। यस जिल्लामा उष्ण प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन। चैत्रदेखि भाद्र महिनासम्म गर्मी हुन्छ। आश्विन, कार्तिक, मंसिर र फाल्गुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने पौष र माघ महिनामा निकै जाडो हुन्छ। जेष्ठको अन्त्यदेखि भाद्रसम्म मनसुनी वायुका कारण प्रशस्त बर्षा हुने गर्छ।

**ख) जनसाङ्ख्यिक संरचनाको विश्लेषण**

राष्ट्रिय जनगणना २०७८ का अनुसार यस गाउँपालिकामा यादव, लोध, कुर्मी, बरई, कलवार, हरिजन, गुप्ता, बनिया, मुसलमान, मौर्य, ब्राहमण लगायतका जातजाति साथसाथै विभिन्न धर्म र संस्कृतिका ६,९२१ घर छन् जसमा महिला २०,३८१ र पुरुष २०,४९९ गरी जम्मा ४०,८८० जनसंख्या रहेको छ। यस्तै यहाँको लिङ्गको अनुपात प्रति १०० महिलामा १००.५८ पुरुष र पुरुष साक्षरता दर ७९.२०% र महिला साक्षरता दर ५८.१०% रहेको छ।

**तालिका नं १.१.१.१**

**गाउँपालिकाको कुल जनसंख्या**

| क्र स | लिङ्ग | कुल जनसंख्या २०७८ | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | २०३८१ | ४९.८६ |
| २ | पुरुष | २०४९९ | ५०.१४ |
| ३ | जम्मा | ४०८८० | १०० |

**तालिका नं १.१.१.२**

**जनसङ्ख्याको विवरण**

| **विवरण** | **वि.सं. २०७८** |
|---|---|
| जम्मा जनसङ्ख्या | ४०८८० |
| पुरुष | ५०.१४ प्रतिशत |
| महिला | ४९.८६ प्रतिशत |
| लैङ्गिक दर (प्रति १०० महिलामा पुरुषको संङ्ख्या) | **१००५८.** |
| जम्मा घरधुरी | ६९२१ |
| औषत परिवार आकार | ६५. |
| जनघनत्व | ८४२ |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर (प्रतिशतमा) | ६८.७ |

**तालिका नं. १.१.१.३**

**वडागत जनसङ्ख्या र परिवार सङ्ख्या विवरण**

| २०७८ सालको विवरण | | | | | |
|---|---|---|---|---|---|
| वडा नं | पुरुष | महिला | जम्मा | प्रतिशत | घरधुरी |
| १ | ३८१९ | ३७८० | ७५९९ | १९ | १२६४ |
| २ | २६३६ | २६७० | ५३०६ | १३ | ८८५ |
| ३ | ३७७९ | ३७०३ | ७४८२ | १८ | १२६८ |
| ४ | २४६४ | २४४४ | ४९०८ | १२ | ८४१ |
| ५ | २३४० | २३१४ | ४६५४ | ११ | ८०० |
| ६ | ३५४७ | ३४०९ | ६९५६ | १७ | ११५३ |
| ७ | १९१४ | २०६१ | ३९७५ | १० | ७१० |
| जम्मा | **२०४९९** | **२०३८१** | **४०८८०** | **१००** | **६९२१** |

*स्रोत : राष्ट्रिया जनगणना २०७८*

**तालिका नं. १.१.१.४**

**उमेर समुह अनुसारको जनसङ्ख्या विवरण**

| उमेर समुह | २०७८ सालको विवरण | | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | पुरुष | महिला | अन्य | जम्मा | |
| ९५ वर्ष र सो भन्दा माथि | १८ | २१ | ० | ३९ | ०.१० |
| ९०-९४ वर्ष सम्म | २७ | १७ | ० | ४४ | ०.११ |
| ८५-८९ वर्ष सम्म | ४३ | ३८ | ० | ८१ | ०.२० |
| ८०-८४ वर्ष सम्म | ९२ | ८८ | ० | १८० | ०.४४ |
| ७५-७९ वर्ष सम्म | २१३ | १४६ | ० | ३५९ | ०.८८ |
| ७०-७४ वर्ष सम्म | ४५८ | ४१० | ० | ८६८ | २.१२ |
| ६५-६९ वर्ष सम्म | ६०८ | ५६५ | ० | ११७३ | २.८७ |
| ६०-६४ वर्ष सम्म | ५८५ | ५४१ | ० | ११२६ | २.७५ |
| ५५-५९ वर्ष सम्म | ६१२ | ५८२ | ० | ११९४ | २.९२ |
| ५०-५४ वर्ष सम्म | ७५० | ७३४ | ० | १४८४ | ३.६३ |
| ४५-४९ वर्ष सम्म | ९०० | ८१६ | ० | १७१६ | ४.२० |
| ४०-४४ वर्ष सम्म | १०५९ | १०९७ | ० | २१५६ | ५.२७ |
| ३५-३९ वर्ष सम्म | १३५४ | १४६१ | ० | २८१५ | ६.८९ |
| ३०-३४ वर्ष सम्म | १२९० | १५१२ | ० | २८०२ | ६.८५ |
| २५-२९ वर्ष सम्म | १५९९ | १७१५ | ० | ३३१४ | ८.११ |
| २०-२४ वर्ष सम्म | १८२३ | १७२६ | ० | ३५४९ | ८.६८ |
| १५-१९ वर्ष सम्म | २३९० | २३१५ | ० | ४७०५ | ११.५१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०-१४ वर्ष सम्म | २४६२ | २३८५ | ० | ४८४७ | ११.८६ |
| ५-९ वर्ष सम्म | २३११ | २२८८ | ० | ४५९९ | ११.२५ |
| ५ वर्ष भन्दा मूनि | १९०५ | १९२४ | ० | ३८२९ | ९.३७ |
| जम्मा | २४४९९ | २०३८१ | 0 | ४०८८० | १००.०० |

स्रोत : राष्ट्रिय जनगणना २०७८

**तालिका नं. १.१.१.५**

**अपाङ्गताको प्रकार अनुसार जनसङ्ख्या**

| अपाङ्गताको प्रकार | पुरुष | महिला | कुल | प्रतिशत |
|---|---|---|---|---|
| शारीरिक अपाङ्गता | ९८ | ६१ | १५९ | ३८.५९ |
| न्यून दृष्टियुक्त | ३९ | ५१ | ९० | २१.८४ |
| दृष्टिविहीन | १८ | १४ | ३२ | ७.७७ |
| बहिरोपन | ६ | १२ | १८ | ४.३७ |
| मनोसामाजिक अपाङ्गता | १३ | १७ | ३० | ७.२८ |
| न्यून श्रवणशक्ति | ११ | १२ | २३ | ५.५८ |
| बहिरोपन एवं दृष्टिविहीन | ४ | ३ | ७ | १.७ |
| मानसिक वा मनोसामाजिक | ८ | ७ | १५ | ३.६४ |
| बौद्धिक अपाङ्गता | ७ | ५ | १२ | २.९१ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | १ | २ | ३ | ०.७३ |
| अटिज्म् | २ | १ | ३ | ०.७३ |
| बहुअपाङ्गता | ९ | ११ | २० | ४.८५ |
| जम्मा | २१६ | १९६ | ४१२ | १०० |

**ग ) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण:**

यस गाउँपालिकाको **सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण गर्दा** जातिगत रुपमा विशेषगरी यादव, बरई, मल्लाह, लोध, केवट, तेली, गुप्ता, लोनिया, हरिजन, मौर्य, कुर्मी, पाल, बनिया, मुसलमान, ब्राहमण लगायतका विभिन्न बासिन्दाहरुको बसोबास रहेको छ। यस गाउँपालिकामा दशै, तिहार, जनैपूर्णिमा, छठ, होली, बुद्धजयन्ती, मोर्हरम, ईद लगायतका विभिन्न चाडपर्व मनाइन्छ। मठमन्दिर, मस्जिद, विभिन्न धार्मिक स्थल, भजनकृतन, आदि यहाँका मौलिक साँस्कृतिक हुन्। गुजमुज्ज परेका बस्ती र विभिन्न भाषा गाउँपालिकाका महत्वपूर्ण र ऐतिहासिक पक्ष हुन्। यहाँका बासिन्दाहरू भोजपुरी भाषानै बढी प्रयोग गर्ने गदर्छन्। यहाँका बासिन्दाहरु अत्यन्तै मिलनसार, सोझा र विकासप्रेमीको रुपमा परिचित छन्। पञ्चायतकालदेखि नै यहाँको विकासमा थुप्रै व्यक्तित्वहरुको योगदान रहेको छ। २०१६ सालदेखि नै विद्यालयहरुको स्थापना गर्ने, मर्चवार लिफ्ट सिंचाई सुविधा थप गर्ने, यातायात लगायतका विभिन्न विकास निमार्णका कार्यमा स्थानीय जनताको प्रत्यक्ष योगदान रहेको छ। यस क्षेत्रले २०४६ सालको परिवर्तन पश्चयचात राजनीतिक चेतनामा निकै फड्को मारेको विभिन्न समयमा भएका आवधिक निर्वाचन र तिनको परिणामबाट थाहा पाउन सकिन्छ।

यस गाउँपालिकामा रहेको मचवारीमाईको मन्दिरमा हरेक सोमबार र पूर्णिमामा यहाँ मानिस पूजापाठकालागि भिड लगाउने गर्दछन्। दैनिक पूजा पाठ, बच्चाको मूण्डन, नयाँ गाडीको पूजा, छोरा जन्मियोस् भन्ने कामना, विवाहकालागि केटाकेटी देखाउने लगायत विभिन्न शुभ कार्यका लागि दैनिक मानिस यहाँ आउने परम्परा छ। आज भोलि पिकनिककालागि मानिस आउने क्रम पनि बढ्दो छ। इच्छा वा कामना पुरा भएपछि थानको वरिपरिको उपयुक्त ठाउँमा हात्तीको मूर्ति बनाइने हुर्दा झट्ट हेर्दा हात्ती जंगलमा जम्मा भएर बसे

जस्तै देखिन्छ । यहाँ विशेष गरेर हरेक कार्तिके पूर्णीमा (पूर्णमासी), चैते दशौंको रामनवमी, मंसिरको विवाह पञ्चमी र दशहरामा मेला लाग्छ । सोही दिनहरुमा सरस्वतीको पाठ लगाउने, हरिकृतन गाउने, कथा भन्ने, २४ घण्टा रामायण, अखण्ड हरिकिर्तन कार्यक्रम आयोजन गरिन्छ । यहाँ मेलामा विशेष गरी मर्चवार क्षेत्रका मानिस जम्मा हुन्छन् भने बुटवल, भैरहवा, लुम्बिनी, परासी, तौलिहवा, भारतको गोरखपुर, सिद्धार्थनगर, महाराजगञ्जबाट समेत मानिस आउने गर्दछन् ।

**तालिका नं १.१.१.६**

**धर्मका आधारमा जनसङ्ख्या**

| क्र.स. | धर्म | पुरुष | महिला | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हिन्दु | १९१६६ | १८९४५ | ३८१११ | ९३.२३ | |
| २ | मुस्लिम | १३१७ | १४२१ | २७३८ | ६.७० | |
| ३ | क्रिश्चियन | १६ | १४ | ३० | ०.०७ | |
| ४ | बौद्ध | ० | १ | १ | ०.०० | |
| | **जम्मा** | **२०४९९** | **२०३८१** | **४०८८०** | **१००** | |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

**तालिका नं १.१. १.७**

**जातिगत आधारमा जनसङ्ख्या विवरण (२०७८)**

| क्र.स. | जातजातीको विवरण | पुरुष | महिला | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | यादव | ४०५२ | ३९६६ | ८०१८ | १९.६१ | |
| २ | कुर्मी | २७३९ | २६७६ | ५४१५ | १३.२५ | |
| ३ | केवट | २१३९ | २०७८ | ४२१७ | १०.३२ | |
| ४ | चमार/हरिजन/राम | १७१५ | १७४३ | ३४५८ | ८.४६ | |
| ५ | कोइरी/कुशवाहा | १२१९ | ११९९ | २४१८ | ५.९१ | |
| ६ | मुस्लिम | ११५४ | १२३८ | २३९२ | ५.८५ | |
| ७ | कहार | ८४० | ८६४ | १७०४ | ४.१७ | |
| ८ | दुसाध/पासावन/पासी | ७७५ | ७५८ | १५३३ | ३.७५ | |
| ९ | बरई | ६६८ | ६३६ | १३०४ | ३.१९ | |
| १० | धोबी | ६३३ | ६१६ | १२४९ | ३.०६ | |
| ११ | गडेरिया/भेडियार | ४५८ | ४५२ | ९१० | २.२३ | |
| १२ | तेली | ४२२ | ४३० | ८५२ | २.०८ | |
| १३ | कुम्हार/कोहार | ३८२ | ४०३ | ७८५ | १.९२ | |
| १४ | ब्रह्मण – तराई | ३८८ | ३६० | ७४८ | १.८३ | |
| १५ | राजभर | ३७० | ३७० | ७४० | १.८१ | |

| क्र.स. | जातजातीको विवरण | पुरुष | महिला | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १६ | लोहार | ३३० | ३११ | ६४१ | १.५७ | |
| १७ | कलवार | ३३० | ३०५ | ६३५ | १.५५ | |
| १८ | हजाम/ठाकुर | ३०० | २७८ | ५७८ | १.४१ | |
| १९ | नुनिया | २०८ | २०४ | ४१२ | १.०१ | |
| २० | थारु | १६९ | २१२ | ३८१ | ०.९३ | |
| २१ | मल्लाह | १६५ | १५४ | ३१९ | ०.७८ | |
| २२ | धुनिया | १३९ | १३० | २६९ | ०.६६ | |
| २३ | बढई/बढे | ९६ | ९६ | १९२ | ०.४७ | |
| २४ | लोध | ९० | १०१ | १९१ | ०.४७ | |
| २५ | बनिया | ९१ | ९७ | १८८ | ०.४६ | |
| २६ | ढाढी | ७९ | ८९ | १६८ | ०.४१ | |
| २७ | खटिक | ७७ | ८० | १५७ | ०.३८ | |
| २८ | कथाबनिया | ६१ | ५७ | ११८ | ०.२९ | |
| २९ | राजपूत | ४६ | ४४ | ९० | ०.२२ | |
| ३० | विदेशी | १३ | ७२ | ८५ | ०.२१ | |
| ३१ | धनकार/धरिकार | ३८ | ४१ | ७९ | ०.१९ | |
| ३२ | विश्वकर्मा | ३० | ३९ | ६९ | ०.१७ | |
| ३३ | कायस्थ | ३६ | ३३ | ६९ | ०.१७ | |
| ३४ | बेलदार | ३१ | ३४ | ६५ | ०.१६ | |
| ३५ | माझी | ३० | ३१ | ६१ | ०.१५ | |
| ३६ | ठकुरी | २५ | २८ | ५३ | ०.१३ | |
| ३७ | क्षेत्री | २७ | २० | ४७ | ०.११ | |
| ३८ | मगर | २२ | १८ | ४० | ०.१० | |
| ३९ | सन्यासी/दशनामी | २२ | १८ | ४० | ०.१० | |
| ४० | कुमाल | २२ | १७ | ३९ | ०.१० | |
| ४१ | माली | १० | १४ | २४ | ०.०६ | |
| ४२ | गौड | १० | १० | २० | ०.०५ | |
| ४३ | कानु | ७ | ११ | १८ | ०.०४ | |
| ४४ | नटुवा | ७ | ७ | १४ | ०.०३ | |
| ४५ | भूमिहार | ४०५२ | ३९६६ | ८०१८ | ०.०३ | |
| ४६ | ब्रह्मण – पहाड | २७३९ | २६७६ | ५४१५ | ०.०३ | |
| ४७ | राजबन्सी | २१३९ | २०७८ | ४२१७ | ०.०३ | |
| ४८ | अन्य | १७१५ | १७४३ | ३४५८ | ०.०९ | |

| क्र.स. | जातजातीको विवरण | पुरुष | महिला | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| | जम्मा | १२१९ | ११९९ | २४१८ | १००.०० | |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

**तालिका नं १.१.१.८**

**मातृभाषाको आधारमा जनसंख्या विवरण**

| क्र.स. | मातृभाषा | पुरुष | महिला | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नेपाली | ७८ | ७४ | १५२ | ०.३७ | |
| २ | भोजपुरी | १९९४४ | १९७५९ | ३९७०३ | ९७.१२ | |
| ३ | अवधि | ४६० | ५३६ | ९९६ | २.४४ | |
| ४ | हिन्दी | ६ | ५ | ११ | ०.०३ | |
| ५ | अन्य | ११ | ७ | १८ | ०.०४ | |
| | जम्मा | २०४९९ | २०३८१ | ४०८८० | १०० | |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

**घ) आर्थिक अवस्थाको विश्लेषण: मुख्य व्यवसाय, पेसा, व्यापार, रोजगरीका क्षेत्र (कृषि, उद्योग, पर्यटन)**

गाउँपालिकाको आर्थिक अवस्थालाई विश्लेषण गर्दा यस पालिकामा गैर कृषि पेशामा संलग्न हुनेहरूको संख्या न्यून छ। यस गाउँपालिकाका वहुसंख्यक मानिसहरू कृषि पेशामा संलग्न रहेको तथ्याङ्कले देखाएको छ। कृषि अन्तर्गत अन्न तथा तरकारी बाली, नगदेबाली र पशुपालन आदि पर्दछन्। यहाँ उत्पादन हुने प्रमुख बालीमा धान, गहुँ, तरकारी खेती, केरा खेती आदि हुन्। गाउँपालिकाबासीको आम्दानीमा कृषिको योगदान सबैभन्दा बढी छ भने वैदेशिक रोजगारीको योगदान र मजदुरी, नोकरी पेन्सनको योगदान छ। गाउँपालिकावासीको औसत आयु नेपालीको सरदर आयु सरह नै देखिन्छ। यहाँको मुख्य आयश्रोतका रुपमा कृषि बाहेक अन्य क्षेत्रलाई स्विकार गर्न सकिदैन। कृषिलाई आधुनिकीकरण गर्नु र जनसमुदायलाई दक्ष जनशक्तिमा रुपान्तरण गर्नुले मात्र यहाँको आर्थिक अवस्थामा सुधारको सम्भावना प्रवल देखिन्छ। सम्पूर्ण बस्तीहरू कृषिमा नै आश्रीत रहदै आएकाले अन्य गाउँपालिकाको तुलनामा यहाँको आर्थिक अवस्था त्यति मजबुत नभएको कुरालाई स्वीकार गर्न सकिन्छ। पछिल्लो अवस्थामा आईपुग्दा युवाहरू वैदेशिक रोजगारीको अवसर खोज्ने र विदेशतिर पलायन थालेका छन यसकारणले गर्दा यहाँको आर्थिक अवस्थामा सामान्य सुधार आएतापनि सुदृढीकरणको प्रमुख उपायका रुपमा यसलाई ग्रहण गर्न सकिदैन। रोजगारीको हिसावले हेर्दा सबै विद्यालयहरूमा स्थानीय जनशक्तिको संलग्नता सम्पूर्ण रुपमा रहेको कुरालाई फरक ढङ्गले बुझ्न सकिदैन। निजामती सेवामा प्रवेश गर्नेहरूको संङ्ख्या एकदमै न्यून रहेको देखिन्छ। उद्योगहरूको इतिहास बनिसकेको छैन,भर्खरै मात्र केही साना तथा घरेलु उद्योगहरूको सुरुवात गरिएको छ। ती सुरु गरिएका उद्योगहरू पनि सानो (छोटो) पुँजीमा आधारित छन र ठूलो स्केलका उद्योगहरू सञ्चालनमा आउने सम्भावना धेरै रहेपनि सुरुवात भएको देखिदैन। गाउँपालिकावासीको औसत आयु नेपालीको सरदर आयु सरह नै देखिन्छ। यहाँका मानिसहरू रोजगारीकालागी भारत जानेहरू पनि धेरै छन्। गाउँपालिकाको केन्द्र र केही स्थानीय बाजारहरूमा संलग्न व्यापारीहरू बाहेक अन्य व्यापार व्यवसायमा संलग्न रहेको जनशक्ति नगन्य रुपमा रहेको पाइन्छ। आर्थिक गतिविधिमा परम्परागत काम, सानातिना पसल र भारतीय भूमिहरूमा खर्चिने समयको उपलब्धि बाहेक अन्य त्यस्ता नयाँ गतिविधिहरू पाउन सकिदैन सामान्य जीविकोपार्जनका

गतिविधिहरू बाहेक चुनौति मोल्नुपर्ने जोखिमपूर्ण कामहरूमा सक्रियता र सहभागिता त्यति साह्रो देखिदैन । गाउँपालिकाको स्तरबाट हेर्दा खोलाको बालुवाबाहेक अन्य आम्दानीका श्रोतहरू यहाँको भूगोलमा भेटिने अवस्थामा छैनन् ।

**१० वर्ष र सोभन्दा माथिका व्यक्तिको आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्या**




### ङ) शैक्षिक अवस्थाको विश्लेषणः

मर्चवारी गाउँपालिकामा पूर्व प्राथमिक देखि आधारभूत तह हुँदै माध्यमिक तह सम्मको शैक्षिक सेवाहरुको प्रवाह शिक्षण संस्थाहरुबाट भइरहेको छ । शिक्षाको अवस्था हेर्दा सन्तोषजनक रहेतापनि सामुदायिक र संस्थागत विद्यालयविचको गुणस्तर मात्रै नभएर सामुदायिक विद्यालयहरुमा समेत गुणस्तरमा विविधता देखिएको छ । यस गाउँपालिकाभित्र सञ्चालित जम्मा ३८ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । जसमध्ये १५ सामुदायिक विद्यालय,१५ संस्थागत विद्यालय र ०८ वटा परम्परागत धार्मिक बिद्यालय (मदरसा) गरी ३८ वटा सञ्चालनमा रहेका छन । सामुदायिक र मदरसा विद्यालयमा आधारित ३३ बालविकास केन्द्र सञ्चालनमा छन् । उच्च शिक्षा अन्तर्गत एउटा प्रस्तावित क्याम्पस, मर्चवारी–५,ओडवलियामा सञ्चालित छ । अनौपचारिक तथा निरन्तर शिक्षातर्फ ३ वटा सामुदायिक सिकाइ केन्द्र रहेको छ । सबै प्रकारका मदरसा सहित सामुदायिक विद्यालय र संस्थागत गरी प्रारम्भिकक बालविकास तथा शिक्षामा भर्ना भएका बालबालिकाको संख्या २३१४ रहेको जसमा सामुदायिक र मदरसामा गरी १००७ र संस्थागत १३०७ रहेका छन् । कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने कुल बालबालिकाहरूको सङ्ख्या १२०७१ रहेको छ । कक्षा १ देखि १२ कक्षासम्म अध्ययन गर्ने बालबालिकाहरू मध्ये सामुदायिक र मदरसामा विद्यालयमा ८४१० (७२.८४%) र संस्थागत बिद्यालयमा ३१३५ ( २५.९७ % ) बालबालिकाहरू अध्ययनरत छन् । IEMIS रिपोर्ट २०८० अनुसार प्रारम्भिक बालविकास र शिक्षातर्फ बालबालिकाको खुद भर्ना दर ४७.६ प्रतिशत रहेको छ जुन यसै सूचकमा राष्ट्रिय तथ्याङ्क भन्दा २३ प्रतिशतले कम छ । प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लाई कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ९७.०३ प्रतिशत रहेको छ । समग्रमा राष्ट्रियस्तरको तथ्याङ्क भन्दा करिब २०.४ प्रतिशतले बढी रहेको छ । यस पालिकामा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ मा खुद प्रवेश दर ९६.१ प्रतिशत रहेको छ । त्यसैगरी कक्षा १ को कुल प्रवेश दर १३३.४ प्रतिशत रहेको छ । कक्षा १–५मा खुद भर्ना दर ९५.१ प्रतिशत रहेको छ । यो भर्ना दर राष्ट्रिय स्तरको यसै तथ्याङ्कभन्दा ०.४ प्रतिशत मात्र कम हो । त्यसैगरी कक्षा १–८ मा कुल भर्ना दर १३१.५ र खुद भर्ना दर ९४.४ प्रतीशत रहेको छ । यो कक्षा १–८ को खुद भर्ना दर राष्ट्रिय स्तरको यसै तथ्याङ्कभन्दा ०.८ प्रतिशतले मात्र कमी छ । त्यस तथ्याङ्कलाई विश्लेषण गर्दा आधारभूत तहमा अझै पनि विद्यालय उमेरका केही प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेको देखिन्छ । कक्षा १ देखि ५ सम्म कक्षा छोड्ने दर ५.२ प्रतिशत रहेको छ भने कक्षा ६ देखि ८ सम्म कक्षा छोड्ने २.६ प्रतिशत रहेको छ । कक्षा १–५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क राष्ट्रिय स्तरमा ०.०६ रहेको छ भने यस गाउँपालिकामा ०.८४ रहेको छ जुन झन्डै लैङ्गिक समता शतप्रतिशतको हाराहारीमा छ । कक्षा १–८ को खुद भर्ना दर ९६.८ रहेको छ । त्यसै गरी माध्यमिक

तहको शिक्षाको विश्लेषण गर्दा कक्षा ९–१० मा अध्ययन गर्ने बालबालिकाहरूको खुद भर्ना दर ७६.३ प्रतिशत रहेको छ। अझै पनि कक्षा ९–१० मा १३– १४ बर्ष उमेर समूहका २३ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेको देखिन आउँछ। कक्षा ९–१२ मा खुद भर्ना दर ३०.३ रहेको छ भने कुल भर्ना दर ४५.८ रहेको छ। माध्यमिक शिक्षा विद्यालय जाने उमेर समुहका बालबालिकाहरू अझै पनि ५२.४% विद्यालय बाहिर नै रहेको देखिए तापनि ढिलो भर्ना हुने र विद्यालय उमेरमै तोकिएको उमेरमा नै कक्षा पूरा गर्न नसक्नु कारणले यस्तो तथ्याङ्क देखिन आएको हो। खासगरी ढिलोगरी कक्षा प्रवेश गर्ने र तोकिएको उमेर समूहमा कक्षा पास नगर्ने कारणले विद्यालय बाहिर रहेको देखिन आएको हो। फ्लाश रिपोर्ट २०८० अनुसार विद्यालयहरुको आन्तरिक सक्षमता लाई हेर्ने हो भने कक्षा १ देखी ५ र ६ देखी ८ को प्रमोसन दर क्रमशः ८५.३ र ९२.२ रहेको छ। कक्षा छोडने दर ४.५ र ४.१, दोहोऱ्याउने दर ५.० र १.१ रहेको छ। यसरी तथ्याङ्कलाई हेर्दा अझै पनि आन्तरिक सक्षमता तर्फ बिशेष प्रयत्नहरु गर्नुपर्ने देखिन्छ यस गाउँपालिकाले विद्यालयबाहिर रहेका बालबालिकाहरूको शिक्षामा समता मुलक पहुचँकालागि सिकाइका वैकल्पिक माध्यम अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागी संघीय सरकार विभिन्न संघ सस्थाको सहयोगमा सामुदायिक सिकाइ केन्द्र र खेल्दै पढ्दै कार्यक्रम सञ्चालन गरेको छ। जस अन्तर्गत ३ सामुदायिक सिकाइ केन्द्र संघीय सरकारको सहयोगमा सञ्चालनमा रहेको छ। त्यसै अन्तर्गत दुई सामुदायिक केन्द्रले गैर सरकारी संस्थाको सहयोग र गाउँपालिका सँगको सहकार्यका थप ४ खेल्दै सिक्दै कार्यक्रम वडा नं. १, ३, ५ र ६ मा सञ्चालनमा ल्याएको छ। यस गाउँपालिकाले शिक्षाको गुणस्तर सुधारकालागि गाउँपालिकाको कुल बजेटको २२ प्रतिशत विनियोजन भएको छ। विगत ३ वर्षको शिक्षामा लगानी हेर्दा मर्चवारी गाउँपालिकाको कुल बजेटको अधिकांश रकम शिक्षक तलब भत्तामा खर्च हुने गरेको छ। समग्रमा शिक्षा तर्फको बजेट विनियोजनलाई हेर्दा नकारात्मक भन्न मिल्दैन तापनि अधिकांश बजेट तलब भत्तामा खर्च हुने भएकोले शैक्षिक कार्यक्रममा बजेट खर्च अनुपात कम रहेको छ।

**तालिका नं १.१.१.९**

**विद्यालयको अवस्था**

| तह | सामुदायिक | संस्थागत | मदरसा | जम्मा |
|---|---|---|---|---|
| बाल विकास केन्द्र | २६ | १५ | ०८ | ४९ |
| आधारभूत तह १-५सञ्चालित | ०२ | ०१ | ०८ | ११ |
| आधारभूत तह १-८ सञ्चालित | ०७ | १३ | ० | २० |
| माध्यमिक तह १-१० सञ्चालित | ०१ | ०१ | ० | ०२ |
| माध्यमिक तह १-१२ सञ्चालित | ०५ | ० | ० | ०५ |
| सामुदायिक सिकाइ केन्द्र | ०३ | ० | ० | ०३ |
| प्राविधिक धारको विद्यालय | ०१ | ० | ० | ०१ |

स्रोतः *IEMIS २०८१*

माथि उल्लेखित तालिका अनुसार यस पालिकामा सामुदायिक विद्यालय १५ संस्थागत विद्यालय १५ र मदरसा ०८ गरी जम्मा ३८ विद्यालय रहेको छ जसमा एक प्राविधीक धारको विद्यालय सञ्चालनमा रहनुका साथै बालविकास केन्द्र ४९ र सामुदायिक सिकाइकेन्द्र ०३ रहेका छन्।

**तालिका नं १.१.१०**

**वडागत सामुदायिक विद्यालय विवरण**

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | प्राविधिक धार |
|---|---|---|---|---|---|---|---|
| १ | ३ | ० | १ | २ | ० | ० | ० |

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | प्राविधिक धार |
|---|---|---|---|---|---|---|---|
| २ | १ | १ | ० | १ | ० | १ | ० |
| ३ | २ | १ | ० | २ | ० | १ | १ |
| ४ | १ | १ | १ | ० | १ | ० | ० |
| ५ | १ | १ | ० | १ | ० | १ | ० |
| ६. | ० | १ | ० | ० | ० | १ | ० |
| ७. | १ | १ | ० | १ | ० | १ | ० |
| जम्मा | ९ | ६ | २ | ७ | १ | ५ | १ |

स्रोत: IEMIS २०८१

**तालिका नं १.१.११**

**वडागत संस्थागत विद्यालय विवरण**

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | प्राविधिक धार |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ० | ० | १ | ० | ० | ० |
| २ | | ० | १ | १ | ० | ० | ० |
| ३ | ५ | ० | ३ | २ | ० | ० | ० |
| ४ | २ | १ | ० | २ | १ | ० | ० |
| ५ | १ | ० | १ | ० | ० | ० | ० |
| ६ | ३ | ० | ० | ३ | ० | ० | ० |
| ७ | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | १४ | १ | ५ | ९ | १ | ० | ० |

**तालिका नं १.१.१२**

**वडागत परम्परागत धार्मिक विद्यालय ( मदरसा) विवरण**

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १–५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा ११–१२ | प्राविधिकधार |
|---|---|---|---|---|---|---|---|
| १ | १ | | | | | | |
| २ | १ | ० | १ | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | १ | ० | १ | ० | ० | ० | ० |
| ५ | १ | ० | १ | ० | ० | ० | ० |
| ६ | २ | ० | २ | ० | ० | ० | ० |
| ७ | २ | ० | २ | ० | ० | ० | ० |
| जम्मा | ८ | ० | ८ | ० | ० | ० | ० |

स्रोत: IEMIS २०८१

माथि उल्लेखित तालिका बमोजिम सामुदायिक आधारभूत तहमा १-८ सञ्चालित ०९, कक्षा १-१० सञ्चालित ०१ वटा, कक्षा १-१२ सञ्चालित ०५ गरी १५ विद्यालय रहेका छन् । त्यस्तै गरी संस्थागत तर्फ कक्षा १-५ सञ्चालित ५ वटा, कक्षा १-८ संचालित ९ वटा, कक्षा १-१० सञ्चालित ०१ विद्यालय गरी १५ रहेका छन् । धार्मिक तर्फ कक्षा १-५ संचालित ८ वटा मदरसा छन् । यस गाउँपालिकामा सामुदायिकतर्फ १५, संस्थागत तर्फ १५ र मदरसातर्फ ८ गरी जम्मा ३८ वटा शैक्षिक संस्था रहेका छन् ।

**तालिका नं १.१.१३**

तहगत विद्यार्थी विवरण २०८१

| तह | बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११–१२ | जम्मा |
|---|---|---|---|---|---|---|
| सामुदायिक र धार्मिक | १००७ | ४०८१ | २१४८ | १५६६ | ६१५ | ९४१७ |
| संस्थागत | १३०७ | २५१० | ५७४ | ५१ | ० | ४४६८ |
| जम्मा | २३१४ | ६५९१ | २७२२ | १६१७ | ६१५ | १३८५९ |

स्रोत: IEMIS २०८१

माथि उल्लेखीत तालिका बमोजिम सामुदायिक र धार्मिक विद्यालय गइरहेका बालबालिका आधारभूत तह १–५ मा ४०८१ र ६–८ मा २१४८ गरी आधारभूत तहमा जम्मा ६२२९ बालबालिका अध्ययन गरिरहेका छन् । माध्यमिक तर्फ ९–१० मा १५६६, र ११–१२ मा ६१५ गरी जम्मा २१८१ बालबालिका अध्ययन गरिरहेका छन् । त्यस्तै गरी संस्थागत तर्फ आधारभूत तहमा कक्षा १–५ मा २५१० ,कक्षा ६–८ मा ५७४ गरी ३१३५ वालवालिका अध्ययन गरिरहेका छन् । कक्षा ९–१० मा माध्यमिक तर्फ ५१ र ११–१२ मा ० गरी ५१ बालबालिका अध्ययन गरीरहेका छन् । सामुदायिक,धार्मिक र संस्थागत विद्यालयमा गरी जम्मा १४५७७ बालबालिका विद्यालयमा अध्ययन गरिरहेका छन् । समग्र तथ्याङ्कलाई विश्लेषण गर्दा यस गाउँपालिमा संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालय तर्फको अभिभावको आकर्षण देखिन्छ ।

**तालिका नं १.१.१५**

**जातिगत र तहगत विद्यार्थी सङ्ख्या विवरण:शैक्षिक सत्र:-२०८१ (सामुदायिक र धार्मिक विद्यालय)**

| | बालविकास केन्द्र | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | | कक्षा ११-१२ | | | कुल जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र |
| दलित | ८० | ७९ | १५९ | ४४४ | ३७८ | ८२२ | २२७ | २०१ | ४२८ | १२४ | १५५ | २७९ | २० | ५२ | ७२ | ८९५ | ८६५ |
| जनजाति | ३१२ | २५६ | ५६८ | १३८७ | ११४५ | २५३२ | ८४८ | ७५९ | १६०७ | ५१४ | ५९८ | ११९२ | २३० | २६७ | ४९७ | ३३७१ | ३०२५ |
| अन्य | १५० | १३० | २८० | ३९६ | ३३१ | ७२७ | ५० | ६३ | ११३ | ३६ | ५९ | ९५ | २१ | २५ | ४६ | ६५३ | ६०८ |
| जम्मा | ५४२ | ४६५ | १००७ | २२२७ | १८५४ | ४०८१ | ११२५ | १०२३ | २१४८ | ७५४ | ८१२ | १५६६ | २७१ | ३४४ | ६१५ | ४९१९ | ४४९८ |

स्रोत: IEMIS २०८१

**तालिका नं १.१.१६**

**जातिगत र तहगत विद्यार्थी सङ्ख्या विवरण:शैक्षिक सत्र:-२०८१ (संस्थागत विद्यालय)**

| | बालविकास केन्द्र | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | | कक्षा ११-१२ | | | कुल जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र |
| दलित | ७५ | ११८ | १९३ | १३८ | २११ | ३४९ | २४ | ५५ | ७९ | २ | ६ | ८ | ० | ० | ० | २३९ | ३९० |
| जनजाति | ४२२ | ५१९ | ९४१ | ७०७ | १०१४ | १७२१ | १२५ | २७० | ३९५ | १३ | २० | ३३ | ० | ० | ० | १२६७ | १८२३ |
| अन्य | ७७ | ९६ | १७३ | १४७ | २९३ | ४४० | ३५ | ६५ | १०० | ३ | ७ | १० | ० | ० | ० | २६२ | ४६१ |
| जम्मा | ५७४ | ७३३ | १३०७ | ९९२ | १५१८ | २५१० | १८४ | ३९० | ५७४ | १८ | ३३ | ५१ | ० | ० | ० | १७६८ | २६७४ |

स्रोत: *IEMIS* २०८१

**तालिका नं १.१.१७**

**अपाङ्गता भएका विद्यार्थी संख्या विवरण:शैक्षिक सत्र:-२०८१ (संस्थागत र सामुदायिक विद्यालय)**

| | बालविकास केन्द्र | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | | कक्षा ११-१२ | | | कुल जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र |
| जम्मा | २ | २ | ४ | ८ | १० | १८ | ३ | ३ | ६ | ० | १ | १ | ० | ० | ० | १३ | १६ |
| सामुदायिक | २ | २ | ४ | ५ | ६ | ११ | १ | ० | १ | ० | १ | १ | ० | ० | ० | ८ | ९ |
| संस्थागत | ० | ० | ० | ३ | ४ | ५ | २ | ३ | ५ | ० | ० | ० | ० | ० | ० | ५ | ७ |
| **कुल जम्मा** | २९ | | | | | | | | | | | | | | | | |

स्रोत: *IEMIS* २०८१

माथि उल्लेखित समावेशी पहुँच तर्फ विश्लेषण गर्दा तालिका बमोजिम विश्लेषण गर्दा सामुदायिक र धार्मिक विद्यालयमा बालविकास देखी १२ सम्म अध्ययन गरिरहेका कुल बालवालिकाहरू मध्ये सामुदायिक विद्यालयमा छात्राहरूको संख्या ४९१९ रहेको छ भने छात्रहरूको सङ्ख्या ४४९८ रहेको छ। सस्थागतगत तर्फ छात्रा १७६८ रहेका छन् भने छात्र २६७४ रहेका छन्। जम्मा गरी विद्यालयको पहुँचमा छात्रा ६६७८ र छात्र ७१७२ रहेका छन्। जसमा दलित छात्र १०५८ रहेका छन् भने छात्राहरू ९७९ रहेका छन्। विद्यालयमा भर्ना भएका जम्मा विद्यार्थीको १५ प्रतिशत दलित छात्र छात्रा रहेका छन्। त्यसगरी विद्यार्थी भर्नाको विश्लेषण गर्दा सामुदायिक तर्फ छात्राहरूको सङ्ख्या धैरै छ भने संस्थागत तर्फ छात्रा हरूको तुलनामा छात्र हरुको संख्या उच्च देखिन्छ जातिगत रूपमा संस्थागत र सामुदायिक दुवैमा जनजाति छात्र, छात्राको संख्या बढी रहेको छ। दलित समुदायका बालबालिकाहरू संस्थागतको तुलनामा सामुदायिक विद्यालयमा उच्च रहेको छ। त्यसैगरी सवैप्रकारका विद्यालयमा अध्ययन गरिरहेका अपाङ्गता भएका बालबालिकाको सङ्ख्या २९ रहेको छ। जसमा छात्र १६ छात्रा १३ रहेको छ। अपाङ्गता भएका बालबालिकाहरू संस्थागत र सामुदायिक दुबै प्रकारका विद्यालयमा अध्ययन गरीरहेका छन्। दुबै प्रकारका विद्यालयमा अपागंता भएका बालबलिकाको भर्ना दरको अवस्था विश्लेषण गर्दा सामुदायिक विद्यालयमा भर्ना दर बढी देखिएको छ।

**तालिका नं १.१.५.१८**

**शिक्षक विवरण**

**तहगत शिक्षक दरबन्दी विवरण सामुदायिक तर्फ**

| क्रसं | तह | दरबन्दी | | | आन्तरिक स्रोत | संघीय | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | जम्मा | गा.पा.अनुदान | अनुदान | |
| १ | वाविके | ० | ० | ० | | २६ | ३४ |
| २ | आधारभूत १-५ | ६२ | १४ | ७६ | १५ | ५ | ९७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | आधारभूत ६-८ | ५ | १ | ६ | ४४ | ७ | ५७ |
| ४ | माध्यमिक ९-१० | १ | ७ | ८ | ३ | ६ | १७ |
| ५ | माध्यमिक ११-१२ | ० | ० | ० | ० | ४ | ४ |
| ६ | सामुदायिक सिकाई केन्द्र | ० | ० | ० | ० | ३ | ३ |
| | | ६८ | २२ | ९० | ७० | ४६ | २११ |
| | **कुल जम्मा** | २११ | | | | | |

**तालिका ६: शिक्षक विद्यार्थी अनुपात (सामुदायिक विद्यालय)**

| तह | शिक्षक दरवन्दी | विद्यार्थी सङ्ख्या | अनुपात |
|---|---|---|---|
| बालविकास | ३४ | १००७ | १:३० |
| आधारभूत (५-१) | ९७ | ४०८१ | १:४२ |
| आधारभूत (८-६) | ९७ | २१४८ | १:२३ |
| माध्यामिक (१०-९) | १७ | १५६६ | १:९२ |
| माध्यामिक (१२-११) | ४ | ६१५ | १:१५३ |

त्यसैगरी शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गर्दा आधारभूत तह कक्षा १-५ मा कुल ९७ शिक्षक दरबन्दी रहेको छ । जसमा (स्वीकृत दरबन्दी ६२ र राहत १४ गापा अनुदान १५ संघीय अनुदान ५ ) रहेको छ भने आधारभूत तह कक्षा ६-८ मा ५७ शिक्षक (दरबन्दी ६ र राहत १ गापा अनुदान ४४ संघीय अनुदान ५ ) कार्यरत रहेका छन् । माध्यमिक तह कक्षा ९- १० मा १७ (दरबन्दी १ राहत ७ र गापा अनुदान ० संघीय अनुदान ६ ) र माध्यमिक तह कक्षा ११- १२ मा ४ (दरबन्दी ०, राहत ०, गापा अनुदान ०,संघीय अनुदान ४) शिक्षक कार्यरत छन् । त्यसैगरी प्राविधिक तर्फ २ र बालविकास केन्द्रमा ३४ सहजर्कताहरू कार्यरत रहेका छन् ।

**तालिका नं १.१.५.१९**

**सामुदायिक विद्यालयमा विद्यार्थी सिकाइ उपलब्धि विवरण २०८०**

**कक्षा १ देखी ३**

| | Nepali | | | English | | | Mathematics | | | | Serophero | | | Local Subject | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Class | Female | Male | Total | Female | Male | Total | Female | Male | Total | | Female | Male | Total | Female | Male | Total |
| 1 | 2.75 | 2.69 | 2.72 | 2.73 | 2.68 | 2.71 | 2.51 | 2.50 | 2.51 | | 2.39 | 2.42 | 2.40 | 2.36 | 2.37 | 2.36 |
| 2 | 2.70 | 2.63 | 2.66 | 2.69 | 2.65 | 2.67 | 2.57 | 2.47 | 2.52 | | 2.42 | 2.29 | 2.36 | 2.53 | 2.47 | 2.50 |
| 3 | 2.96 | 2.86 | 2.91 | 2.75 | 2.69 | 2.72 | 2.35 | 2.28 | 2.31 | | 2.56 | 2.52 | 2.53 | 2.49 | 2.45 | 2.47 |

**तालिका नं १.१.५.२०**

**सामुदायिक विद्यालयमा विद्यार्थी सिकाइ उपलब्धि विवरण २०८० कक्षा ४ देखी ५**

| class | Nepali | | | English | | | Math | | | Science & Technology | | | Social Studies & Human Value Education | | | Health Physical & Creative Art | | | Opt. English | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total |
| 4 | 2.43 | 2.44 | 2.44 | 2.41 | 2.47 | 2.44 | 2.40 | 2.47 | 2.44 | 2.45 | 2.52 | 2.48 | 2.46 | 2.52 | 2.49 | 2.32 | 2.33 | 2.32 | 2.27 | 2.22 | 2.24 |
| 5 | 2.53 | 2.54 | 2.53 | 2.58 | 2.58 | 2.58 | 2.61 | 2.61 | 2.61 | 2.61 | 2.62 | 2.62 | 2.62 | 2.57 | 2.59 | 2.60 | 2.57 | 2.58 | 2.40 | 2.40 | 2.40 |

तालिका नं १.१.५.२०

**सामुदायिक विद्यालयमा विद्यार्थी सिकाइ उपलब्धि विवरण २०८० कक्षा ६ देखी ८**

| class | Nepali | | | English | | | Math | | | Science & Technology | | | Social Studies & Human Value Education | | | Health Physical & Creative Art | | | Opt. English | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total |
| 6 | 2.56 | 2.57 | 2.57 | 2.50 | 2.53 | 2.51 | 2.48 | 2.45 | 2.46 | 2.55 | 2.51 | 2.53 | 2.53 | 2.50 | 2.52 | 2.55 | 2.51 | 2.53 | 2.59 | 2.52 | 2.55 |
| 7 | 2.64 | 2.55 | 2.59 | 2.67 | 2.50 | 2.58 | 2.62 | 2.57 | 2.60 | 2.67 | 2.58 | 2.63 | 2.64 | 2.54 | 2.59 | 2.69 | 2.58 | 2.64 | 2.59 | 2.50 | 2.54 |
| 8 | 2.59 | 2.57 | 2.58 | 2.58 | 2.54 | 2.56 | 2.49 | 2.47 | 2.48 | 2.57 | 2.58 | 2.57 | 2.58 | 2.58 | 2.58 | 2.67 | 2.68 | 2.67 | 2.63 | 2.63 | 2.63 |

तालिका नं १.१.५.२०

**संस्थागत विद्यालयमा विद्यार्थी सिकाइ उपलब्धि विवरण २०८०**

कक्षा १ देखी ७

| | Nepali | | | English | | | Mathematics | | | Science & Technology | | | Serophero | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Class | Female | Male | Total | Female | Male | Total | Female | Male | Total | Female | Male | Total | Female | Male | Total |
| 1 | 3.27 | 3.23 | 3.25 | 3.21 | 3.09 | 3.15 | 3.11 | 2.94 | 3.02 | 2.82 | 2.72 | 2.77 | 3.00 | 2.86 | 2.92 |
| 2 | 3.05 | 3.01 | 3.03 | 2.99 | 2.94 | 2.96 | 2.66 | 2.74 | 2.70 | 2.72 | 2.70 | 2.71 | 2.63 | 2.74 | 2.68 |
| 3 | 2.93 | 3.13 | 3.03 | 2.74 | 3.04 | 2.89 | 2.62 | 2.92 | 2.77 | 2.18 | 2.39 | 2.28 | 2.73 | 2.97 | 2.85 |
| 4 | 3.17 | 3.05 | 3.11 | 2.84 | 2.77 | 2.80 | 2.70 | 2.68 | 2.69 | 2.80 | 2.68 | 2.74 | | | |
| 5 | 2.37 | 2.62 | 2.49 | 2.34 | 2.63 | 2.48 | 2.15 | 2.43 | 2.29 | 2.27 | 2.59 | 2.43 | | | |
| 6 | 2.96 | 2.92 | 2.93 | 2.80 | 2.91 | 2.86 | 2.81 | 2.84 | 2.82 | 2.82 | 2.90 | 2.86 | | | |
| 7 | 2.48 | 2.76 | 2.62 | 2.09 | 2.38 | 2.23 | 1.98 | 2.30 | 2.14 | 2.02 | 2.35 | 2.18 | | | |

## १.३ मुख्य समस्या तथा चुनौतीको (SWOT) विश्लेषण

### १) सवल पक्ष

१. स्थानीय तहको संलग्नता र स्वामित्व रहनु,
२. शिक्षा क्षेत्रको गुणस्तर सुधारमा बजेट र स्रोतको वृद्धि ,
३. विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक र छात्रवृत्तिको व्यवस्था ,
४. दलित छात्र छात्राकोलागि छात्रवृत्तिको व्यवस्था गरिनु ,
५. प्राविधिक शिक्षा र व्यावसायिक तालिमको प्रवर्द्धन हुनु ,
६. अभिभावक र समुदायको संलग्नता मा वृद्धि हुनु ,
७. बालविवाह र बालश्रम विरुद्ध अभियान लागु गरिनु ,
८. खेल्दै पढ्दै कार्यक्रम लागु हुनु ,
९. विद्यार्थीहरूको नियमित उपस्थितिका लागि प्रोत्साहन कार्यक्रमहरू लागु गरीनु ,
१०.प्राविधिक र डिजिटल शिक्षामा वृद्धि ,
११.शिक्षकहरूको क्षमता विकास गरिनु ,
१२.गुणस्तर सुधारका लागि पालिका द्वारा शिक्षक व्यवस्था गरिनु ,

### २) शैक्षिक समस्याहरू

१. आधारभूत र माध्यमिक विद्यालय उमेर समूहका केहि बालबालिकाहरू विद्यालय बाहिर रहिरहनु ,
२. विद्यालयको नमाङ्कन र समायोजन कार्य हुन नसक्नु ,
३. बालवालिकाहरू उमेर अनुसारका तहगत कक्षामा नहुनु ,
४. माध्यमिक शिक्षा पूर्ण रूपमा निःशुल्क हुन नसक्नु ,
५. शैक्षिक सुशासन पूर्ण रुपमा कायम हुन नसक्नु ,
६. शिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक बनाउन नसक्नु ,
७. राज्य बाट शिक्षामा पर्याप्त लगानी नहुनु ,
८. शिक्षामा स्थानीय समुदायको पूर्ण रुपमा अपनत्व हुन नसक्नु ,
९. निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरू सेवामुखी नहुनु ,
१०. सामुदायिक विद्यालयका शिक्षकहरूको पेशाप्रतिको लगनशीलता र उत्तरदायित्वमा कमि हुनु ,
११. विद्यालयको भौतिक अवस्था सन्तोषजनक नहुनु ,
१२. विद्यालयको शैक्षिक गुणस्तर अपेक्षित रुपमा बृद्धि हुन नसक्नु ,
१३. शिक्षकलाई पुरस्कार र दण्डको प्रवन्ध हुन नसक्नु ,
१४. शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई नजोडिनु,
१५. विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरवन्दी नहुनु ,
१६. विद्यालयले शैक्षिक गुणस्तर भन्दा भौतिक विस्तारमा बढी ध्यान दिनु ,
१७. शिक्षकहरूले तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठामा कम प्रयोग गर्नु ,
१८. विपत तथा महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन कठिन हुनु ,
१९. विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त नहुनु उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन नसक्नु ,
२०. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगमा पुर्ण रूपमा हुन नसक्नु ,
२१. विद्यालय व्यवस्थापन समितिको विद्यालय प्रतिको समग्र जिम्मेवारी हुन नसक्नु ,
२२. विद्यालय अनुगमन निरीक्षण सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु ,
२३. पाठ्यक्रम र शिक्षक निर्देशिकाको कम प्रयोग हुनु ,
२४. विद्यार्थीको मूल्याङ्कनकालागि पाठ्यक्रमले तोकेबमोजिम विद्यार्थी मूल्याङ्कन, अभिलेखीकरण तथा उपचारात्मक शिक्षण प्रभावकारी रुपमा हुन नसक्नु ,
२५. विद्यार्थी मूल्याङ्कन गर्दा लिखित परीक्षा प्रणालीलाई बढि प्राथमिकता दिईनु ,
२६. विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक नहुनु ,
२७. वर्तमान शिक्षा नियमावलीले तोके अनुसारको योग्यता पुगेको प्रधानाध्यापक नियुक्त नहुनु ,
२८. प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने भएकोले विद्यालय व्यवस्थापन र शैक्षिक प्रशासन आशातित प्रभावकारी हुन नसक्नु ,
२९. दरवन्दी मिलान कार्यमा सरोकारवालाहरुको साथ सहयोग हुन नसक्नु ,

**४) अवसरहरू**

१. शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरी आधारभूत शिक्षा निःशुल्क र अनिबार्य, माध्यमिक शिक्षा निःशुल्क बनाउने प्रावधान स्थानीय तहको एकल अधिकारभित्र रहनु,

२. विद्यालय तहको शिक्षामा खुद भर्ना दर र लैङ्गिक समता सूचकाङ्कहरूमा केही सुधार हुनु ,
३. समावेशी र समतामूलक सहभागितामा वृद्धि हुनु ,
४. सामुदायिक विद्यालयप्रति क्रमिक रुपमा जनअपेक्षा र जिम्मेवारी बढ्दै जानु ,
५. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम स्थानीय तह सम्म सर्वसुलभ हुनु ,
६. शैक्षिक योजना निर्माण कार्यान्वयन, अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु ,
७. स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु ,
८. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु ,
९. स्थानीयतहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु ,
१०. वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु ,
११. पालिकाको शिक्षा सुधारकालागि स्थानीय संघ संस्था र सरोकालवाला सगँ सहकार्य गरिनु ,

**४. चुनौती**

१. विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन,
२. विविधताका कारण सबै बालबालिका लाई गुणस्तरीय शिक्षा प्रदान गर्न,
३. शिक्षक दरबन्दीलाई न्यायोचित वितरण गर्न कठिन,
४. निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरूपमा गर्न कठिन,
५. पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याकंन प्रणालीमा सुधार गर्न,
६. शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न कठिन,
७. विपत्को समयमा वैकल्पिक माध्यमबाट सिकाई अवसर प्रदान गर्न,
८. जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइमा समान अवसर सुनिश्चित गर्न कठिन,
९. विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन,
१०. विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयको रूपमा विकास गर्न,
११. विद्यालयलाई आवश्यक आर्थिक स्रोत सङ्कलन गर्न,
१२. जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न

परिच्छेद २

## दूरदृष्टि, उदेश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ मर्चवारी गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा लिइएको आधार

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रारम्भिक बालविकास तथा शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला शिक्षा तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीतिनिर्माण मापदण्ड योजना तर्जुमा कार्यान्वयन अनुगमन मूल्याङ्कन गर्ने काम स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेको उल्लेख गरेको छ।

सङ्घको शिक्षा क्षेत्र योजनामा दीर्घकालीन सोचलाई "आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने" तय गरिएको छ। मर्चवारी गाउँपालिकाको आवधिक योजनामा

समेत " समतामूलक अनिवार्य एवं गुणस्तरीय शिक्षाका माध्यमबाट सामाजिक रुपान्तरण, विकास र सदभावपूर्ण समाज निर्माणका लागि योगदान दिनसक्ने स्वरोजगार उन्मुख नागरिक तयार गर्ने " भनी गाउँपालिकाको दीर्घकालीन सोच निर्धारण भएको छ ।

मुलुक संघीय संरचनामा गइसके पछि बदलिँदो राजनीतिक परिवेश ,नेपालको संविधानले प्रत्यभुत गरेका नागरिकका मौलिक हकको कार्यान्वियन राष्ट्रले लिएका शिक्षाका लक्ष्य एवं प्रतिवद्धताहरू, प्रदेश सरकारले लिएका शैक्षिक लक्ष्य तथा उद्धेश्यहरू समेतको प्राप्तिकाका लागि योजना अपरिहार्य हुने भएकोले नेपाल सरकारको राष्ट्रिय शिक्षा नीतिमा भएका मूलभुत पक्ष स्थानिय सरकार सन्चालन ऐन २०७४ ले तोकेका स्थानीय तहका काम कर्तव्य र अधिकार हरू समेतको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक भएकोले यो शिक्षा क्षेत्र योजनाको आवश्यकता अपरिहार्यता र सान्दर्भिकता र औचित्यता रहेको पुष्टि हुन्छ । यस अवस्थामा प्रदेश तथा स्थानीय तहले समेत सोही प्रकृतिका दश वर्षे शैक्षिक योजना निर्माण गर्ने जिम्मेवारी प्राप्त गरेका छन् त्यसैले मर्चवारी गाउँपालिकाले पनि संघीय सरकारको प्राप्त जिम्मेवारी बमोजिम तपसीलमा उल्लेख गरे अनुसारका आधारमा दशवर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ ।

### २.१.१ संवैधानिक प्रावधान

धारा ३१

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ ।
३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा  बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ ।
६. धारा ५१ राज्यका नीति: (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिः
७. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,
८. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,
९. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,
१०. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,
११. यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्षित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

### २.१.२ स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४

दफा ११ (२) ज **(स्थानीय तहका शिक्षासम्बन्धी  काम, कर्तव्य र अधिकार)**

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन
५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन
६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
८. विद्यालयको नामकरण
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान
१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन
२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास
२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

**दफा २४ योजना बनाई कार्यान्वयन गर्ने:**

१. गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने छ।
२. योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ।
३. योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिइएको छ।
४. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ,

५. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ,
६. जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने ,
७. स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ,
८. स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने ,
९. महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ,
१०. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने ,
११. दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पुऱ्याउने ,
१२. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ,
१३. योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गरिएको छ ,
१४. अनुगमन तथा मूल्याङ्कन योजना तयार गरिएको छ ,

### २.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी):

क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमासम्बन्धी व्यवस्था)

१. स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने छ।
२. प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने छ।
३. सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्न सक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ।
२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ।
३. दफा १४ अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने।
४. दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने।
५. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने
६. दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था
७. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा
८. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने
९. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था
१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार क) सामुदायिक सिकाइ केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम। (नियम ३)
११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुविधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ। (नियम ४)

१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाई शुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम। (नियम ५)

१३. छात्रवृत्ति तथा विशेष व्यवस्था : (ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुविधासहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि)। (नियम ६)

१४. जनआन्दोलन, सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेसनरी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ।

## २.२ दुरदृष्टि

**"समृद्ध मर्चवारी गाउँपालीकाको आधार : समतामूलक गुणस्तरिय प्रबिधिमैत्री शिक्षा सहितको पूर्वाधार"**

## २.३ लक्ष्य (Goal)

अबको १० वर्ष सम्ममा सामाजीक, आर्थीक रुपमा पछाडी पारिएको समुह लगाएत सबै बालबालिकाको शिक्षामा सहज पँहुच सुनिश्चित गरी, सबैकालागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधीमैत्री, जिवनोपयोगी, रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने।

## २.४ प्रमुख उद्देश्यहरू (Objectives)

यस गाउँपालिकाको शिक्षा क्षेत्र योजनाका उद्देश्य निर्धारण गर्दा गाउँपालिकाले सामना गर्नु परेका समस्या तथा चुनौतीहरूलाई सम्बोधन हुने गरी तयार गरिएको छ। सामान्य तया शिक्षा क्षेत्रका अधिकांश समस्या तथा चुनौतिहरू एक अर्को गाउँपालिका, प्रदेश र राष्ट्रिय स्तर र संघीय सरकारका एकै प्रकारका हुन सक्छन। त्यस कारण शैक्षिक परिवर्तन ल्याउन तयार गरिएका शिक्षाका उद्देश्य समेत संघीय सरकार प्रदेश सरकार र स्थानीय तहका समेत मिल्दा जुल्दा हुने भएकोले यस गाउँपालकिाको १० बर्षे शिक्षा योजनाको उद्देश्य निम्न अनुसार निर्धारण गरिएको छ।

१. मर्चवारी गाउँपालिकाभित्रका सबै बालबालिकाहरूका लागि गुणस्तरीय विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ,
२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर र सान्दर्भिकता सुनिश्चित गरी पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धि हासिल गर्नु ,
३. सक्षम र उत्थानशील शिक्षा प्रणाली (Resilient System) को विकास गरी विपद् तथा महामारीका समयमा सिकाइको निरन्तरता प्रदान गर्नु ,
४. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ,
५. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ,
६. उच्च शिक्षामा पहुँच अभिवृद्धि विकास गर्नका संघ प्रदेश संग समन्वय गर्ने ,
७. शैक्षिक गुणस्तर बृत्ति विकासकालागि सघ, प्रदेश र अन्य सघ संस्था सँग समन्वय र सहकार्य गर्नु ,

## २.५ रणनीति तथा कार्यनीति

| | २ ५. रणनीति | २ ६.कार्यनीति |
|---|---|---|

| | | |
|---|---|---|
| १ | सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नका लागी विद्यालयको नक्साकंन गरी शैक्षीक सेवाको पहुँच विस्तार गर्ने। | १. विद्यालयको नक्साङ्कनका आधारमा समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गरिने छ।<br>२. समतामूलक र समावेशी शिक्षाका लागि तथ्याङ्क संकलन गरीने छ।<br>३. सुरक्षित र अपागंतामैत्री पूर्वाधार, बालमैत्री वातावरण, लैङ्गिक मैत्री सिकाइ वातावरण साथै नीतिगत ब्यवस्थाको सुनिश्चित गरी प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गरी बालबालिकाका निम्ति अनिवार्य गरिने छ।<br>४. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी संघीय सरकारको दिवा खाजा कार्यक्रममा स्थानीय तथा रैथाने उत्पादनलाई प्राथमिकता दिइने छ।<br>५. विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, विद्यालय पोसाक, शैक्षिक सामाग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रम सञ्चालन गरिने छ।<br>६. अपाङ्गता भएका वा सिकाइ सीमितता भएका बालबालिकाको पहिचान early screening गरिनेछ।<br>७. अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गरिने छ।<br>८. विपन्न र अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधार गर्न जोड दिइने छ।<br>९. अपाङ्गता, विपन्न, सीमान्तकृत बालबालिकाहरूलाई समावेशिताको आधारमा आवश्यकता आधारमा छात्रवृत्तिको ब्यवस्था गरिने छ।<br>१०. अपाङ्गता भएका बालबालिकाहरूकालागी आवश्यकताका आधारमा स्रोत कक्षा तथा विशेष विद्यालयको ब्यवस्था गर्न पहल गरिनेछ।<br>११. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरिनेछ।<br>१२. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइने छ।<br>१३. धार्मिक विद्यालयहरुबाट उत्पादित जनशक्तीलाई स्थानीय मुल्य मान्यता अनुसारको कार्य गर्न उत्प्रेरित गर्ने कीसीमको शिक्षा प्रदान गर्न धार्मीक विद्यालयहरुलाइ प्रेरीत गरीने छ।<br>१४. विद्यालयबाहिर रहेका सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरीने छ ।<br>१५. बालबालिका सगँ गापा अध्यक्ष संवाद कार्यक्रम संचालन गर्ने।<br>१६. स्थानीय तहले आफ्नो सेवा क्षेत्रभित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिने छ। |
| २ | प्रारम्भिक बाल विकास, आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तरीता र सान्दर्भिकता सुनिश्चित | १. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गरिने छ।<br>२. विषयगत रूपमा र कक्षागत रुपमा शिक्षकको दरबन्दी व्यवस्थापन गरीने छ।<br>३. अभिभावक र सरोकार निकाय संग सहकार्य साथै अवस्यक नीतिगत ब्यवस्थामा सुधार गरि आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क सुनिश्चित गरिने छ।<br>४. सबै बालबालिकाको अध्ययनमा निरन्तरता दिनकालागी अभिभावक सचेतना कार्यक्रम सन्चालन गरिने छ। |

| | | |
|---|---|---|
| | गर्नेका लागी कार्यक्रम सञ्चालन गर्ने। | ५. प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक र साधारण विद्यालय दुवैमा पुस्तकालय, विज्ञानप्रयोगशाला, Computer Lab आदिको व्यवस्था गरिने छ।<br>६. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरुको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन गरिने छ।<br>७. शिक्षक पेसागत क्षमता विकासका लागि पालिका स्तरको आवश्यक संयन्त्रको निर्माण गरि सहयोग प्रणालीको सुनिश्चितता गरिने छ।<br>८. सूचना सञ्चार प्रविधिमा शिक्षकको क्षमता विकाश गरी विद्यालयहरुमा सूचना सञ्चार प्रविधिको विस्तार गरिने छ।<br>९. शिक्षकको पेशागत सहयोग, शिक्षण सिकाई प्रक्रियालाई सरलीकृत र सहज बनाउन , विद्यालय सुपरिवेक्षण र मेन्टरिङ्ग कार्यका लागि पालिकास्तरमा विज्ञ समूह, साथी समूह, रोस्टर समूह गठन गरी पृष्ठपोषण प्रदान गर्ने ब्यवस्था मिलाइनेछ।<br>१०. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै सिकाइलाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाइने छ।<br>११. विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न छात्रवृत्ति सहित पूर्वाधार सहितको व्यवस्था गरिने छ।<br>१२. विद्यार्थीहरुलाई खेल अभ्यास, ध्यान तथा सह क्रियाकलापकालागी खेलमैदान निर्माण गर्ने कार्य गरिने छ।<br>१३. विद्यालयमा सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गरिने छ।<br>१४. विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गरिने छ।<br>१५. गणित, अंग्रेजी विज्ञान, प्राविधि तथा व्यावसायिक विषयका जनशक्ति स्थानीय तहमा उत्पादन गर्न यस्ता विषयमा जिल्ला बाहिरबाट शिक्षा हासिल गर्न चाहने विपन्न र जेहन्दार विद्यार्थीका लागि कार्यविधि बनाइ छात्रवृत्तिको व्यवस्था गरिने छ।<br>१६. निजी लगानीका शिक्षण संस्थाहरूलाई नियमन र अनुगमन गरी सोही अनुसार स्तरीकरण गरिने छ।<br>१७. स्थानीय स्रोत साधनमा आधारित सीप, श्रम र उत्पादनलाई उत्प्रेरीत गर्ने किसिमको शिक्षा प्रदान गरीने छ।<br>१८. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाई क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने छ। |
| ३ | आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्ने पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइको योजना विकास गरी प्रभावकारी | १. आपत्कालीन समयमा सिकाइ निरन्तरता प्रदान गर्न शिक्षा योजना विकास गरी कार्यान्वियन गरिनेछ।<br>२. आपत्कालीन समयमा सिकाइ निरन्तरता प्रदान गर्न विकसित सिकाइ पोर्टलको प्रयोग तथा अन्य वैकल्पिक सिकाइ विधि अवलम्बन गर्न सरकारी गैरसरकारी निकायसँग सहकार्य र समन्वय गरिनेछ।<br>३. आपतकालीन समयमा सिकाइ निरन्तरताका लागि अभिभावक सचेतीकरण गरी सिकाइ वातावरण विकास गरिनेछ। |

| | | |
|---|---|---|
| | रुपमा कार्यान्वयन गरी सिकाइ निरन्तरता प्रदान गर्ने । | ४. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिने छ ।<br>५. आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत, प्रविधिगत एवम् मानवीय स्रोतको उचित किसिमबाट व्यवस्थापन गरिने ।<br>६. आपतकालीन तथा संकटपुर्ण अवस्थामा वैकल्पिक सिकाई विधि र माध्यमहरुको प्रयोग, सिकाई आपूरण तथा द्रुत सिकाइ योजना ReAL Plan कार्यान्वयनका साथै विद्यार्थीको सिकाई क्षतिको मूल्याङ्कन गरि उपचारात्मक शिक्षण विधिलाई कार्यान्वयन गरिनेछ । |
| ४ | सामुदायिक सिकाइ केन्द्रहरूलाइ अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्न आजीवन सिकाइको थलोका रूपमा विकास गरिने । | १. सामुदायिक सिकाइ केन्द्रहरूको समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरिने. छ।<br>२. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ सस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी अनौपचारिक तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने छ ।<br>३. आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरिने छ।<br>४. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक विद्यालय, परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने छ ।<br>५. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र रूपमा सुदृढीकरण गरी समावेशी एवं समतामा आधारित आजीवन सिकाइको थलोका रुपमा विकास गरिने छ । |
| ५ | पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिबृत्तिको विकास गर्ने पाठ्यसामग्रीको निर्माण तथा विकास गरी सोको कार्यान्वियन पक्षलाई प्रभावकारी बनाइने | १. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवाहरूलाई प्रबोधिकरण गरिने छ ।<br>२. पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने छ ।<br>३. स्थानीय पाठ्यक्रम अन्तर्गत स्थानीय विषय तथा भोजपुरी भाषा सम्बन्धी पाठ्यक्रम तथा पाठ्यसामग्रीको निर्माण तथा विकास गरी सोको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइने छ ।<br>४. शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने छ।<br>५. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वियन गर्ने वातावरण सृजना गरिने छ ।<br>६. विद्यालय शिक्षामा अतिरिक्त क्रियाकलाप रुपमा वातावरण संरक्षण, जलवायु परिवर्तन जस्ता विषयहरु समावेश गरी समयानुकूल बनाइ वातावरणमा सुधार ल्याइने छ । |
| ४ | विद्यालयको शैक्षिक सुशासन तथा जवाफदेहीता कायम गर्नेकालागी अवश्यता नीतिगत व्यवस्थामा | १. भावकारी शैक्षिक व्यवस्थापन ,शैक्षिक सुशासन तथा जवाफदेहीता कायम गर्नकालागी प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको क्षमता विकास गरिनेछ ।<br>२. विद्यालयमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईको व्यवस्था कार्यान्वियन गरी शैक्षिक सुशासन कायम गरिनेछ । |

| | | |
|---|---|---|
| | सुधार गरी सुशासन सुनिश्चिता गरिने। | ३. सामाजिक लेखापरीक्षणका आधारमा प्राप्त सुझावहरु कार्यान्वियनमा विद्यालय नेतृत्वलाई जिम्मेवार बनाइनेछ।<br>४. शिक्षक अभिभावक संघलाई प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि सक्रिय बनाइने छ।<br>५. अभिभावक र सरोकार निकाय सँग सहकार्य साथै अवस्यक नीतिगत व्यवस्थामा सुधार गरिने छ ।<br>६. विद्यालय सुधार योजना, शैक्षणिक योजना, वार्षिक कार्यतालिका निर्माण र प्रयोग जस्ता विषयमा शिक्षकको क्षमता अभिवृद्धि गर्ने क्रियाकलाप सञ्चालन गरिने छ .<br>७. विद्यालयले वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिने छ। |
| ५ | उच्च शिक्षामा पहुँच अभिवृद्धि विकास गर्नका संघ, प्रदेश सँग समन्वय योजना तयार गर्ने | १. स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गरिने छ।<br>२. स्थानीय तह क्षेत्रभित्र आवश्यकता अनुसार संघ प्रदेश सँग समन्वय उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना गरिने छ।<br>३. उच्च शिक्षामा ,जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन संघ प्रदेस संग समन्वयमा आवश्यक कार्यक्रमहरूको व्यवस्था गरिने छ।<br>४. उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गरिने छ।<br>५. विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गरिने छ।<br>६. स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउन संघ प्रदेश सँग समन्वय गरिने छ।<br>७. उच्च शिक्षा विकासका लागि निजी स्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गरिने छ। |
| ६ | प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी सहभागिता बढाउन प्रोत्साहन मुलक कार्यक्रमहरूको व्यवस्था गरिने। | १. नक्शाङ्कन तथा सम्भाव्यताका आधारमा प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासका अवसरहरू वृद्धि गरिने छ।<br>२. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग गरिने छ।<br>३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गरिने छ।<br>४. गाउँपालिकाको संम्भाबितत बिद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्यमशीलता तथा पढ्दै कमाउदै कार्यक्रमसंग जोडिने छ।<br>५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गरिने छ। |

| | | |
|---|---|---|
| ७ | निःशुल्क आधारभूत शिक्षा तथा माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनको लागि उत्तरदायित्व बहन गर्ने प्रणालीलाई प्रभावकारी बनाइने । | १. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनको लागि अभिभावक सरोकारवाला लगायत सबै सँग समन्वय गरी उत्तरदायित्व बहन गर्ने प्रणालीको विकास गरी प्रभावकारी बनाइने छ ।<br>२. आधारभूत तह कक्षा १–३ र १–५, कक्षा ६–८ र माध्यमकि तह ९–१२ गुणस्तर सुधारको लागि पालिका नेतृत्वमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गरिने छ । |

## २.६ कार्यनीति

माथि उल्लेखित निती अनुसारका कार्यनीतिहरू माथी उल्लेख गरीएको छ ।

## २.७ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य वि.स. २०९० सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१. सबै तहका शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा माध्यमिक शिक्षा र प्राविधिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुनेछ ।
३. विद्यालयहरूमा शैक्षिक सुशासन कायम भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।
४. योग्य, सक्षम, प्रविधिमा निपुणतामा राख्ने स्वउत्प्रेरित शिक्षकको व्यवस्थापन भई विद्यार्थीको सिकाइमा सुधार हुनेछ ।
५. विद्यालय तहको पाठ्यक्रम साथै स्थानीय पाठ्यक्रमको निर्माण भई सिर्जनशील सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुनेछ ।
६. बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइ अभिवृद्धिमा सहयोग हुनेछ ।
७. आपतकालीन अवस्था र सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित हुनेछ ।
८. बालबालिकाहरूलाई सुरक्षित, उच्च व्यवस्थापनयुक्त, उपयुक्त र बालमैत्री भौतिक पूर्वाधार सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुनेछ ।
९. विद्यालयमा सूचना सञ्चार प्रविधिको विस्तार भइ समयानुकूल, प्रविधियुक्त गुणस्तरीय शिक्षा बनाउन सहयोग पुग्नेछ ।
१०. विद्यालयहरूमा खेलकुद, स्वास्थ्य शिक्षकको प्रबन्ध, ल्याब, लाईब्रेरी लगायतका संरचना स्थापना भई गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।

## २.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार बर्ष २०८१ | लुम्बिनी प्रदेशको आधार बर्ष २०८१ | रूपन्देही जिल्लाको आधार बर्ष २०८१ | मर्चवारी.पा को आधार बर्ष २०८१ | मर्चवारीगा.पा को लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३ | २०८७ | २०९० |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ९९.९ | १०६.८ | १२७.६ | ११०.७ | १०६.५ | १०३.३ | १०० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ७०.६ | ७२.६ | ८८.५ | ४७.६ | ५५.५ | ७५.५ | ९५.८ |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार बर्ष २०८१ | लुम्बिनी प्रदेशको आधार बर्ष २०८१ | रूपन्देही जिल्लाको आधार बर्ष २०८१ | मर्चवारी.पा को आधार बर्ष २०८१ | मर्चवारीगा.पा को लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३ | २०८७ | २०९० |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ७६.९ | ८४.३ | ८६.८ | ९७.३ | ९८.३ | ९९ | १०० |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.८२ | ०.८१ | ०.७९ | ०.८७ | .९१ | ०.९६ | १ |
| ५ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको खुद प्रवेशदर | ९५.७ | ९५.८ | ९५.७ | ९६.१ | ९८.३ | ९९ | १०० |
| ६ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको कुल प्रवेशदर | ११५.९ | ११९.५ | ११७.९ | १३३.४ | ११२.५ | १०४.५ | १०१.५ |
| ७ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९५.६ | ९५.५ | ९५.५ | ९५.१ | ९७.५ | ९९.५ | १०० |
| ८ | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १२४.८ | १२८.४ | १२८.२ | १५१.० | १२५.५ | १०९.५ | १०४.५ |
| ९ | आधारभूत तह कक्षा १–५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९२ | ०.९१ | ०.८९ | ०.९४ | ०.९६ | ०.९८ | १ |
| १० | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९५.२ | ९५.१ | ९५.२ | ९४.४ | ९६.० | ९९.० | १०० |
| ११ | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | १२१.६ | १२३.९ | १२५.१ | १३१.५ | ११५.५ | ११००.० | १०५.० |
| १२ | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८६.३ | ८६.२ | ८५.९ | ८२.९ | ८३.० | ८७.० | ९६.० |
| १३ | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९३ | ०.९१ | ०.८७ | ०.९४ | ०.९६ | ०.९८ | १ |
| १४ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ७६.५ | ७५.७ | ७६.२ | ७६.३ | ८१.५ | ८६.८६ | ९८.५ |
| १५ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ९८.७ | ९६.८ | १०६.९ | १०१.३ | ९६.३ | ९०.३ | १०५.०८ |
| १६ | माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९६ | ०.९७ | ०.८७ | ०.९३ | ०.९५ | ०.९७ | १ |
| १७ | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | ३७.१ | ३५.९ | ३७.८ | ३०.३ | ४०.५ | ४५.५ | ५०.५ |
| १८ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ६७.७ | ६६.० | ८२.७ | ४५.८ | ५०.५ | ५५.५ | ६५.५ |
| १९ | माध्यमिक तह (कक्षा ११–१२) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०२ | १.०६ | ०.८४ | ०.८० | १.२ | १.०१ | १ |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार वर्ष २०८१ | लुम्बिनी प्रदेशको आधार वर्ष २०८१ | रूपन्देही जिल्लाको आधार वर्ष २०८१ | मर्चवारी.पा को आधार वर्ष २०८१ | मर्चवारीगा.पा को लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३ | २०८७ | २०९० |
| २० | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ५६.८ | ५५.२ | ५६.१ | ५३.२ | ५५.२ | ५७.२ | ५९.२ |
| २१ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर | ८३.२ | ८०.९ | ९४.२ | ७३.४ | ८०.० | ८५.० | ९०.० |
| २२ | माध्यमिक तहको कक्षा ९–१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १.०१ | ०.८५ | ०.८९ | ०.९२ | ०.९६ | १ |
| २३ | कक्षा चढ्ने दर १ देखि ५ | ८३.८ | ८२.९ | ७६.० | ८५.३ | ८७.५ | ९०.५ | १०० |
| २४ | कक्षा चढ्ने दर ६ देखि ८ | ८८.२ | ८७.३ | ८७.० | ९२ | ९५.५ | ९८.५ | १०० |
| २५ | कक्षा चढ्ने दर ९ देखि १० | ९३.४ | ९३.१ | ८९.९ | ९५.९ | ९७.५ | ९८.५ | १०० |
| २६ | कक्षा चढ्ने दर ११ देखि १२ | ९१.३ | ९१.२ | ९१.१ | ९१ | ९३.५ | ९६.५ | १०० |
| २७ | कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५ | ८.७ | ९.५ | १४.० | ५ | ४ | ३.५ | १.५ |
| २८ | कक्षा दोहोर्याउने दर कक्षा ६ देखि ८ | ५.२ | ६.३ | ५.१ | १.१ | १ | १ | १ |
| २९ | कक्षा दोहोर्याउने दर कक्षा ९ देखि १० | २.२ | २.३ | ३.८ | ०.१ | ०.१ | ०.१ | ०.१ |
| ३० | कक्षा दोहोर्याउने दर कक्षा ११ देखि १२ | ०.८ | ०.५ | २.५ | ० | ० | ० | ० |
| ३१ | कक्षा छाड्ने दर कक्षा १ देखि ५ | ३.२ | ३.३ | ५.० | ५.२ | ४.५ | ३.५ | २.५ |
| ३२ | कक्षा छाड्ने दर कक्षा ६ देखि ८ | २.८ | २.९ | ३.७ | २.६ | १.५ | १.१ | १ |
| ३३ | कक्षा छाड्ने दर कक्षा ९ देखि १० | १.९ | २.१ | ३.० | १.० | ०.९५ | ०.८० | ०.५० |
| ३४ | कक्षा छाड्ने दर कक्षा ११ देखि १२ | ०.९ | १.० | १.३ | १.३ | १ | ०.८० | ०.५० |
| ३५ | नयाँ भर्ना दर कक्षा १ देखि ५ | ४.३ | ४.३ | ४.९ | ४.५ | ६.५ | ८.५ | १०.५ |
| ३६ | नयाँ भर्ना दर कक्षा ६ देखि ८ | ३.८ | ३.६ | ४.३ | ४.१ | ६.५ | ८.५ | १०.५ |
| ३७ | नयाँ भर्ना दर कक्षा ९ देखि १० | २.५ | २.५ | ३.३ | ३.१ | ६.५ | ८.५ | १०.५ |
| ३८ | नयाँ भर्ना दर कक्षा ११ देखि १२ | ७.८ | ७.९ | ७.६ | ७.८ | १०.५ | १२.५ | १४.५ |

***Source: CEHRD Flash report 2081***

# परिच्छेद ३

## शिक्षाका मुख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बालविकास र शिक्षा बालबालिकाहरुलाई आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रम हो । यस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक जस्ता सर्वाङ्गीण विकासमा सहयोग गर्दछ । नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७६ तथा राष्ट्रिय शिक्षा नीति २०६७ मा चार वर्ष उमेर पुगेका बालबालिकाको लागि एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ । नेपालको

पन्ध्रौं र १६औं योजनामा पनि प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिईएको सन्दर्भमा मर्चवारी स्थानीय शिक्षा योजनामा पनि  यो समावेश गरिएको छ।

यस कार्यक्रमलाई सबै बालबालिकाहरूको पहुँचमा पुर्याउनको लागि सरकारी तथा गैह सरकारी संस्था, स्थानीय सरकार, समुदायिक, विद्यालयहरू तथा आम सरोकारवालाहरुले हातेमालो वा सहयोग हुन आवश्यक छ। नेपालमा प्रारम्भिक बालविकाससम्बन्धी पहिलो रणनीति पत्र शिक्षा मन्त्रालयको नेतृत्वमा वि.स. २०६१ देखि २०७२ सम्म कार्यान्वयनमा थियो। यस रणनीति पत्रमा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई स्वास्थ्य, पोषण, सुरक्षा र बालशिक्षासम्बन्धी सबै सेवाहरू एकीकृतरूपमा उपलब्ध गराई उनीहरूको सर्वाङ्गीण विकास गर्नुपर्ने कुरा उल्लेख गरिएको छ।

### ३.१.२ वर्तमान अवस्था

मर्चवारी गाउँपालिकामा हालसम्म सामुदायिक र संस्थातग गरी कुल ४९ वटा बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन्। जसमा ३४ बालविकास केन्द्रहरु सामुदायिक र १५ संस्थागत रहेका छन्।  जसमा  सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरुमा २१, समुदायमा आधारित ५, मदरसामा ८ बालविकास केन्द्र रहेका छन। सामुदायिक ३४ मध्ये संघिय अनुदान मार्फत २६ बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् भने ८ बाल विकास केन्द्र गाउँपालिका स्रोत बाट सञ्चालित रहेका छन्। संस्थागत  तर्फ १४ विद्यालयहरुमा नर्सरी,एल.के.जी.कक्षाहरु सञ्चालनमा रहेका छन्। जसमा प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका बालबालिकाहरु अध्ययन गर्दछन्।

मर्चवारी गाउँपालिका अन्तर्गत रहेका बालविकास केन्द्रहरुमा शैक्षिक सत्र २०८१ मा कुल २३१४ रहेका छन्।  जसमध्ये १११६ छात्रा र ११९८ छात्र रहेका छन। जसमा सामुदायिक बालविकाश केन्द्रमा १००७ र संस्थागतमा १३०७ रहेका छन्।  जम्मा बालविकास केन्द्रमा भर्ना भएका कुल बालबालिकाहरुमध्ये ४८.२२ प्रतिशत छात्रा र ५१.७७ प्रतिशत छात्र भर्ना भएका देखिन्छ।  सामुदायिक प्रारम्भिक बालविकास केन्द्रमा शिक्षक विद्यार्थी अनुपात १:३० र  लैङ्गिक सूचकांक ०.९३ रहेको छ।

**तालिका नं ३.१.१.१**

**प्रारम्भिक बालविकास तथा शिक्षाका सूचक विवरण**

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ११०.७ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ४७.६ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ९७.३ |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.८७ |
| ५ | महिला शिक्षक प्रतीशत | १०० |
| ६ | १० भन्दा माथी योग्यता भएका सहजकर्ता | १०० |
| ७ | शिक्षक विद्यार्थी अनुपात | १:३० |

**तालिका नं ३.१.१.१**

**सामुदायिक प्रारम्भिक बालविकास तथा शिक्षाका भौतिक व्यवस्था २०८१**

| क्र.स. | नाम | शाखा संख्या | छुट्टै कोठाको व्यवस्था | | | बसाई व्यवस्था | | | भित्ता सजावट | | सिकाई सामाग्री व्यवस्था | | | खेल सामाग्री व्यवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छ | छैन | भए कोठाको साइज फिटमा | खाली भुईं | उपयुक्त फर्निचर सहित कार्पेटिङ | कार्पेटिङ मात्र | छ | छैन | राम्रो | ठीकै | हुँदै नभएको | Indoor out door दुवै | Indoor मात्र | out door मात्र | बाल वि केन्द्र |
| १ | श्री जनता माध्यमिक विद्यालय | | √ | | २०*१५ | | | √ | √ | | | √ | | | √ | | १ |
| २ | श्री बगौली माध्यमिक विद्यालय | | √ | | २०*१५ | | | √ | √ | | | √ | | | √ | | २ |
| ३ | श्रीमती मनराजीदेवी माध्यमिक विद्यालय | | √ | | २०*१५ | | | √ | √ | | | √ | | | √ | | २ |
| ४ | श्री ठर्की माध्यमिक विद्यालय | | √ | | २०*१५ | | | √ | √ | | | √ | | | √ | | १ |
| ५ | श्री अमवा माध्यमिक विद्यालय | | √ | | २०*१५ | | √ | √ | √ | | | √ | | | √ | | ३ |
| ६ | श्री सरस्वती आधारभूत विद्यालय | | √ | | २०*१५ | | | | √ | | | √ | | | √ | | १ |
| ७ | श्री जनहित आधारभूत विद्यालय | | √ | | २०*१५ | | | √ | √ | | | √ | | | √ | | २ |
| ८ | श्री सेमरा आधारभूत विद्यालय | | √ | | २०*१५ | | | √ | √ | | | √ | | | √ | | १ |
| ९ | श्री मर्चवारी आधारभूत विद्यालय | | √ | | २०*१५ | | | √ | √ | | | √ | | | √ | | १ |
| १० | श्री शिसो सेमरा आधारभूत विद्यालय | | √ | | २०*१५ | | | √ | √ | | | √ | | | √ | | १ |
| ११ | श्री सरस्वती आधारभुत विद्यालय | | √ | | २०*१५ | | | √ | √ | | | √ | | | √ | | १ |
| १२ | श्री जनकल्याण आधारभुत विद्यालय | | √ | | २०*१५ | | | √ | √ | | | √ | | | √ | | १ |
| १३ | श्री नरेश जनता आधारभूत विद्यालय | | √ | | २०*१५ | | | √ | √ | | | √ | | | √ | | १ |
| १४ | श्री जनशक्ति आधारभूत विद्यालय | | √ | | २०*१५ | | | √ | √ | | | √ | | | √ | | १ |
| १५ | श्री हरिनामपुर मा.वि. | | √ | | २०*१५ | | | √ | √ | | | √ | | | √ | | १ |
| १६ | मदरसा अरविया फैजुल उलुम | | √ | | | | | √ | √ | | | √ | | | √ | | १ |
| १७ | मदरसा बरकातिया निजामुल उलुम | | √ | | | | | √ | √ | | | √ | | | √ | | १ |
| १८ | मदरसा जामिया सैयदा जहुरूल इस्लाम गर्लस कलेज | | √ | | | | | √ | √ | | | √ | | | √ | | १ |

| क्र. स. | नाम | बा वि सं ख्या | छुट्टै कोठाको व्यवस्था | | | बसाई व्यवस्था | | | भित्ता सजावट | | सिकाई सामाग्री व्यवस्था | | | खेल सामाग्री व्यवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छ | छैन | भए कोठाको माइक मिश्रित | खाली भुइँ | उपयुक्त फर्निचर सहित कार्पेटिङ | कार्पेटिङ मात्र | छ | छैन | राम्रो | ठीक | छुट्टै र्याकको | Indoor out door दुवै | Indoorमात्र | out door मात्र | वाहि केन्द्र |
| १९ | मदरसा इस्लामिया ताजुल उलूम | | √ | | | | | √ | √ | | | √ | | | √ | | १ |
| २० | मदरसा अरबिया सेराजुल उलूम | | √ | | | | | √ | √ | | | √ | | | √ | | २ |
| २१ | मदरसा तालिमुल इस्लाम अल इब्ने दाइया | | √ | | | | | √ | √ | | | √ | | | √ | | १ |
| २२ | मदरसा अरबिया मिशबाहुल उलूम | | √ | | | | | √ | √ | | | √ | | | √ | | १ |
| २३ | मदरसा तकबियातुल इमान | | √ | | | | √ | | √ | | | √ | | | √ | | १ |
| २४ | श्री शान्ती दीप प्रा.बा.वि.के. बिचौवापुर | | √ | | | | | √ | √ | | | √ | | | √ | | १ |
| २५ | श्री लक्ष्मी सामुदायिक सिकाई केन्द्र | | √ | | | | | √ | √ | | | √ | | | √ | | १ |
| २६ | श्री जनकल्याण स्वालम्बन बचत तथा ऋण सहकारी संस्था लि. | | √ | | | | | √ | | | | √ | | | √ | | १ |
| २७ | श्री सिद्धार्थ जनचेतना युवा क्लब | | √ | | | | | √ | | √ | | √ | | | √ | | १ |
| | जम्मा | | ३४ | | १५ | | २ | ३४ | | | | ३४ | | | √ | | ३४ |

*स्रोत : शिक्षा तथा खेलकुद शाखा सर्चवारी*

तालिका नं ३.१.१.२

**सामुदायिक प्रारम्भिक बालविकास तथा शिक्षाका शैक्षिक, व्यवस्थापन तथा क्षमता अभिवृद्धि**

| क्र स | बालविकासको नाम | बावि सङ्ख्या | खाजा व्यवस्थापन | | | व्यवस्थित ६ वटा सिकाई कुना | | आधारभूत तालिम | | पुनर्ताजगी तालिम | | बालविकास तालिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | घरबाट आफैं ल्याउने | केन्द्रमै बनाउने गरिन्छ | नियमितता छैन | छ | छैन | प्राप्त | अप्राप्त | प्राप्त | अप्राप्त | प्राप्त | अप्राप्त |
| १ | सरस्वती आधारभुत विद्यालय | | | √ | | | √ | √ | | √ | | √ | |
| २ | उर्की माध्यमिक विद्यालय | | | √ | | | √ | √ | | √ | | √ | |

| क स | बालविकासको नाम | बाबि सङ्ख्या | खाजा व्यवस्थापन | | | व्यवस्थित ६ वटा सिफाई कुना | | आधारभूत तालिम | | पुनर्ताजगी तालिम | | बालविकास तालिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | घरबाट आफै ल्याउछन् | केन्द्रमै बनाउने गरिन्छ | नियमितता छैन | छ | छैन | प्राप्त | अप्राप्त | प्राप्त | अप्राप्त | प्राप्त | अप्राप्त |
| ३ | बगौली माध्यमिक विद्यालय | | | √ | | | √ | √ | | √ | | √ | |
| ४ | मदरसा बरकातिया निजामुल | | | √ | | | √ | √ | | | √ | √ | |
| ५ | मदरसा अरबिया फैजुल उलुम मंझरिया | | | √ | | | √ | √ | | | √ | √ | |
| ६ | मदरसा अरबिया मिशबाहुल उलूम | | | √ | | | √ | √ | | | √ | √ | |
| ७ | मदरसा जामिया सैयदा जहुरूल इस्लाम गर्लस कलेज | | | √ | | | √ | √ | | | √ | √ | |
| ८ | जनकल्याण आधारभुत विद्यालय | | | √ | | | √ | √ | | √ | | √ | |
| ९ | अमवा माध्यमिक विद्यालय | | | √ | | | √ | √ | | √ | | √ | |
| १० | जनहित आधारभूत विद्यालय | | | √ | | | √ | √ | | √ | | √ | |
| ११ | शिसो सेमरा आधारभूत विद्यालय | | | √ | | | √ | √ | | √ | | √ | |
| १२ | श्रीमती मनराजीदेवी माध्यमिक विद्यालय | | | √ | | | √ | √ | | √ | | √ | |
| १३ | मदरसा अरबिया सेराजुल उलूम | | | √ | | | √ | √ | | | √ | √ | |
| १४ | जनशक्ति आधारभूत विद्यालय | | | √ | | | √ | √ | | √ | | √ | |

| क्र स | बालविकासको नाम | बाबि सङ्ख्या | खाजा व्यवस्थापन | | | व्यवस्थित ६ वटा सिकाई कुना | | आधारभूत तालिम | | पुनर्ताजगी तालिम | | बालविकास तालिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | घरबाट आफै ल्याउछन् | केन्द्रमै बनाउने गरिन्छ | नियमितता छैन | छ | छैन | प्राप्त | अप्राप्त | प्राप्त | अप्राप्त | प्राप्त | अप्राप्त |
| १५ | सरस्वती आधारभुत विद्यालय | | | √ | | | √ | √ | | √ | | √ | |
| १६ | सेमरा आधारभूत विद्यालय | | | √ | | | √ | √ | | √ | | √ | |
| १७ | मदरसा इस्लामिया ताजुल उलूम | | | √ | | | √ | √ | | | √ | √ | |
| १८ | जनता माध्यमिक विद्यालय | | | √ | | | √ | √ | | √ | | √ | |
| १९ | नरेश जनता आधारभूत विद्यालय | | | √ | | | √ | √ | | √ | | √ | |
| २० | हरिनामपुर माध्यमिक विद्यालय | | | √ | | | √ | √ | | √ | | √ | |
| २१ | मर्चवारी आधारभूत विद्यालय | | | √ | | | √ | √ | | √ | √ | √ | |
| २२ | मदरसा तकबिया तुल इमान | | | √ | | | √ | √ | | | | √ | |
| २३ | मदरसा तालिमुल इस्लाम अल इब्ते दाइया | | | √ | | | √ | √ | | | | √ | |
| २४ | शान्ती दीप प्रा.बा.वि.के. बिचौवापुर | | | √ | | | √ | √ | | | | √ | |
| २५ | जनकल्याण स्वालम्बन बचत तथा ऋण सहकारी संस्था लि. | | | √ | | | √ | √ | | | | √ | |
| २६ | लक्ष्मी सामुदायिक सिकाई केन्द्र | | | √ | | | √ | √ | | | | √ | |
| २७ | सिद्धार्थ जनचेतना युवा क्लब | | | √ | | | √ | √ | | | | √ | |
| | | | | ३४ | | | ३४ | ३४ | | १५ | १३ | ३४ | |

*स्रोत : शिक्षा तथा खेलकुद शाखा मर्चवारी गापा*

माथि तालिकामा गरिएको तथ्याकं अनुसार बालविकास केन्द्रमा कार्यरत अधिकांश बालविकास सहजकर्ताहरु तालिम प्राप्त रहेका छन्। सहजकर्ताकालागि समय समयमा गरिनु पर्ने पुनर्ताजगी तालिम हाल सम्म १५ जना सहजकर्ताले मात्र प्राप्त गरेका छन् भने बाकि १९ सहजकर्ताकालागी थप पुनर्ताजगी तालिमको अवश्यकता रहेको छ। यस गाउँपालिकामा संञ्चालित ३४ बालविकास केन्द्रहरू सवैमा उपयुक्त फर्निचरको व्यवस्था र व्यवस्थित ६ वटा सिकाई कुना छैन। सवै बालिवकासमा केन्द्रहरूको भुइमा कार्पेटिङमात्र भएको देखीन्छ। ३४ बालविकास केन्द्रहरूमा सिकाइ सामग्रीहरूको उपलब्धता भएपनि प्रयाप्तता छैन। सवै केन्द्रहरूमा बालबालिका हरूकालागी आवश्यक खेल सामग्रीहरू कक्षाकोठामा आधारित मात्र रहेका छन्। बालविकास केन्द्रका बालबालिकाहरूकालागि छुट्टै बालमैत्री शौचालय कुनै पनि केन्द्रमा छैन। सबै बालविकास केन्द्रहरूमा खानेपानीको सुविधा रहेको छ। बालवालिकाहरूलाई उपयुक्त षोषण युक्त दिवा खाजाकालागी सवै बालविकास केन्द्रमानै भान्सा सहयोगीको माध्यमबाट बनाउने गरिन्छ।

गाउँपालिकाबाट विद्यालयमा रहेका बालविकास केन्द्रहरुको सु-व्यवस्थापन सहित न्यूनतम मापदण्ड पूरा गर्न लागि थप बजेट विनियोजन गर्नुपर्ने देखिन्छ। गाउँपालिका भित्र सञ्चालित सबै बालविकास केन्द्रहरुको स्तरोन्नति गर्दै बालविकास केन्द्रको भौतिक संरचना तथा व्यवस्थापकीय सुधार गर्नुपर्ने आवश्यकता देखिएकोले उक्त कार्यका लागि समेत यो स्थानीय शिक्षा योजना महत्वपूर्ण बन्नेछ।

यस गाउँ पालिकामा प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाको पोषण सुधार गरी विद्यालय शिक्षामा पहुँच सुनिश्चितताकालागी सुनौला हजार दिन, बहुक्षेत्रीय पोषण कार्यक्रम, विद्यालय तथा समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र आदि नामबाट विभिन्न कार्यक्रमहरु,विभिन्न सरकारी निकाय,गैर सरकारी संघसंस्थाहरु र निजी क्षेत्रको संलग्नतामा सञ्चालन भइ सकेका छन्।

यस गाउँपालिकाको आधार बर्षमा प्रारम्भिक बालविकाकासमा कुल भर्नादर ११०.७ प्रतिशत र खुद भर्नादर ४७.६ प्रतिशत रहेकोले प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूह भन्दा कम वा बढी उमेर समूहका धेरै बालबालिकाहरु प्रारम्भिक बालविकासमा सहभागी रहेको देखिन्छ। यसले शिक्षकलाई सिकाइ सहजीकरणमा समस्या हुने मात्र नभई बालबालिकाको विकास र सिकाइ समेत प्रभावित हुने गर्दछ। जस्ले गर्दा प्रारम्भिक बालविकासमा खुद भर्ना बढाउनकालागि पालिकाले अभिभावक सचेतीकरण कार्यक्रम गर्नुपर्ने देखिन्छ।

बालविकास केन्द्रका शिक्षकहरुको पारिश्रमिक निकै कम भएको कारणले पनि उनीहरुमा उत्प्रेरणा जगाउन र मनोवल बढाउन सकिएको छैन। प्रारम्भिक बालविकास तथा शिक्षाका सहजकर्ताकालागि संघीय सरकारको अनुदान सहजकर्ताको पारिश्रमिक स्वरूप १०,००० प्राप्त हुन्छ भने गाउँपालिकाको आन्तरिक स्रोतबाट शिक्षकहरुलाई प्रोत्साहन भत्ता स्वरूप प्रति सहजकर्ता ७०००उपलब्ध गराइएको छ। गाउँपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षाको अवस्था यस प्रकार रहेको छ।

यहाँ गरिएको विश्लेषणको आधारमा प्रारम्भिक बालविकास तथा शिक्षामा निम्नलिखित समस्या र चुनौतीहरु पहिचान गरिएको छ।

१. प्रारम्भिक बालविकास तथा शिक्षामा ४ बर्षको उमेरमा नै भर्ना गरी सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच पुर्याउन।
२. कम उमेर र बढी उमेरका प्रारम्भिक बालबालिका केन्द्रमा भर्ना हुनु।
३. सबै प्रारम्भिक बालविकास केन्द्रमा बालमैत्री वातावरणका न्यूनतम मापदण्ड पुरा गर्न।
४. प्रारम्भिक बालबालिका केन्द्रमा भित्री र बाहिरी खेल सामग्री उपलब्ध गर्न।

५. प्रारम्भिक बालविकास सहजकर्ताहरुको पारिश्रमिक, योग्यता तथा क्षमता समय अनुकुल अभिवृद्धि गर्न ।
६. प्रारम्भिक बालविकासका लागि बजेट व्यवस्थापन ।

### ३.१.३ उदेश्य

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको मुख्य उद्देश्य सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ। यसका लागि यो योजनाले देहायका उद्देश्यहरु राखिको छः-

१. प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ,
२. प्रारम्भिक बालविकास तथा शिक्षाको सेवाहरुमा गुणस्तर सुनिश्चित गर्नु ,
३. प्रारम्भिक बाल विकासका बालबालिकालाई आधारभूत तह कक्षा एकका लागि तयार गर्नु ,

### ३.१.४ रणनीति

१. बालविकास केन्द्रको नक्साङ्कन गरी स्थानीय आवश्यकता अनुसार पुनर्वितरण र नयाँ बालविकास केन्द्र स्थापना गर्ने ,
२. प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने ,
३. निर्धारित न्यूनतम मापदण्ड पुरा गर्न ,
४. अपाङ्गता भएका बालबालिकाका लागि वैकल्पिक बालविकास शिक्षाका नमुनाहरू (परिवारमा आधारित, सानो समूह वा कार्यक्षेत्रमा आधारित, घुम्ती केन्द्र, आदि ) विकास गरी पहुँच सुनिश्चित गर्ने ,
५. एक नमुना बालविकास केन्द्र स्थापना गर्ने ,
६. प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको अपागंता पहिचानकालागी early screening गर्ने ,
७. प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्न ,
८. प्राम्भिक बालविकास र शिक्षाको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयबिच सहकार्य गर्ने ,
९. सहजकर्ताको क्षमता विकासका लागि विभिन्न तालिम र क्षमता विकाश कार्यक्रम सञ्चालन गर्ने ,
१०. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री, खेलसामग्री व्यवस्थापन गर्ने ,
११. राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने ,

### ३.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**क उपलब्धि**

- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुने छन् ,
- सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ,

**ख . नतिजा**

- प्रारम्भिक बालविकासमा खुद भर्नादर शतप्रतिशत पुगेको हुने ,
- सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने,

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ,
- सबै प्रारम्भिक बालविकास केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुने ,
- बालबालिकाहरुको विकासात्मक, सिकाइ तथा अन्य आवश्यकता सम्बोधन हुने ,
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार,समुदाय,गैर सरकारी संघसंस्था र विद्यालयहरु जिम्मेवार भएको हुने ,
- प्रारम्भिक बाल विकास कक्षाहरू सिकाइमैत्री वातावरणमा सञ्चालन भएका हुने ,
- प्रारम्भिक बाल विकास कक्षामा सिकाइ कुनाको व्यवस्था भएको हुने ,
- प्रत्येक बाल विकास शिक्षाका कक्षाहरू स्थानीय स्रोतमा आधारित सिकाइ सामग्रीले युक्त हुने ,
- प्रारम्भिक बाल विकास र शिक्षाका बालबालिकाको वार्षिक रुपमा स्वास्थ्य परिक्षण भएको हुने ,
- प्रारम्भिक बाल विकास र केन्द्रसञ्चालन भएका विद्यालयमा दिवा खाजा व्यवस्थापन निन्तरता भएको हुने ,
- प्रारम्भिक बाल विकास र शिक्षामा प्राथमिक उपचार किटको प्रबन्ध तथा उपयोग भएको हुने ,
- प्रविधिमा आधारित सिकाइ सामग्री प्रयोगमा आएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य:**

| क्रसं. | नतिजाको सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | परिमाणात्मक लक्ष्य १० वर्षको |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच पुगेको हुने । | सङ्ख्या | २४१४ | २३५५ | २२७३ | २१९५ | २११७ | |
| २. | प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने । | सङ्ख्या | १७८६ | १७३६ | १६४६ | १५६४ | १४९३ | |
| ३. | सबै प्रारम्भिक बालविकास केन्द्रहरुमा बालमैत्री बसाई व्यवस्था, न्यूनतम योग्यता र तालिमप्राप्त शिक्षक सहित न्यूनतम मापदण्ड पुरा गरेको हुने | सङ्ख्या | २० | २४ | २८ | ३३ | ३४ | |
| ४ | विभिन्न सिकाइ क्षेत्र जस्तै : भाषा क्षेत्र, गणित क्षेत्र, अभिनय क्षेत्र, सिर्जनात्मक क्षेत्र, स्वावलम्बन सिकाइ क्षेत्र र विज्ञान क्षेत्र सहित बालविकास केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेको हुने । | सङ्ख्या | १ | ३ | ४ | ६ | ६ | |
| ५. | प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघ | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | संस्था , धार्मिक संस्था र विद्यालयहरु जिम्मेवार भएको हुने । | | | | | | | |
| ६. | अभिभावक शिक्षा सञ्चालन गर्ने प्रारम्भिक बालविकासको संख्या | सङ्ख्या | ५ | १० | १५ | २० | ३४ | |

### ३.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | पूर्व प्रा.बि./ECED कक्षा/केन्द्रमा तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन गर्ने | केन्द्र | ४ | ४ | ५ | ५ | ६ | २४ | २६ |
| २ | अवश्यकता पहिचानको आधारमा विद्यमान प्रारम्भिक बालविकास शिक्षा र पूर्व-प्राथमिक शिक्षा (संस्थागत विद्यालयका सुविधासहित) को पुनरावलोकन र नयाँ प्रारम्भिक बालविकास केन्द्रहरूको स्थापना | केन्द्र | ० | ० | १ | २ | ० | ३ | ६ |
| ३ | Provision of ECED friendly WASH facility to ensure the compliance with minimum standards | वटा | २ | २ | २ | २ | २ | ५ | ५ |
| ४ | दिवा खाजा व्यवस्थापन | विद्यार्थी संख्या | ११०७ | ११९५ | १२५० | १३९० | १४६० | ६४०२ | १२८०४ |
| ५ | बालबालिकाको समग्र विकास र सिकाइलाई सहज बनाउन प्रारम्भिक बाल्यकाल र सिकाइ मापदण्डहरूको कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | ECED केन्द्र र शिक्षकहरूलाई कार्यसम्पादन अनुदान (निर्धारित मापदण्ड विरुद्धको सुधारमा आधारित) | केन्द्र | ७ | ७ | ७ | ७ | ७ | ३५ | ३५ |
| ७ | बिभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग (Support to disable students) | जना | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | पालिका तहको स्वास्थ्य केन्द्रहरुमार्फत त्रैमासिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जांच गर्ने साथै बालबालिकाहरुमा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने (Assement and identification of disabilities) | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ९ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | संख्या | २६ | २६ | २६ | २६ | २६ | २६ | २६ |
| १० | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | सङ्ख्या | २६ | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| ११ | ECED कक्षाका सहयोगीहरुका लागि तलब/भत्ता | संख्या | २६ | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| १२ | ECED कक्षाहरूका सामग्री र सिकाई कुनाका लागि बजेट अनुदान | केन्द्र | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| १३ | ECED कक्षाहरुमा अध्ययनरत तोकिएका अति बिपन्न र लक्षित समुदायका बालबालिकाहरुको सुबिधाका लागि बजेट अनुदान | संख्या | ५७७ | ५९१ | ६०४ | ६४० | ७०० | ३०१३ | ६०२६ |
| १४ | प्रारम्भिक सिकाई तथा विकास का मापदण्ड कार्यन्वयन सम्बधि सहजकर्ता हरु लाई तालिम | संख्या | २६ | २६ | २६ | २६ | २६ | १३० | २६० |
| १५ | परिवार,समुदाय,गैर सरकारी संघसंस्था,निजीक्षेत्रसँगको सहकार्य | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | बालविकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्रि शौचालयको व्यवस्थ | केन्द्र | ० | १ | २ | १ | १ | ५ | १० |
| १७ | बालबालिकाको अभिलेखिकरण | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| १८ | पाठ्यक्रम प्रबोधिकरण | पटक | १ | ० | १ | ० | १ | ३ | ६ |
| १९ | अभिभावक शिक्षा सम्बन्धि आधारभूत तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २० | उत्कृष्ट प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था गर्ने | संख्या | २ | २ | २ | २ | २ | १० | २० |
| २१ | विभिन्न सिकाइ क्षेत्र जस्तै : भाषा क्षेत्र, गणित क्षेत्र, अभिनय क्षेत्र, सिर्जनात्मक क्षेत्र, स्वावलम्बन | केन्द्र | १ | ३ | ४ | ६ | ६ | २० | २६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाइ क्षेत्र र विज्ञान क्षेत्र सहयोग गर्ने । | | | | | | | | |
| २२ | ECED कक्षाका का लागि बसाई व्यवस्थापन | केन्द्र | ५ | ५ | ५ | ५ | ६ | २६ | २६ |
| २३ | ECED कक्षा बाहिर खेल क्षेत्र तथा घेरावार | केन्द्र | ३ | ३ | ३ | ३ | ३ | १५ | २६ |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

शिक्षा मानव जीवन, जगत र विकासको लागि अपरिहार्य हुन्छ । राज्य सञ्चालनमा विश्वका प्राय सवै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ । शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो शिक्षालाई शासन, विकास र सेवा प्रवाहको पुर्वाधारको रुपमा लिन सकिन्छ । शिक्षा कुनैपनि देशको राष्ट्रिय पुँजी हो जसले भविष्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ । शिक्षाले सक्षम, सवल, सभ्य, समावेशी, समन्यायिक जनशक्ति उत्पादनमा सघाउछ । शिक्षामा गरेको लगानी राष्ट्रिय पुँजी निर्माण हो । त्यस्तो पुँजी परिचालनले "समृद्ध नेपाल, शुखि नेपाली " को दीर्घकालीन सोचलाई व्यवहारिक जीवनमा साबित गर्न सक्छ । शिक्षाको आधारनै आधारभूत शिक्षा हो । आधारभुत शिक्षाको समुचित व्यवस्थापनको लागि राज्य संयन्त्रबाट तयार गरिएका संवैधानिक व्यवस्था मार्गदर्शन नीतिगत तथा कानुनी व्यवस्था शिक्षा सम्बन्धि योजना कार्यक्रम आयोजनाहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने गरिएको छ ।

नागरिकको शिक्षालाई सुनिश्चित गर्न नेपालको संविधान २०७२ को धारा ३१ मा आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न तपसील बमोजिमका नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को अनुसुची ८ खण्ड ८ मा आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा सम्बन्धि व्यवस्था स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ । संविधानको अनुसुची ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ । शिक्षा ऐन २०२८ शंशोधन सहित शिक्षा नियमावलि संशोधन सहित २०५९ शिक्षक सेवा आयोगको नियमावली संशोधन सहित २०५७ को व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७५ को परिच्छेद ३ को दफा ११ मा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ । दीगो विकासको चौंथो लक्ष्यको रुपमा गुणस्तरीय शिक्षा रहेको छ । सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुनसकुन् भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभूत शिक्षाको सुनितश्चितता गर्ने दिगो विकासका लक्ष्य हासिल गरी बि.सं. २०८७ सम्ममा नेपाललाई मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य रहेको, बि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

### ३.२.२ वर्तमान अवस्था

नेपालले आधारभूत शिक्षामा उल्लेखनीय उपलब्धी हासिल गरेको छ । सबै बालबालिकालाई समतमूलक शिक्षा प्रदान गर्ने अवसर सिर्जना गरिएको हुदा धेरै आधारभूत तहमा बालबालिकाको पहुँच भएको देखिन्छ । यस मर्चवारी गाउँपालिका अन्तरगत सामुदायिक, परम्परागत तथा संस्थागत गरी जम्मा ३१ वटा आधारभूत तहका विद्यालयहरु संचालनमा रहेका छन । यस मध्ये सामुदायिक र परम्परागत कक्षा १ देखि ५ सम्म सञ्चालित १०, कक्षा ६ देखि ८ सम्म सञ्चालित जम्मा ७ र संस्थागत तर्फ कक्षा १ देखि ५ सम्म १ वटा, कक्षा ६ देखि ८ सम्म १३ गरी आधारभूत तहमा जम्मा ३१ वटा विद्यालय रहेका छन। आधारभूत तहमा यस गाउँपालिकामा जम्मा ९३१३ बालबालिका अध्ययनरत रहेका छन् । जसमा सामुदायिक तर्फ १देखी ८ मा ६२२९ र संस्थागत तर्फ ३०८४

बालबालिका अध्ययन गरीरहेका छन्। यसरी विश्लेषण गर्दा संस्थागत भन्दा सामुदायिक विद्यालयमा अभिभावकको आकर्षण रहेको देखिन्छ।

यस पालिकामा आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुर्याउन यस गाउँपालिकामा भएको तथ्यगत तथ्यांङ्क निम्नअनुसार रहेको छ।

**तालिका नं.३.२.१.१**

**आधारभूत तथा शिक्षाका सुचक विवरण**

| क्र.स. | सूचकहरु | २०८१ सालको अवस्था |
|---|---|---|
| १.१ | आधारभूतमा कूल भर्ना | १३१.५ |
| १.२ | आधारभूतमा खुद भर्ना | ९४.४ |
| १.३ | कुल भर्ना दरमा लैङ्गिक समता सूचक (GPI at GER) | ०.९४ |

स्रोत: *CEHRD Flesh Report २०८०*

**तालिका नं. ३.२.१.२**

**स्थानीय तहको आधारभूत तहमा सेवा प्रवाहको अवस्था:**

| | सामुदायिक | | | मदरसा | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं | आधारभूत | कक्षा १-५ | कक्षा १-८ | आधारभूत | कक्षा १-५ | कक्षा १-८ | आधारभूत | कक्षा १-५ | कक्षा १-८ |
| १ | ३ | १ | २ | १ | १ | ० | १ | ० | १ |
| २ | १ | ० | १ | १ | १ | ० | २ | १ | १ |
| ३ | २ | ० | २ | ० | ० | ० | ५ | ३ | २ |
| ४ | १ | १ | ० | १ | १ | ० | २ | ० | २ |
| ५ | १ | ० | १ | १ | १ | ० | १ | १ | ० |
| ६ | ० | ० | ० | २ | २ | ० | ३ | ० | ३ |
| ७ | १ | ० | १ | २ | २ | ० | ० | ० | ० |
| जम्मा | ९ | २ | ७ | ८ | ८ | ० | १४ | ५ | ९ |

स्रोत: *EMIS २०८१*

**तालिका नं ३.२.१.३**

**शैक्षिक वर्ष २०८१ को आधारभूत तहमा जम्मा विद्यार्थी संख्या**

| कक्षा | दलित | | जनजाति | | अपाङ्गता | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | १५२ | १३५ | ५५५ | ६२४ | २ | ४ | १२९ | १८९ | ८३८ | ९४८ |
| २ | ११७ | ११४ | ४११ | ४०६ | १ | २ | ७८ | ११७ | ६०७ | ६३७ |
| ३ | १२८ | १०९ | ३६७ | ३८४ | १ | ० | १३७ | १२२ | ६३३ | ६१५ |
| ४ | ८४ | १२५ | ३८१ | ३८४ | ४ | २ | ९४ | ११५ | ५६३ | ६२४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | १०१ | १०६ | ३८० | ३६१ | ० | २ | १७ | ८१ | ५७८ | ५४८ |
| ६ | ८२ | ९० | ३०५ | ३३२ | ३ | १ | २२ | ५७ | ४१२ | ४७९ |
| ७ | ७४ | ८४ | ३१५ | ३०६ | ० | १ | ३६ | २७ | ४२५ | ४१७ |
| ८ | ९५ | ८२ | ३५३ | ३११ | ० | १ | २४ | ४४ | ४७२ | ५१७ |
| जम्मा | ८३३ | ८४५ | ३०६७ | ३१८८ | ११ | १३ | ६१७ | ७५२ | ४५२८ | ४७८५ |
| कुल जम्मा | | ९३१३ | | | | | | | | |

स्रोत *EMIS* २०८१

**तालिका नं ३.२.१.४**

**२०८० सालको परीक्षाको नतिजा बमोजिम सामुदायिक विद्यालयको कक्षागत सिकाइ उपलब्धि**

**१ देखि ३**

| | Nepali | | | English | | | Mathematics | | | Serophero | | | Local Subject | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Class | Female | Male | Total | Female | Male | Total | Female | Male | Total | Female | Male | Total | Female | Male | Total |
| 1 | 2.75 | 2.69 | 2.72 | 2.73 | 2.68 | 2.71 | 2.51 | 2.50 | 2.51 | 2.39 | 2.42 | 2.40 | 2.36 | 2.37 | 2.36 |
| 2 | 2.70 | 2.63 | 2.66 | 2.69 | 2.65 | 2.67 | 2.57 | 2.47 | 2.52 | 2.42 | 2.29 | 2.36 | 2.53 | 2.47 | 2.50 |
| 3 | 2.96 | 2.86 | 2.91 | 2.75 | 2.69 | 2.72 | 2.35 | 2.28 | 2.31 | 2.56 | 2.52 | 2.53 | 2.49 | 2.45 | 2.47 |
| जम्मा | 8.41 | 8.18 | 8.29 | 8.17 | 8.02 | 8.1 | 7.43 | 7.25 | 7.34 | 7.37 | 7.23 | 7.29 | 7.38 | 7.29 | 7.33 |
| | जम्मा औसत सिकाइ उपलब्धी २.५५ | | | | | | | | | | | | | | |

स्रोत ***EMIS 2081***

**आधारभुत तहमा ३.२.१.६**

**२०८० सालको परीक्षाको नतिजा बमोजिम सामुदायिक विद्यालयको कक्षागत सिकाइ उपलब्धि**

**कक्षा ४ देखि ५**

| class | Nepali | | | English | | | Math | | | Science & Technology | | | Social Studies & Human Value Education | | | Health Physical & Creative Art | | | Opt. English | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total |
| 4 | 2.43 | 2.44 | 2.44 | 2.41 | 2.47 | 2.44 | 2.40 | 2.47 | 2.44 | 2.45 | 2.52 | 2.48 | 2.46 | 2.52 | 2.49 | 2.32 | 2.33 | 2.32 | 2.27 | 2.22 | 2.24 |
| 5 | 2.53 | 2.54 | 2.53 | 2.58 | 2.58 | 2.58 | 2.61 | 2.61 | 2.61 | 2.61 | 2.62 | 2.62 | 2.62 | 2.57 | 2.59 | 2.60 | 2.57 | 2.58 | 2.40 | 2.40 | 2.40 |

स्रोत *EMIS 2080*

**आधारभुत तहमा ३.२.१.७**

**२०८० सालको परीक्षाको नतिजा बमोजिम सामुदायिक विद्यालयको कक्षागत सिकाइ उपलब्धि**

**कक्षा ६ देखी ८**

| class | Nepali | | | English | | | Math | | | Science & Technology | | | Social Studies & Human Value Education | | | Health Physical & Creative Art | | | Opt. English | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total |
| 6 | 2.56 | 2.57 | 2.57 | 2.50 | 2.53 | 2.51 | 2.48 | 2.45 | 2.46 | 2.55 | 2.51 | 2.53 | 2.53 | 2.50 | 2.52 | 2.55 | 2.51 | 2.53 | 2.59 | 2.52 | 2.55 |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 7 | 2.64 | 2.55 | 2.59 | 2.67 | 2.50 | 2.58 | 2.62 | 2.57 | 2.60 | 2.67 | 2.58 | 2.63 | 2.64 | 2.54 | 2.59 | 2.69 | 2.58 | 2.64 | 2.59 | 2.50 | 2.54 |
| 8 | 2.59 | 2.57 | 2.58 | 2.58 | 2.54 | 2.56 | 2.49 | 2.47 | 2.48 | 2.57 | 2.58 | 2.57 | 2.58 | 2.58 | 2.58 | 2.67 | 2.68 | 2.67 | 2.63 | 2.63 | 2.63 |

स्रोत *EMIS 2080*

आधारभूत शिक्षा अन्तर्गत प्रारम्भिक कक्षाको नेपाली, अंग्रजी र गणितीय सिपको सिकाइ स्तर न्यून छ । यस पालिकामा शैक्षिक शत्र २०८० अन्तिम नतिजा अनुसार आधारभूत तह कक्षा १-३ मा सिकाइ उपलब्धि २.५५ र आधारभूत तह कक्षा ४-५ मा २.६२ , ६-८ मा २.७६ रहेको छ । विद्यार्थीको सिकाइ उपलब्धि स्तरमा केही सन्तोषजनक मात्र रहेको छ भने सिकाइ उपलब्धि स्तरमा थुप्रै असमानताहरु देखिएका छन् । विगत तीन बर्षको विद्यार्थी सिकाइ उपलब्धि विश्लेषण गर्दा आधारभूत तहको सिकाइस्तरमा अपेक्षित सुधारको क्रम देखिएको सङ्केत गरेको छ । पाठ्यक्रमको सान्दर्भिकता वृद्धि गर्ने र प्रभावकारी कार्यान्वियन गर्ने कार्यमा निरन्तर सुधार आवश्यक छ । शिक्षण सिकाइ विधिमा सुधारका लागि शिक्षक तयारी तथा विकासमा सुधार तथा अनुगमन, सुपरिवेक्षण र पेसागत विकासका क्रियाकलापहरुलाई व्यवस्थित गर्नु आवश्यक छ । विद्यार्थी सिकाइप्रति जवाफदेही बनाउने प्रणाली विकास गर्दै आधारभूत विद्यालयमा सिकाइका लागि आवश्यक न्यूनतम सिकाइ पूर्वाधार र वातावरण तयार गर्नुपर्ने छ ।

माथि उल्लेख गरिएका विश्लेषणका आधारमा आधारभूत शिक्षामा निम्नलिखित समस्या र चुनौतीहरु देखिएका छन् :

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्न,
२. अनिवार्य तथा नि:शुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न,
३. आधारभूत तहमा टिकाउ दर तथा विद्यार्थी सिकाइ उपलब्धि दर कमजोर रहनु,
४. आधारभुत तहमा कक्षा छाड्ने र दोहोर्याउने दरमा कमी गराउन ,
५. आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन ,
६. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई बालमैत्री बनाउन ,
७. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको पेशागत दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्न ,
८. आवश्यक शिक्षक दरवन्दी व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति (शिक्षक, प्रअ तथा कर्मचारी समेत) व्यवस्थापन गर्न ,
९. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रुपमा विकास गर्ने ,
१०. विद्यालय स्वस्थ्य तथा पोषण लगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्न ,
११. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील (Resilient) बनाउन ,
१२. विद्यालयसंग सम्वन्धित सरोकारवाला संस्थाहरु बीचमा समन्वय, सहकार्य, अनुगमन, मुल्याङ्कनका आधारमा पुरस्कार,दण्ड आदिको व्यवस्था गर्न ,
१३. बिद्यालयमा स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम बिकास भई कार्यान्वयनमा ल्याउन ,
१४. विद्यालयमा प्राथमिक उपचारसम्बन्धी किटको व्यवस्था गर्न ,

### ३.२.३ उद्देश्य

यस योजनाको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यक्रमको समग्र उद्देश्य आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु रहेको छ । यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छः

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ,

२. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु ,

३. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, लैगीक मैत्री, समतामूलक, समावेशी, पहुचयुक्तता र भय रहित सुरक्षित बनाउनु ,

४. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल उत्थानशील (Resilient) र जवाफदेही बनाउनु ,

**३.२.४ रणनीतिहरू**

१. प्रचलित मापदण्ड बमोजिम आधारभुत तहको विद्यालयको पुनःर्वितरण, समायोजन गरी सबै बालवालिकाको विद्यालयमा पहुँच सुनिश्चित गर्ने ।

२. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षालाई प्रभावकारी कार्यान्वयन गर्ने ।

३. एक वडा एक नमुना आधारभुत बिद्यालय अवधारणा कार्यान्वयनमा ल्याउने

४. आधारभूततहको भर्ना दर र विद्यार्थी टिकाउ दर सुनिश्चित गर्न समता रणनीति योजना लागु गर्ने, शैक्षिक सामग्री सहयोग तथा अन्य प्रोत्साहानका कार्यक्रम सञ्चालन गर्ने ।

५. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।

६. विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन गर्न ।

७. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने ।

८. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने ।

९. भाषिक विविधता अनकुलको माध्मम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने।

१०. प्रारम्भिक कक्षामा पठन तथा गणितीय सिप प्रवर्द्धन गर्ने ।

११. शिक्षकको पेशागत दक्षताका लागि आवश्यक तालिम, क्षमता अभिवृद्धिका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।

१२. एकीकृत पाठ्क्रम प्रभावकारी कार्यान्वयनकालागि कक्षा १ देखि ३ सम्मका शिक्षकलाई तालिम संचालन गर्ने ।

१३. सबै आधारभूत विद्यालयमा सुचना, प्रविधि तथा सञ्चारको न्युनतम भौतिक संरचना निर्माण गरिने ।

१४. कक्षा ६ देखि ८ सम्मका बालवालिकालाई जीवनोपयोगी सीप शिक्षा प्रदान गरिने ।

१५. बालवालिकाको शैक्षिक उपलब्धिक्का बारेमा छलफल गर्न घरदैलो अभियान, अभिभावक शिक्षा संचालन गरिने ।

१६. सबै विद्यालयमा प्राथमिकताप्राप्त न्यूनतम सक्षमता (Priority Minimum Enabling Conditions- PMEC)पुरा गरेको सुनिश्चिता गर्ने ।

१७. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

१८. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने ।

१९.विद्यालयमा बालउद्यान, फूलबारी, करेसाबारी, वृक्षरोपण आदि जस्ता कार्यक्रम समावेश गर्ने ।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क. उपलब्धि**

- अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने
- आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने छ ।

**ख. नतिजा:**

- अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने छ ।
- सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता पुरा गरी न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने छ
- आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने छ।
- आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने ।
- बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।
- विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम निरन्तरता सञ्चालन हुने ।
- विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध निरन्तरता हुने ।
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
- आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने ।
- विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने ।
- सूचना, सञ्चार तथा प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने ।
- जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने छ।
- आपत्कालीन अवस्थामा सिकाइको निरन्तरता हुने ।
- आधारभूत तहका प्रत्येक कक्षामा बुकर्याक तथा सिकाइ कुनाको व्यवस्था भई प्रयोगमा आएको हुने ।
- स्वास्थ्य कर्मीबाट किशोर किशोरी लक्षित ज्ञान तथा सिप विकासमा सहजीकरण भएको हुने ।
- विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था भई प्रयोगमा आएको हुने ।
- कमजोर सिकाइ भएका बालबालिकालहरुले थप सिकाइ सहयोग मार्फत सिकाइ उपलब्धिमा सुधार भएको हुने ।
- प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको शैक्षिक व्यवस्थापन क्षमता अभिवृद्धि भई शैक्षिक व्यवस्थापनमा सुधार भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं | नतिजाको सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने | सङ्ख्या | ६११८ | ६००० | ५९५० | ५९०० | ५८५० |
| २ | सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा हुने | विद्यालय | ५ | ८ | १३ | १७ | २२ |
| ३ | न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएका विद्यालय। | विद्यालय | ३ | ७ | ११ | १७ | ६ |
| ४. | बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने विद्यालय। | विद्यालय | ३ | ७ | १३ | २० | २३ |
| ५ | आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने । | संख्या | ० | ३६०० | ३८०८ | ४०१२ | ४२१२ |
| ६ | आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक समता सूचकमा सुधार हुने | विद्यालय | १.१६ | १.१४ | १.१२ | १.१० | १.० |
| ७ | विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ |
| ८ | विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ |
| ९ | शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास हुने शिक्षक | सङ्ख्या | ६० | ४६ | ४६ | ४६ | ४६ |
| १० | आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | पटक | ८२ | ८२ | ८२ | ८२ | ८२ | ४१० | ८२० |
| २ | सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | | १६ | १६ | १६ | १६ | १६ | ८० | १६० |
| ३ | सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता | जना | १७ | १७ | १७ | १७ | १७ | ८५ | १७० |
| ४ | सामुदायिक आधारभुत तह (कक्षा १-५) बिद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट | बिद्यालय | १० | १० | १० | १० | १० | १० | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | | | | | | | |
| ५ | सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | जना | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ |
| ६ | आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | जना | १७ | १७ | १७ | १७ | १७ | ८५ | १७० |
| ७ | आधारभूत बिद्यालय (कक्षा १-८) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ट अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | बिद्यालय | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ |
| ८ | आधारभूत तह (कक्षा १-५) सन्चालित परम्परागत धार्मिक बिध्यालयहरु: गुरुकुल/आश्रम, गुम्बा र मदरसाका लागि बजेट अनुदान | बिद्यालय | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ |
| ९ | पालिका तहको स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा विद्यालय स्वस्थ्य कार्यक्रम सन्चालन अनुदान | बिद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |
| १० | आधारभूत तह (कक्षा १-५) का लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान | बिद्यार्थी | ४१३८ | ४०८७ | ४११८ | ४२०६ | ४३७१ | २१०६६ | ४२१३२ |
| ११ | आधारभूत तह (कक्षा ६-८) का लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान | बिद्यार्थी | २१५६ | १९०० | १८०७ | १७३६ | १६९० | ९२८९ | १८५७८ |
| १२ | आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सन्चालन अनुदान | बिद्यार्थी | ४०८१ | ५९९२ | ६७८९ | ६८६५ | ६९०३ | ३०६३० | ६१२६० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | बिभिन्न अपाङ्गता भएका बिद्यार्थीहरुलाई थप सुबिधा बापतको बजेट अनुदान | बिद्यार्थी | १२ | ४ | ८ | १२ | १९ | ५४ | १०८ |
| १४ | कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | बिद्यार्थी | १०४६ | ९२३ | ८८० | ८४७ | ८२७ | ४५२३ | ९०४६ |
| १५ | बिद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन बापतको बजेट अनुदान | बिद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | २६ |
| १६ | समता रणनिति कार्यन्वयन गरी सोका आधारमा लक्षित स्थानीय तहहरूमा बिद्यालय बाहिर रहेका बालबालिकाहरुलाई बिद्यालय शिक्षामा ल्याई उनीहरूको शिक्षालाई निरन्तरता दिन पालिकाहरुलाई बजेट अनुदान | बिद्यार्थी | ५४ | ६७ | ७८ | १०६ | १४० | ४४५ | ८९० |
| १७ | SMCs र PTAs को क्षमता अभिबृद्दी र अभिभावकहरूलाई सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | १० |
| १८ | आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सन्चालन बापत स्थानीय तहलाई बजेट अनुदान | बिद्यार्थी | ९८९ | ७८७ | ७७२ | ६८६ | ६८५ | ३९१९ | ७८३८ |
| १९ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| २० | कक्षा १-५ लाई बसाई व्यवस्थापन | बिद्यालय | ४ | ५ | ५ | ५ | ५ | २४ | २६ |
| २१ | आधारभूत तहका शिक्षकको क्षमता विकास तथा पेशागत विकास तालिम | संख्या | ६० | ४६ | ४६ | ४६ | ४६ | २४४ | ४८८ |
| २२ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २३ | समावेसी शिक्षा संजाल गठन , कार्यबिधि निर्माण र कार्यन्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २४ | गुनासो सुनुवाई कार्यिधि निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २५ | मातृभाषा मा आधारित शिक्षण सिकाई सम्बन्धि क्षमता बिकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २६ | एकीकृत पाठ्यक्रम सम्बन्धि शिक्षक को क्षमता बिकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २७ | अपांगता भएका बिद्यार्थी हरु पहिचान गरि व्यक्तिगत शिक्षण योजना बनाउनु | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २८ | सिकाई आपुरण तथा द्रुत सिकाई सम्बन्धि शिक्षक हरुको क्षमता अभिवृद्धि तथा कार्यन्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी विभाजन गरेको छ। यसले कक्षा १-८ लाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ। माध्यमिक तहको शिक्षाको कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको संविधानले माध्यमिक शिक्षा नि:शुल्क प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ। नेपालको संविधानले माध्यमिक विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहुँच निशुल्क हुने व्यवस्था उल्लेख गरेको छ। विज्ञान प्रविधि तथा नवपर्वतन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान प्रविधि तथा सिपका बारेमा अध्ययन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ। वर्तमान व्यवस्था अनुसार माध्यमिक तहमा साधारण र प्राविधिक गरी २ धारमा शिक्षालाई व्यवस्थापन गरेको छ। कक्षा ११ र १२ मा एकल पथीय पाठ्यक्रम लागु गरिएको छ। प्राविधिक धारका विद्यालयहरू कक्षा ९ देखि सञ्चालन हुने नीतिगत व्यवस्था छ। संविधानले प्रदत्त गरेका शिक्षाका अधिकारलाई सुनिश्चत गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्न अपरिहार्य भएको छ।

नेपालमा विगत लामो समयदेखि अभ्यासमा रहेको माध्यमिक तह कक्षा ९–१० तथा कक्षा ११ –१२ निकै महत्वपूर्ण र सवैको चासोको विषयको रुपमा रहेको छ। परिवर्तित सन्दर्भमा विद्यालय शिक्षाको कक्षा १–८ आधारभूत र कक्षा ९–१२ लाई माध्यमिक गरी दुई तहमा विभाजन गरिएको छ। माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन र एक सय पूर्णाङ्कको स्थानीय पाठ्क्रम निर्माण गर्ने जिम्मेवारी समेत स्थानीय तहलाई दिइएको छ। यद्यपि कक्षा ९–१० र कक्षा ११–१२ का विद्यार्थीहरूले प्राप्त गर्नु पर्ने सक्षमताहरू (सिकाइ उपलब्धीहरु) भने अलग अलग निर्धारण गरि एका छन्। अलग अलग पाठ्यक्रम संरचनाहरु तयार गरिएको र विद्यार्थीहरुको स्तर निर्धारणको लागि एउटै राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा १० को अन्त्यमा लिइने प्रदेश स्तर बाट र कक्षा १२ को अन्त्यमा लिइने संघीय स्तरवाट लिइने व्यवस्था मिलाइएको छ। माध्यमिक शिक्षालाई तपसिल वमोजिम तीन भागमा विभाजन गरिएको छ

१) साधारण शिक्षा अन्तर्गत नियमित र खुला तथा वैकल्पिक शिक्षा
२) प्राविधिक तथा व्यवसायिक शिक्षा
३) परम्परागत तथा धार्मिक शिक्षा अन्तर्गत संस्कृत शिक्षा, गुरुकुल र मदरसा आदि।

माध्यमिक तहमा आत्मविश्वासी, नैतिकवान, इमान्दार, लोकतान्त्रिक आचरण भएका, राष्ट्रिय एकताभाव, बहुसांस्कृतिक मूल्य मान्यता, विविधतामा राष्ट्रिय आदर्शमा गौरव गर्न सक्ने, शान्ति, मानवअधिकार, दिगो विकास, पर्यावरणीय सन्तुलन, द्वन्द व्यवस्थापन र विपद व्यवस्थापन प्रति सचेत र जिम्मेवार, सवै प्रकारका श्रम र पेशा प्रति सम्मान गर्न सक्ने, सीपयुक्त, ज्ञान र प्रविधिले युक्त, राष्ट्रिय, अन्तराष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्ने, व्यक्तिगत, सामाजिक र राष्ट्रिय रूपमा आइ पर्ने समस्याहरूसँग जुध्न सक्ने, अरूको विचार र भावनाको सम्मान एवं कदर गर्न सक्ने, सकारात्मक सोच, सिर्जनशील, समालोचनात्मक सोच र अभ्यास गर्न सक्ने असल र सक्षम नागरिक तयार गर्न, माध्यामिक शिक्षाका मूल उद्देश्यहरु रहेका छन्।

## ३.३.२ वर्तमान अवस्था

यस मर्चवारी गाउँपालिकाको माध्यमिक तहको अवस्था विश्लेषण गर्दा वर्तमान अवस्थामा यस गाउँपालिकामा मा.वि. तर्फ ७ विद्यालय सञ्चालनमा रहेका छन्। माध्यमिक तहका ७ विद्यालयहरुमध्ये कक्षा १ र १२ सञ्चालित ५ वटा र कक्षा १ र १० सम्म सञ्चालित २ रहेको छ। जसमा संस्थागत मा.वि. १ र सामुदायिक माध्यमिक विद्यालय ६ रहेको छ। माध्यमिक तह कक्षा ९ र १० को खुद भर्नादर ७६.३ र कुल भर्नादर १०१.३ रहेको छ ९ देखि १२ को कुल भर्नादर ७३.४ रहेको छ र खुद भर्नादर ५३.२ रहेको छ कक्षा ९-१२ मा लैगिक समता सूचक ०.८९ पुगेको छ। यस गाउँपालिकाको सामुदायिक माध्यमिक विद्यालयमा जम्मा माध्यमिक शिक्षक सङ्ख्या २६ रहेको छ। जसमा कक्षा ९ र १० मा १ स्थाइ दरबन्दी शिक्षक, ८ राहत दरबन्दी र ३ गा.पा. अनुदान र संघीय अनुदान ७ गरी जम्मा १९ रहेका छन्। कक्षा ११ र १२ मा साविकको ४ शिक्षकहरू कार्यरत रहेका छन त्यसैगरी संघीय अनुदान मार्फत प्रविधिक तर्फ ३ शिक्षक रहेका छन्। मर्चवारी गाउँपालिकामा शैक्षिक सत्र २०८१/०८२ मा संस्थागत मा ४९ र सामुदायिक विद्यालयमा २०१० गरी माध्यमिक तह अध्ययन गर्ने उमेर समूहका बालबालिकाहरु जम्मा २२३२ रहेका छन। सामुदायिक विद्यालयमा माध्यमिक तहमा कुल विद्यार्थी सङ्ख्या र शिक्षक विद्यार्थी अनुपात १:८६ रहेको छ।

माध्यमिक तहमा न्यून दरबन्दीका कारण विद्यार्थीको सिकाइका अपेक्षित उपलब्धि हासिल गर्न सकिएको छैन। एक माध्यमिक विद्यालयमा इलेक्ट्रिकल तर्फ प्राविधिक धारको पठनपाठन भएको हुदै आएको छ। माध्यमिक शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन यस पालिकामा भएका तथ्यगत तथ्याङ्क निम्न अनुसार रहेको छ।

**तालिका नं ३.३.१.१**

**माध्यमिक शिक्षाका सूचक विवरण**

| क्रस | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ७६.३ |
| २ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | १०१.३ |
| ३ | माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९३ |

**तालिका नं ३.३.१.२**

**स्थानीय तहको माध्यमिक तहमा सेवा प्रवाहको अवस्था:**

| | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|
| वडा नं | कक्षा ९–१० | कक्षा ९–१२ | कक्षा ९–१० | कक्षा ९–१२ |
| १ | ० | ० | ० | ० |
| २ | ० | १ | ० | ० |
| ३ | ० | १ | ० | ० |
| ४ | १ | ० | ० | ० |
| ५ | ० | १ | १ | ० |
| ६ | ० | १ | ० | ० |
| ७ | ० | १ | ० | ० |
| जम्मा | १ | ५ | १ | ० |

स्रोत *EMIS 2081*

**तालिका नं ३.३.१.३**

शैक्षिक वर्ष २०८१ को माध्यमिक तहमा जम्मा विद्यार्थी संख्या ( सामुदायिक)

| कक्षा | दलित | | जनजाति | | अन्य | | अपाङ्गता | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| ९ | ६२ | ६५ | २९४ | ३०४ | २४ | २५ | ० | ० |
| १० | ६२ | ९० | ३०० | २९४ | १२ | ३४ | ० | १ |
| ११ | १ | १० | ६६ | ७९ | ५ | १० | ० | ० |
| १२ | १९ | ४२ | १६४ | १८८ | १६ | १५ | ० | ० |
| जम्मा | १४४ | २०७ | ८२४ | ८६५ | ५७ | ८४ | ० | १ |

स्रोत *EMIS 2081*

### तालिका नं ३.३.१.४

शैक्षिक सत्र २०८१ को माध्यमिक तहमा जम्मा विद्यार्थी सङ्ख्या ( संस्थागत )

| कक्षा | दलित | | जनजाती | | अन्य | | अपाङ्ग | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| ९ | ० | २ | ६ | १३ | १ | ३ | ० | ० |
| १९ | २ | ४ | ७ | ७ | २ | ४ | ० | ० |
| ११ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | २ | ६ | १३ | २० | ३ | ७ | ० | ० |
| कुल जम्मा | ५१ | | | | | | | |

स्रोत *EMIS 2081*

### तालिका नं ३.३.१.५

२०८० सालको परीक्षाको नतिजा बमोजिम सामुदायिक विद्यालयको कक्षागत सिकाइ उपलब्धि (सामुदायिक )

| class | Nepali | | | English | | | Math | | | Science & Technology | | | Social Studies & Human Value Education | | | OPT I | | | Opt II English | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | [illegible] | [illegible] | [illegible] | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total |
| 9 | 1.58 | 1.76 | 1.67 | 1.63 | 1.78 | 1.71 | 1.60 | 1.74 | 1.67 | 1.61 | 1.75 | 1.68 | 2.00 | 2.04 | 2.02 | 0.97 | 1.26 | 1.12 | 1.30 | 1.59 | 1.44 |
| 10 | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 |
| 11 | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 |
| 12 | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 | | 0 |

स्रोत *EMIS* २०८०

## प्रमुख समस्या तथा चुनौती

१. अधिकांश विद्यालयमा पाठगत शिक्षण सामग्री निर्माण र प्रयोगमा कमी हुनु ।
२. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशालाको उपलब्धता र प्रयोगमा कमी हुनु ।
३. सबै माध्यमिक विद्यालयमा पुस्तकालयको व्यवस्था हुन नसक्नु ।
४. माध्यमिक तहका बालबालिकाको शैक्षिक उपलब्धि स्तर कमजोर हुनु
५. विद्यालयमा रहेका कम्प्युटर, ल्यापटप, प्रोजेक्टर तथा सूचना, सञ्चार तथा प्रविधिको प्रयोगबाट शिक्षण कार्यमा कमी हुनु ।
६. आवश्यक विषयगत शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा संक्षम र योग्य जनशक्ति व्यवस्थापन नहुनु ।
७. विद्यालयमा विद्यार्थी टिकाउदर कम हुनु ।

८. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउन नसक्नु
९. विद्यालयमा पर्याप्त मात्रामा खेल सामग्री, साङ्गीतिक सामग्री तथा शिक्षकहरुलाई क्षमता वृद्धि सम्बन्धी तालिमको व्यवस्था गर्न नसकिएको हुँदा विद्यार्थीहरुको सम्पूर्ण पक्षको विकास हुन नसक्नु,
१०. माध्यमिक विद्यालयमा अनुगमन, निरीक्षण, र मेन्टरीङ्ग पक्ष कमजोर रहनु।
११. सबै माध्यमिक विद्यालयहरुमा नर्सिङ सहितको प्राथमिक उपचार कक्षको व्यवस्थापन हुन नसक्नु,
१२. गणित प्रयोगशाला, सामाजिक प्रयोगशाला, सङ्गीत कला तथा खेलकुद सामग्री निर्माण धेरैजसो विद्यालयमा नरहनु।
१३. अपाङ्गता भएका तथा अन्य सिमान्तकृत समुदायका बालबालिकाका लागि पर्याप्त छात्रवृत्ति तथा अन्य शैक्षिक सहयोगका कार्यक्रमहरू सञ्चालन नहुनु
१४. अभिभावकको शिक्षा सुधार तथा विकास प्रति कम चासो हुनु
१५. सबै विद्यालय भवन भूकम्प प्रतिरोधी नहुनु
१६. शौचालयको अवस्था कमजोर हुनु र छात्र/छात्रा/ अपाङ्गमैत्री शौचालयको अभाव हुनु,

### ३.३.३ उद्देश्यहरू

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्य राखेको छः

१. माध्यमिक शिक्षालाई निःशुल्क बनाई समतामुलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु
२. माध्यमिक शिक्षामा गुणस्तरमा सुधार गर्ने,
३. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउनु
४. सबै विद्यालयहरुमा नविनतम सूचना प्रविधिको विकास गर्नु

### ३.३.४ रणनीति

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ:

१. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकताअनुसार विद्यालयको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने।
२. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने
३. विद्यालय बाहिर रहेका बालबालिकाका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने
४. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने।
५. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने।
६. शिक्षकको पेसागत विकास तथा सहयोगको लागि अवश्यक प्रणालीको विकास गर्ने।
७. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गर्ने।
८. विद्यालयलाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने।
९. कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि विद्यार्थीलाई आकर्षित गर्न आवश्यक पूर्वाधार तथा छात्रवृत्तिको व्यवस्था गर्ने।
१०. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने।
११. माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ र गणित शिक्षा (STEM) जस्ता विषयको सिकाइलाई अन्तर सम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने।
१२. आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

१. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुने छ।

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने छ।

**ख) नतिजा**

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहूँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दर बृद्धि हुने ।

२. सबै माध्यमिक विद्यालयहरूमा विषय शिक्षकको व्यवस्था भएको हुने।

३. माध्यमिक विद्यालय तह पार गर्ने विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि पूरा गरेको हुने।

४. माध्यमिक तहमा गुणस्तरीय शिक्षाको सुनिश्चितता हुने।

५. विद्यालयहरू बालमैत्री समावेश प्रविधि मैत्री र विभेद रहित तथा सुरक्षित सिकाइ वातावरणको निर्माण भएको हुने।

६. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायत अन्य प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने।

७. विद्यार्थीहरू विभिन्न सामाजिक कार्यहरू (स.रे.जु) बालक्लबमा संलग्न रहि प्रकृतिक प्रकोप (स्काउट अदि तथा विपदमा सहयोगीका रूपमा सहभागी हुने ।

८. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता तथा बृत्ति विकास भइ पेशा प्रति उत्प्रेरित हुने।

९. शिक्षक र विद्यार्थी सिकाइप्रति अभिप्रेरित भइ शैक्षिक समाग्री निर्माण र प्रयोगमा क्रियाशील रहने।

१०. शिक्षकहरुलाई विषम परिस्थितिमा पनि सिकाइलाई जोड दिन सक्ने किसिमको नव पर्वद्धनात्मक र अनुसन्धानात्मक कार्यमा जोड दिने।

११. सबै माध्यमिक विद्यालयमा एक जना स्वास्थ्यकर्मीको व्यवस्था भइ विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था भई प्रयोगमा आएको हुने।

१२. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, आइसिटी प्रयोगशाला र ई लाईब्रेरीको स्थापना भई कार्यान्वयनमा आएको हुने ।

१३. माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ र गणित शिक्षा (STEM) जस्ता विषयको सिकाइलाई अन्तर सम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढेको हुनेछ।

१४. विद्यालय विपत् प्रति उत्थानशील हुने र विपत् प्रतिकार्य योजनाका आधारमा संकटपूर्ण अवस्थामा सिकाइको निरन्तरता भएको हुने।

१५. विद्यालय व्यवस्थापन समितिका पदाधिरकारीले विद्यालय व्यवस्थापन तथा नेतृत्व विकाससम्बन्धी क्षमता विकास भई प्रयोगमा आएको हुने।

१६. विद्यालयमा सामाजिक परीक्षण सञ्चालन भई पारदर्शिता तथा जवाफदेही संस्कार विकास भएको हुने।

१७. विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था भई प्रयोगमा आएको हुने ।

**ख ) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | नतिजाको सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहूँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दर बृद्धि हुने, | बालबालिका | ९३.४ | ९३.६ | ९३.९ | ९४.० | ९४.२ | |

| क्र.सं. | नतिजाको सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २ | सबै बालबालिका माध्यमिक शिक्षाको पहुँचमा भई सहभागी हुने | सङ्ख्या | २१८१ | २३२८ | २५८७ | २४९८ | २३८४ | |
| ३ | सबै माध्यमिक विद्यालयहरुमा विषय शिक्षकको व्यवस्था भएको हुने, | विद्यालय | ० | १ | ३ | ५ | ७ | |
| ४ | माध्यमिक विद्यालय तह पार गर्ने विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि पूरा गरेको हुने, | विद्यालय | ५ | ६ | ६ | ६ | ६ | |
| ५ | माध्यमिक तहमा गुणस्तरीय शिक्षाको सुनिश्चितता हुने, | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | |
| ६ | विद्यालयहरू बालमैत्री, समावेशी र सुरक्षित हुने | विद्यालय | ० | १ | २ | २ | २ | |
| ७ | शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता तथा वृत्ति विकास भइ पेशा प्रति उत्प्रेरित हुने, | जना | ६ | ६ | ६ | ६ | ७ | |

## ३.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | सबै प्रकार र तहका विद्यालय नक्शांकन, समायोजन र पुनरवितरण कार्यक्रम सन्चालन | पटक | १ | | १ | | १ | ३ | ६ |
| २ | सामुदायिक माध्यमिक विद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (संघिय अनुदान सहित) | सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ | ११५ | २३० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० |
| ४ | सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत कर्मचारी र सहयोगी कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | संख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० |
| ५ | सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत लेखा र प्रशासनिक | संख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | | | | | | | |
| ६ | माध्यमिक बिद्यालय (कक्षा १-१२) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, शिक्षण सिकाई सामग्री, कम्तिमा १/१ सेट पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुबिधा, आदि) | बिद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| ७ | माद्यमिक बिद्यालय (कक्षा १-१२) का लागि एकमुष्ठ अनुदान (SMC का सदस्यहरुको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | बिद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| ८ | माध्यमिक बिद्यालय (कक्षा १-१०) सन्चालित परम्परागत धार्मिक बिध्यालयहरु: गुरुकुल/आश्रम, गुम्बा र मदरसाका लागि बजेट अनुदान | | ० | ० | ० | ० | ० | - | |
| ९ | माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | बिद्यार्थी | १५६६ | १५६६ | १५६६ | १५६६ | १५६६ | ७८३० | १५६६० |
| १० | माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसार हुने) | बिद्यार्थी | ६१५ | ६१५ | ६१५ | ६१५ | ६१५ | ३०७५ | ६१५० |
| ११ | माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ९-१०) | बिद्यार्थी | १७२ | २०४ | २१९ | २३५ | २५१ | १०८१ | २१६२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | | | | | | | |
| १२ | माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ११-१२) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | बिद्यार्थी | ७४ | ८० | ८६ | ९२ | ९८ | ४३१ | ८६२ |
| १३ | कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान | बिद्यार्थी | १०८१ | १२०७ | ११५० | १११८ | १०६० | ५६१७ | ११२३४ |
| १४ | माध्यमिक बिद्यालय तहमा पुस्तकालय स्थापना र सन्चालन बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | ८ |
| १५ | माध्यमिक बिद्यालय तहमा बिज्ञान प्रयोगशाला स्थापना र सन्चालन बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | माध्यमिक बिद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सिकाई सामग्री र सन्चालन बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | ४ | ८ |
| १७ | कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा कार्यरत शिक्षक, प्रशिक र सहायक प्रशिकका लागि तलब र भत्ता बापतको बजेट अनुदान | शिक्षक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| १८ | कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा प्रति बिद्यार्थी सिकाई सामग्री, प्रयोगशाला सहयोग, औजार/सामग्री, प्रयोगात्मक सामग्री, OJT र सन्चालन खर्च बापतको बजेट अनुदान | बिद्यार्थी | ६६ | ६६ | ६६ | ६६ | ६६ | ३३० | ९६० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | कक्षा ९-१२ मा प्राविधिक धार सन्चालन भएका विद्यालयमा प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन बापतको बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २० | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | ० | १ | ० | ० | ० | १ | २ |
| २१ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ र गणित शिक्षा(STEM) जस्ता विषयको सिकाइलाइ अन्तर सम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | विद्यालय | ० | ६ | ६ | ६ | ६ | २४ | २६ |
| २२ | अपांगता भएका विद्यार्थिलाइ सहयोग | विद्यार्थी | ५ | १० | १५ | २० | २५ | ७५ | १५० |
| २३ | विद्यार्थीले उच्च शिक्षा र पेशा छनौटको लागि कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २४ | सामुदायिक माध्यमिक विद्यालयमा (कक्षा ९-१२) मा कार्यरत शिक्षकका लागि तलब भत्ता | संख्या | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| २५ | शैक्षिक मेलाको आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २६ | मनोसामाजिक परामर्शको आयोजना गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २७ | असल अभ्यास अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २८ | उत्कृष्ट शिक्षकलाई सम्मान | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| २९ | पालिका स्तरीय खेलकुदको आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

प्राविधिक शिक्षा भन्नाले कुनै किसिमको विज्ञान, शिल्पकला, प्रविधि सम्बन्धी सिप वा ज्ञान दिइने शिक्षा हो भने व्यावसायिक शिक्षा भन्नाले कुनै पनि व्यावसाय वा पेशाको आधारमा दिइने शिक्षा हो । व्यक्तित्व विकास र क्षमतामा सबलता आई व्यावसायिक क्षमता बढ्नु नै प्राबधिक तथा व्यवसायिक शिक्षाको मर्म हो । एउटा पेशा, पेसागत समूह वा व्यवसायको लागि आवश्यक प्रविधिको ज्ञान, सिप तथा प्रवृत्तिको विकास गर्ने उद्देश्यले प्रविधिसँग सम्बन्धित व्यवहारिक ज्ञान प्रदान गर्ने शिक्षा हो । यो शिक्षा विद्यालयको पाठ्यक्रममा व्यवसायिक विषय समाहित गरी कुनै निश्चित पेशा वा व्यवसायको लागि ज्ञान, सिप तथा प्रवृत्ति प्रदान गर्ने शिक्षा हो ।

नेपालमा विद्यालय तहमा ९ र १२ को संरचना भई प्राविधिक तथा व्यवसायिक धार सञ्चालन गर्ने गरी विद्यालय क्षेत्र सुधार कार्यक्रम तथा शिक्षा मन्त्रालयले तत्कालिन शिक्षा विभाग मार्फत सामुदायिक विद्यालयमा कक्षा ९ बाट प्राविधिक शिक्षा सञ्चालन गर्ने निर्णय २०६८ सालमा गरेको थियो । सोही निर्णय अनुसार कक्षा ९ र १२ को विद्यालय तहको पाठ्यक्रम विकास भई वि.स.२०७० साल देखि कक्षा ९ मा प्राविधिक शिक्षाको ९९ वटा विद्यालयमा पठनपाठन प्रारम्भ भएको थियो । हाल सम्म नेपाल सरकारले अनुदान दिनेगरी ५३१ वटा प्राविधिक शिक्षा अध्ययन गराउने विद्यालय सञ्चालनमा रहेका छन् । बालीविज्ञान, पशु विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गीत शिक्षा सञ्चालनमा रहेका छन् । वि. स. २०७२ को संविधान सँगसँगै समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक र व्यवसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तह देखिने गरी समेटिएको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्नेगरी निर्धारण गरेको विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी,समतामूलक र समान्यायिक ढङ्गमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएको छ । यस प्रकारको शिक्षाको विकासले यस पालिकामा सिपयुक्त दक्ष जनशक्तिउत्पादन हुने र रोजगार एवं रोजगारीका अवसरहरु सिर्जना भई विदेसिने युवाहरु आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ ।

### ३.४.२ वर्तमान अवस्था

देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ्य, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वावलम्वी, रोजगार उन्मुख तथा मूल्य उन्मुख तहको जनशक्ति उत्पादन गर्नु यो तहको शिक्षाको प्रमुख ध्येय हो । लागत सहभागिता, सामुदायिक सहभागिता, मागमा आधारित कार्यक्रम सञ्चालन र परिचालन गर्नका लागि तीनै तहका सरकारहरुको महत्वपूर्ण भूमिका देखिन्छ । नेपाल सरकार तत्कालिन शिक्षा विभाग (हाल शिक्षा तथा मानवस्रोत विकास केन्द्र) मार्फत अनुमति प्राप्त गरी शैक्षिक सत्र २०७४ देखि मर्चवारी गाउँपालिका अन्तर्गत वडा नं.३ मा अवस्थित श्रीमती मनराजी देवी माध्यमिक विद्यालय १ मात्र प्राविधिक विद्यालय रहेको छ । यस पालिकामा २०७८ सालमा सञ्चालनमा आएको एक मात्र प्राविधिक शिक्षालय छ जसमा छात्रा ० र छात्र ५६ गरी जम्मा ५६ जना रहेका छन् ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षा मानव स्रोत विकास केन्द्र मार्फत अनुमति लिई सञ्चालन भएका प्राविधिक धारका (९-१२) का विद्यालयमा विद्यार्थी भर्नामा मुख्य समस्या र चुनौती देखिन्छ । यस पालिकामा मुख्य गरी कक्षा ९को भर्ना सिलसिलामा भर्खर कक्षा ८ पास गरेका विद्यार्थीहरु शरिरिक र मानसिक रुपमा परिपक्व नभएको हुनाले ती विद्यार्थीहरु र अभिभावकहरुमा प्रविधि शिक्षा सम्बन्धी चेतनाको कमी हुन्छ, के अध्ययन गर्ने? के पढ्दा र कुन विषय राम्रो हुन्छ ? भन्ने छुट्याउन सक्दैनन् भने अर्को तर्फ प्राविधिक धारको मुख्य उद्देश्य न्यून र मध्यम स्तरको विद्यार्थी उपयोगरी मध्यमखाले जनशक्ति उत्पादन गर्ने

उद्देश्य भएता पनी पाठ्यक्रमको जटिलताका कारण न्यून र मध्यम स्तरका बालबालिकाहरुले प्राविधिकधारका विषयहरु अध्ययन गर्न सक्दैनन् जसले गर्दा विद्यार्थी भर्नामा समस्या भएको छ।

प्राविधिक धार अध्यापन गर्नेका लागि कक्षा ९ देखि १२ का विद्यालयहरुमा नेपाल सरकारको संघीय अनुदान मार्फत सहायक प्रशिक्षक २ जना, प्रशिक्षक २ जना र ल्याव टेक्नीसीयन १ रहेको छ। उनीहरुको स्थायी दरबन्दी नहुने, अस्थायी करारमा रहनु पर्ने, स्थायी गर्ने कानुनी व्यवस्था नहुनु, सहायक प्रशिक्षक, प्रशिक्षक, वरिष्ठ प्रशिक्षकलाई दिइने सेवा सुविधा तथा थप सुविधामा कमीका कारण, प्राविधिक जनशक्तिको आकर्षण देखिदैन भने प्राप्तभएका जनशक्ति पनि उपयुक्त अवसर पाउन साथ अन्यत्र जानेहुँदा प्राविधिक शिक्षामा जन शक्ति पाउन र टिकाउन समस्या र चुनौती देखिन्छ।

**समस्या तथा चुनौती**

१. प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि नक्शाङ्कन तथा सम्भाव्यता अध्ययन नहुनु
२. प्राविधिक शिक्षामा सबैको पहुँच सर्वसुलभ नहुनु
३. प्राविधिक शिक्षा हासिल गरेका जनशक्तिको रोजगारीको अवस्था सुनिश्चितता नहुनु
४. अभिभावकलाई प्राविधिक शिक्षा तथा व्यावसायिक सिप बिकास प्रति आकर्षित गर्न नसक्नु
५. आर्थिक स्रोत व्यवस्थापनका लागि अधिकांश अभिभावकहरू संक्षम नहुनु
६. पर्याप्त पूर्वाधार तथा उपकरण सहितको शैक्षिक कार्याक्रम सञ्चालन नहुनु
७. दक्ष प्रशिक्षक उपलब्ध हुन नसक्नु र प्रशिक्षकहरुको निरन्तरता कायम हुन नसक्नु
८. सूचना सञ्चार तथा प्रविधिमा आधारित शैक्षिक कार्यक्रम सञ्चालन नहुनु
९. नक्सांकन आधारमा अत्यावश्यक पूर्वाधार सहितको प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको अवसर सर्बसुलभ बनाउन नसक्नु
१०. प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको गुणस्तर अभिवृद्धि गर्न नसक्नु
११. प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासमा उचित समन्वय र सहकार्यको वातावरण निर्माण गर्न नसक्नु
१२. गरिब, विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाको प्राविधिक शिक्षा एवम् सिपमूलक तालिमको पहुँचमा सुनिश्चित गर्न नसक्नु
१३. प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि अत्यावश्यक लगानी सुनिश्चित गर्न नसक्नु

**सामुदायिक विद्यालयमा प्रावधिक शिक्षा अध्ययनरत ९ र १०**

| क्र.स. | विद्यालयको नाम | IEMIS CODE | कुल विद्यार्थी जम्मा २०८१ | | | कक्षा |
|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | |
| १ | श्रीमती मनराजीदेवी माध्यमिक विद्यालय | 490550005 | २५ | ० | २५ | ९ |
| | | | ३१ | ० | ३१ | १० |
| | **Total** | | ५६ | ० | ५६ | |

### ३.४.३ उद्देश्य

१. सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसर सुनिश्चित गर्नु
२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका उपलब्ध अवसर गराउनु

३. प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको गुणस्तर अभिवृद्धि गर्नु

### ३.४.४ रणनीतिहरु

१. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सिर्जना गर्ने ।

२. बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालासँग समन्वय गर्ने

४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा संक्षम जनशक्ति तयार गर्ने ।

५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने ।

६. आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने ।

७. पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी / जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने ।

८. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने ।

९. विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने ।

१०. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।

### ३.४.५ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

१. उपलब्ध प्राकृतिक स्रोत र साधनहरूको प्रयोग र परिचालन गर्दै, आर्थिक उपार्जन र समृद्धिमा योगदान गर्न सक्ने निम्न र मध्यम स्तरको प्राविधिक, व्यवसायिक र उद्यमी जनशक्ति उत्पादन हुने

२. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये ५ प्रतिशतले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरेका हुने छन् ।

**ख) नतिजा**

१. पालिकामा प्राविधिक तथा व्यावसायिक सिप विकाससम्बन्धी पहुँच सुनिश्चित गर्न नक्शांकन कार्य सम्पन्न भई प्राविधिक शिक्षा व्यवस्थित भएको हुने ।

२. प्राविधिक धार सञ्चालन भएका साधारण सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास भएको हुने ।

३. पालिकामा एक बहु प्राविधिक विद्यालयको व्यवस्थापन भएको हुने ।

४. प्राविधिक धार सञ्चालन भएका विद्यालय वा शिक्षालयमा सूचना प्रविधि, ई लाइब्रेरी सहितको स्मार्ट कक्षा सञ्चालन भएको हुने ।

५. प्राविधिक धारको शिक्षाको सञ्चालन भएका विद्यालयहरूको व्यवस्थापन सुदृढ भएको हुने ।

६. समुदाय तहमा सिपमूलक एवम् स्वरोजगारमूलक तालिम प्राप्त गरी रोजगारीका अवसर प्राप्त गरेको अवस्था हुने ।

७. विद्यालयमा आधारित सिप मूलक तालिम विकासका अवसर सुनिश्चित भएको हुने ।

८. गरिब विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाले प्राविधिक शिक्षाका लागि छात्रवृत्ति प्राप्त गरी प्राविधिक शिक्षा हासिल गरेको हुने ।

९. प्राविधिक धार सन्चालन भएका विद्यालयको प्रयोगशाला व्यवस्थापन भई सिकारुले गुणस्तरीय सिकाइ अभ्यास गर्ने अवसर प्राप्त गरेको हुने ।

१०.परम्परागत सिप तथा प्रविधि उद्यमीकरण भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य:**

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | विद्यालय | १ | ० | ० | ० | १ | |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | विद्यालय | २५ | ३० | ४० | ४८ | ४८ | |
| ३ | गरिब विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाले प्राविधिक शिक्षाका लागि छात्रवृत्ति प्राप्त विद्यार्थी सङ्ख्या | संख्या | ३ | ४ | ५ | ५ | ५ | |
| ४ | पालिकामा प्राविधिक तथा व्यावसायिक सिप विकाससम्बन्धी पहुँच सुनिश्चित गर्न नक्शांकन कार्य सम्पन्न भई प्राविधिक शिक्षा व्यवस्थित भएको हुने । | संख्या | ० | ० | ० | ० | १ | |

## ३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स . | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | श्रीमति मनराजी देवि मा वि मा सञ्चालित प्राविधिक शिक्षा कार्यक्रम स्तरोन्नती एवं प्रयोगशाला व्यवस्थापन सहयोग | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ७ |
| २ | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | वटा | ० | १ | १ | १ | १ | ४ | ५ |
| ३ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाइ उद्यमशिलता विकासको लागि सहयोग | सङ्ख्या | ० | ५ | १० | १५ | २० | ५० | १०० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक बिद्यालयको अनुगमन, नियमन र व्यवस्थापन | पटक | ० | २ | २ | २ | २ | ८ | १० |

# ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

## ३.५.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन अजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । औपचारिक पद्धति भन्दा बाहिर लचिलो ढँगबाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागिहरु आफ्नो जीवनमा आइपर्ने समस्याहरुकाबारेमा छलफल र समाधानका उपायहरु खोजी निर्णय कार्यान्वयन गर्छन । आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न

किसिमका समूहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरबृद्धि शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार अनौपचारिक शिक्षाको माध्यमबाट आधारभूत शिक्षामा प्रवेश गराउने नीति लिएको छ। विभिन्न सिकाइ अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीवन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ। यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ।

सामुदायिक अध्ययन केन्द्रलाई जीवनपर्यन्त सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रमा परिणत गरिएको छ विद्यालय शिक्षा क्षेत्र योजना (२०२२–२०३२) अन्तर्गत अनौपचारिक शिक्षा र आजीवन सिकाइका उद्देश्यहरूमा अनौपचारिक शिक्षा र आजीवन सिकाइको महत्वलाई बढावा दिनु, व्यक्तिको जीवनस्तर सुधार्नका लागि सिप र ज्ञान प्रदान गर्नु, व्यावसायिक तालिम र रोजगारीका अवसरहरू सिर्जना गर्नु, सामाजिक समावेशिता प्रोत्साहित गर्नु, समुदायमा सिकाइका अवसरहरू सिर्जना गर्नु, आधुनिक प्रविधिको उपयोग गरेर सिकाइको पहुँच विस्तार गर्नु, र सार्वजनिक स्वास्थ्य र जीवनशैली सुधार्न जनचेतना बढाउने उद्देश्यहरु समावेश गरिएका छन्।

### ३.५.२ वर्तमान अवस्था

रुपन्देही जिल्ला २०७२।०३।३१ मा साक्षर जिल्लाको रुपमा घोषणा भएको थियो। सोही अनुसार मर्चवारी गाउँपालिकाका साविकका गा.वि.स.हरूलाई साक्षर गा.वि.स.का रुपमा घोषणा गरिएको हो जिल्ला साक्षर घोषणा हुनुपूर्व साबिकका गा.वि.स.हरुमा अनौपचारिक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएका थिए। अनौपचारिक शिक्षा कार्यक्रमहरु प्रशस्त मात्रामा भएता पनि हाल संञ्चालित औपचारिक शिक्षा तथा अजीवन सिकाइ कार्यक्रमहरुले निरक्षरहरु विशेषतः १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरुलाई साक्षर बनाउने कार्यमा योगदान गरेको देखिन्छ। वि.सं २०७८ को जनगणना अनुसार मर्चवारी गाउँपालिकाको साक्षरता दर ६८.७ प्रतिशत रहेको छ। साक्षरमध्ये महिलाको साक्षरता दर ५८.१ प्रतिशत र पुरुक्षको साक्षरता दर ७९.२ प्रतिशत रहेको छ। पुरूषको तुलनामा महिला साक्षरता दर कम रहेको छ। देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा आजीवन सिकाईको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको छ। त्यसै क्रममा यस गाउँपालिकाले पनि सवै निरिक्षरलाइ साक्षर बनाइ भाषिक र गणितीय सिपको विकासका गरी दैनिक कृयाकलाप सहित आयआर्जन गर्नकालागी हाल ३ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन्। गाउँपालिकाको वडा ६ बगौली, ३ नं. वडा सेमरा र ४ न. वडा खैरामा सामुदायिक सिकाइ केन्द्रले समेतले अनौपचारिक शिक्षा कार्यक्रममा सहयोग गरेता पनि केन्द्रहरुले खासै उपलब्धिमूलक कार्य गर्न सकेका छैनन्। आवधिक रूपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले गाउँपालिकाको साक्षरता सम्बन्धी तथ्याङक अद्यावधिक हुन नसकिरहेको अवस्था छैन। गाउँपालिका भित्र कति निरक्षरको संख्या छ भनेर निक्यौंल गर्न सकिने अवस्था छैन।

यस गाउँपालिकामा अनौपचारिक तथा आजीवन सिकाइकालागि विभिन्न गैर सरकारी संघ संस्थाले पनि काम गरिरहेको अवस्था छ। विद्यालय बाहिर रहेका १०देखि १९ वर्षका किशोर किशोरी तथा युवाहरूलाई आधारभूत तहको शिक्षाको सुनिश्चितता सहित मूलधारमा ल्याउन र विस्तारका लागि अनौपचारिक तथा बैकल्पिक शिक्षाको प्रभावकारी माध्यम खेल्दै सिक्दै बैकल्पिक सिकाइ कार्यक्रम गैर सरकारी संस्थाले गाउँपालिकासगँको सहकार्यमा सुरूवात भएको छ। उक्त कार्यक्रम मार्फत विद्यालय बाहिर रहेका १०देखि १९ वर्षका किशोर किशोरी तथा युवाहरूलाइ अनौपचारिक तथा बैकल्पिक शिक्षा प्रदान हुदै आएको छ। उपयुक्त माध्यमका

रूपमा सुरक्षित सिकाइ वातावरण तथा मान्यता प्राप्त अनौपचारिक सिकाइका अवसर सहित खेल्दै सिक्दै कार्यक्रमले पढ्दै,कमाउँदै जस्ता कार्यक्रमहरूलाई पनि सहज बनाउनु साथै विद्यालय कहिल्यै नगएका र विद्यालय गएर छाडेका किशोर किशोरीहरूलाइ शिक्षाको मूलधारमा सहभागी हुने अवसर प्रदान गरेको छ।

उक्त कार्यक्रमले यस गाउँपालिकाको वडा नं ७ मा रहेको गणेश सामुदायिक सिकाइ केन्द्र अन्तर्गत वडा नं ५ र ६ मा दुई खेल्दै सिक्दै वैकल्पिक सिकाइ कार्यक्रम सञ्चालन गरेको छ । त्यसैगरी सरस्वती सिकाइ केन्द्र मार्फत वडा नं १ र ३ मा पनि उक्त कार्यक्रम संञ्चालनमा रहेको छ । उक्त कार्यक्रमबाट करिब १५० जना लाभान्वित भएका छन् । उक्त कार्यक्रले विद्यालय बाहिर रहेका र विद्यालयमा औपचारिक शिक्षा प्राप्त गर्न नसक्नेहरूका लागी उपयोगी भएको छ । आगामी दिनमा उक्त कार्यक्रमलाई आवश्यकताका आधारमा आगामी दिनमा निरन्तरता दिइने छ।

**मर्चवारी गाउँपालिकाका सामुदायिक सिकाइ केन्द्रको विवरणः**

सामुदायिक सिकाइ केन्द्रहरुको विवरण २०८१

| क्र.स. | विद्यालयको नाम | IEMIS | कूल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा |
| १ | न्यू सरस्वती सामुदायीक सिकाइ केन्द्र | 4900701 | २० | २५ | ४५ |
| २ | लक्ष्मी सामुदायीक सिकाइ केन्द्र | 4900702 | १५ | ३० | ४५ |
| ३ | गणेश सामुदायीक सिकाइ केन्द्र | 4900703 | १८ | २९ | ४७ |

**समस्या तथा चुनौतीहरु**

माथि उल्लेखित सन्दर्भ र विश्लेषणका आधारमा अनौपचारिक शिक्षाका समस्या एवं चुनौतीहरु निम्न अनुसार पहिचान गरिएको छ।

१. समुदायको आर्थिक अवस्था कमजोर हुनु।
२. स्थानीय तहको योजनामा अनौपचारिक तथा आजीवन सिकाई प्राथमिकतामा नपर्नु।
३. निरक्षरहरूको वास्तविक तथ्याङ्क सङ्कलन नहुनु।
४. शिक्षालाई सिपसँग जोड्न र सिपलाई रोजगारसँग जोड्न नसकिनु।
५. अनौपचारिक शिक्षा तथा अजीवन सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीका रुपमा संस्थागत विकास हुन नसक्नु
६. आर्थिक रूपले पछाडि परेका समुदायमा साक्षरोत्तर कक्षा तथा सिप विकास तालिमका अवसर कम हुनु।
७. अनौपचारिक तथा अजीवन शिक्षाका लागि मापदण्ड अनुकूल पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्री विकास हुन नसक्नु।

**३.५.३ उद्देश्य**

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छ।

१. सबै नागरिककालागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु।
२. सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक तथा वैकल्पिक शिक्षा र आय आर्जन सिप विकासका लागि जिम्मेवार एवम् सक्षम बनाउनु।
३. अनौपचारिक शिक्षा, जीवनपर्यन्त तथा खुला सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु।

**३.५.४ रणनीतिहरु**

१. सामुदायिक सिकाइ केन्द्रको आवश्यकता अनुसार स्थापना गरी अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने।

२. गाउँपालिकाभित्र पुन: घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गर्ने

३. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय सङ्घसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने

४. नवसाक्षर, प्रौढ महिला तथा पुरुषहरुलाई आयआर्जनका कार्यक्रमसंग जोडी आत्मनिर्भर र व्यावसायिक बनाउन सहयोग गर्ने।

५. मौलिक एवम् परम्परागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने।

६. तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरु र भाषिक विविधता अनुरुपका डिजिटल सिकाइ सामग्री विकास, सिकाइ परीक्षण र प्रमाणीकरणका लागि आवश्यक प्रबन्ध गर्ने।

७. गाउँपालिकाले सामुदायिक सिकाइ केन्द्रलाई सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रुपमा विकास गर्ने ।

८. सामुदायिक सिकाइ केन्द, विद्यालय, स्थानीय सङ्घसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने

### ३.५.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन्।

**ख ) नतिजा**

- साक्षर निरक्षर लगायत अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइसँग सम्वन्धित तथ्यांक संकलन भइ अद्यावधिक हुने ।
- सामुदायिक सिकाइ केन्द्र स्थापना भइ निरन्तर शिक्षा तथा आयआर्जन कार्यक्रम सञ्चालन हुने ।
- निरक्षर साक्षर हुने, साक्षरले निरन्तर शिक्षा र जीवनोपयोगी सिप प्राप्त हुने ।
- आय आर्जन गरी जीवन निर्वाह र स्वावलम्बी आत्मनिर्भर हुने ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारीताको प्रारुप तयार हुने ।
- सामुदायिक सिकाइ केन्द्रको संस्थागत संयन्त्र एवम् सञ्चलन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइको केन्द्रको रुपमा विकास हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) * (%) | २० % | २५ % | ३० % | ४० % | ५०% | |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्ष भन्दा माथिका महिला) (%) | १२ % | १५ % | १८ % | २५ % | ३०% | |
| ३ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | १ | १ | ० | १ | ० | |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | १ | ० | ० | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | ० | १ | ० | ० | ० | |
| ६ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | १ | १ | १ | १ | १ | |
| ७ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | १ | १ | १ | १ | १ | |

### ३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | (१० वर्ष) |
| १ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने) | पटक | ० | १ | ० | ० | ० | १ | १ |
| २ | स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | हाल सन्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सन्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्यांक बिवरण तयार गर्ने बापतको बजेट अनुदान | केन्द्र | १ | १ | १ | १ | ० | ४ | ४ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | (१० वर्ष) |
| ४ | हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेट अनुदान | केन्द्र | ० | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ५ | अनौपचारिक र निरन्तर शिक्षासम्बन्धी NQF कार्यन्वयन (समकक्षता मूल्यांकन र निर्धारणका लागि ऐन, निर्देशिका साथै संस्थागत संरचना, मानव स्रोत विकास र तिनको क्षमता अभिबृधि गर्ने) का लागि बजेट अनुदान | पटक | ० | १ | ० | ० | १ | २ | ४ |
| ६ | CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिमका लागि बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | १५ | १० |
| ७ | अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन बापतको बजेट अनुदान | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ८ | सामुदायिक सिकाई केन्द्र मार्फत बिद्यालय बाहिर रहेका बालबालिका को पहिचान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | बिद्यालय बाहिर रहेका बालबालिका हरुको लागि बैकल्पिक शिक्षा सन्चालन गर्ने | पटक | २ | २ | २ | १ | १ | १० | ५० |
| १० | राष्ट्रिय योग्यता प्रारुप प्रबोधिकरण तथा कार्यान्वयन | केन्द्र | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ११ | बिद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्यांक EMIS मा अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | सामुदायिक सिकाई केन्द्र मार्फत रोजगार र सिपमुलक कार्यक्रम संचालन | केन्द्र | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |

परिच्छेद ४ :

# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम सिकाइको समस्त तथा बृहत योजना हो । शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । यो बदलिदों समाज अनुसार परिवर्तित र परिमार्जित हुँदै जाने निरन्तर प्रक्रियाको रुपमा पाठ्यक्रमले गर्नु पदर्छ । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सिप तथा अभिवृत्तिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकुल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक कृयाकलापमा संलग्न हुन सहयोग पुग्नुपर्दछ । पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारु केन्द्रित र तथ्यपरक हुनुपर्दछ ।

आधारभूत तह १-३,४-५ र ६-८ का लागि अलग अलग पाठ्यक्रम निर्माण गरी कार्यान्बियनमा ल्याइएको छ । यसैगरी माध्यमिक तह कक्षा ९-१०र कक्षा ११-१२ मा पनि छुट्टाछुट्टै एकलपद्वतीय पाठ्यक्रम तयार गरी कार्यान्वयनको प्रक्रियामा ल्याइएको छ । विद्यालयको पाठ्यक्रमलाई सान्दर्भिक बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई स्वीकृत गरिएको, व्यवहार कुशल तथा जीवन उपयोगी सिप समावेश हुने गरी सिकाइ क्रियाकलाप रणनीति बनाइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वियन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्वालन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

### ४.१.२ वर्तमान अवस्था

यस मर्चवारी गाउँपालीले शिक्षकहरूलाई समयमानै पाठ्यक्रम प्रवोधीकरण तालीम संचालन गरी सवै सामुदायीक विद्यालयमा अध्ययनरत बालबालीकालाई समयमानै पाठ्यपुस्तक प्रदान गरेको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूपको पाठ्यक्रममा कक्षा १-३ सम्म अन्तरसम्बन्धित विषयहरूलाई एकीकृत गरिएको छ । विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्लाई प्रदान गरिएता पनि कक्षा १-३ सम्म ५ कार्य घण्टा र ४ कार्य घण्टा बराबरको मातृभाषा स्थानीय बिषय वा संस्कृत विषयको पाठ्यक्रम विद्यालय वा स्थानीय तहले निर्माण गरी लागू गर्ने व्यवस्था गरिएको छ । यस गाउँपालिकामा १ देखी ३ कक्षा सम्म एकीकृत पाठ्यक्रमको तालीम शिक्षकहरूलाई प्रर्याप्त भएको छैन जसले गर्दा १ देखि ३ कक्षा सम्म एकीकृत पाठ्यक्रम लागु भएतापनि प्रभावकारी हुन सकेको छैन । मूल्याङ्कन सम्बन्धी नीतिगत व्यवस्थालाई हेर्दा यस पालिकामा कक्षा १-३ सम्म सबै निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहेको छ । कक्षा ४-५ मा ५०% निरन्तर र ५०% आवधिक परीक्षाबाट हुने र कक्षा ६-७ मा ४०प्रतिशत निरन्तर मूल्याङ्कन र ६० प्रतिशत आवधिक परीक्षा गर्ने व्यवस्था छ । कक्षा ८ मा आवधिक परीक्षामार्फत विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ ।

माध्यमिक तह (९-१२) मा ७५% सैद्वान्तिक र २५% प्रयोगात्मक मूल्याङ्कन प्रणालीको व्यवस्था रहेको छ । सैद्वान्तिक तर्फ विद्यार्थीहरुको मूल्याङ्कनको लागि कक्षा ९ बिभिन्न आवधिक परीक्षा, तथा १०, ११, १२ मा वार्षिक परीक्षालाई आधार मानिएको छ । हाल मूल्यांकनमा अङ्क पद्धतिलाई विस्थापित गरी अक्षरांकन पद्धति लागू गरिएको छ । माध्यमिक तह (९-१२) मा सैद्वान्तिक तर्फ ३५% अङ्क र प्रयोगात्मक तर्फ ४०% अङ्क प्राप्त गरी उत्तीर्ण हुनु पर्ने प्रावधान २०७८ बाट लागु गरिएको छ ।

यस गाउँपालिकामा विगत २०७८ सालमा कक्षा १ देखी ३ सम्मकोलागि स्थानीय पाठ्यक्रम निर्माण गर्न स्थानीय पाठ्यक्रम निर्माण समिति गठन गरी सो सम्बन्धी कर्य प्रारम्भ गरिएको थियो तर कक्षा १ देखि तिन सम्मको उक्त पाठ्क्रम र पाठ्पुस्तक निर्माण कार्य सम्पन्न हुन सकेको छैन।

**मुख्य समस्या र चुनौती**

१. सिकाईलाई प्रभावकारी बनाउन अनलाइन सिकाई पोर्टलको प्रयोग नहुनु
२. पाठ्यक्रममा आधारित शिक्षण सिकाइ नहुनु
३. स्थानीय पाठ्यक्रम निर्माण हुन नसक्नु
४. सिकाइमा शैक्षिक सामग्रीको प्रयोग न्यून गरिनु
५. विद्यालयमा पुस्तकालयको व्यवस्था कमी नहुनु र भएकोमा पनि शिक्षण सिकाइमा प्रयोगमा नआउनु
६. एकीकृत पाठ्यक्रमको लागि अत्यावश्यक सक्षमता विकास तालिम शिक्षकलाई प्रदान नहुनु
७. पाठ्क्रममा आधारित मूल्याङ्कन गर्ने अभ्यास नहुनु
८. स्थानीय तहमा शैक्षिक सामग्री विकास तथा प्रयोग गर्ने अभ्यास नहुनु
९. प्रविधिमा आधारित शिक्षण सिकाइ हुन नसक्नु र शिक्षण सिकाइ परम्परागत हुनु
१०. सिकाइ सामग्री विकास तथा प्रयोगका लागि अपर्याप्त हुनु
११. विज्ञान प्रयोगशालाको अवस्था कमजोर हुनु र प्रयोगात्मक अभ्यास हुने अवस्था नहुनु
१२. पाठ्यक्रम प्रबोधीकरणको अवस्था कमजोर रहनु
१३. अपाङ्गता भएका बालबालिकाको लागि अनुकूल पाठ्यसामाग्रीको व्यवस्था गर्ने कठिन हुनु
१४. नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वियनको लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालनमा कठिन हुनु

### ४.१.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम र पाठ्यसामाग्री सम्बन्धी निम्नलिखित उदेश्यहरू राखेको छ

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु।
४. सामुदायिक विद्यालयहरूमा स्टेमका माध्यमबाट गणित तथा विज्ञान विषयको नतिजा सुधार गर्नु

### ४.१.४ रणनीति

१. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकताका साथ समावेश गर्ने
२. प्रत्येक विद्यालयका शिक्षकहरू राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम निर्माण र संशोधन भएका नया पाठ्यक्रम विद्यालय स्तरमा प्रबोधिकरण गरी सोहीअनुसार शिक्षण क्रियाकलाप गर्ने
३. विकास गरिएका पाठयक्रम तथा पाठय सामाग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढंगले प्रबोधिकरण गर्ने
४. विपत, महामारी तथा संकटको अवस्थामा सिकाइलाई निरन्तरतादिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्ने र शिक्षकको क्षमता अभिवृद्धि गर्ने

५. शिक्षक निर्देशिका, पाठ्यक्रम पाठ्यपुस्तक सन्दर्भ सामग्रीहरु सर्वसुलभ हुने गरी व्यवस्थापन गरिने
६. पाठ्यक्रममा आधारित सिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेशागत सक्षमता र विकासलाई निरन्तरता दिइने।
७. .शिक्षण सिकाइलाई बालकेन्द्रित लैंगिक तथा अपाङ्गमैत्री बनाई सूचना सञ्चारको उचित प्रयोगद्वारा सिकाइलाई प्रभावकारी गर्ने।
८. विद्यालयलाई वैकल्पिक शिक्षण सिकाइ अनुरुप शैक्षिक क्रियाकलापमा सक्षम बनाउँदै गर्ने।
९. सहपाठी सिकाइ समूह गठन गरी कमजोर क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा गर्ने।
१०. सूचना सञ्चार तथा प्रविधिमा आधारित अत्यावश्यक पूर्वाधार विकास उचितप्रयोग गर्ने क्षमताको विकास गरी कक्षगत रुपमा प्रविधिमा शिक्षण सिकाइलाई प्रयोगमा गर्ने
११. स्टीमको अवधारणाअनुसार गणित र विज्ञान विषयको उपलब्धि बृद्धि गर्न शिक्षकहरूको क्षमता विकास गर्ने।
१२. विज्ञान तथा गणित विषयमा सिर्जनात्मक सामग्री प्रदर्शन गर्ने व्यवस्था गर्ने।
१३. पूर्वीय दर्शनमा आधारित योगा ध्यान व्यायाम प्राकृतिक चिकित्सा र बुद्ध उपदेश आदि विषयमा प्रयोगात्मक कार्यसँगै छलफल गर्ने।
१४. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने।

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

(क) उपलब्धि

- पाठ्यक्रम समय सान्दर्भिक र व्यवस्थित भइ दैनिक जीवनमा आवश्यक आधारभूत सक्षमता सहित, सिर्जनशील, सकरात्मक सोच भएका, सिकाइप्रति प्रतिबद्ध नागरिक तयार गर्न सहयोग हुने छ।

(ख) नतिजा

- बालविकास देखि कक्षा १२ सम्मका पाठ्यक्रम सुचारु तरीकाले कार्यान्वियन हुने ।
- कक्षा एकदेखि तीन सम्म एकीकृत पाठयक्रमले अपेक्षा गरेका व्यवहारकुशल सिपहरु कार्यान्वयन हुने ।
- स्थानीय पाठ्यक्रमनिर्माण र प्रयोगले स्थानीय परिवेशको पहिचान र अपनत्वलाई स्पष्टता दिलाउने ।
- स्टेमको अवधारणा अनुसार शिक्षण प्रकृयाले गणित र विज्ञान विषयको उपलब्धिमा सुधार हुने ।
- सिकाइ क्रियाकलाप बालमैत्री स्थानीय परिवेश तथा आवश्यकतानुसार हुने ।
- सूचना सञ्चार तथा प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि वृद्धि हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाल विकासदेखि कक्षा १२ सम्मका पाठ्यक्रमहरू सुचार तरिकाले कार्यान्वयन गर्ने विद्यालय संख्या | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | |
| २ | कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहारकुशल सीपहरू कार्यान्वयन गर्ने विद्यालय संख्या | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | विद्यालय | ० | १५ | १५ | १५ | १५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | विभिन्न स्रोतहरुले उपलब्ध गराएका डिजिटल अध्ययन सामग्रीको प्रयोग गर्ने विद्यालयको संख्या | विद्यालय | २ | १ | १ | १ | १ | |
| ७ | स्टिम अवधारणा अनुसार शिक्षण प्रकृयाले गणित र विज्ञान विषयको उपलब्धिमा सुधार हुने विद्यालय सङ्ख्या | विद्यालय | ० | १ | १ | २ | २ | |
| ८ | सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि वृद्धि हुने विद्यालय सङ्ख्या | विद्यालय | ० | १ | १ | २ | २ | |

### ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | Digital सामाग्रीहरुको कार्यन्वयन (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | पटक | ० | १ | ० | ० | १ | २ | २ |
| २ | संस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० |
| ३ | आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरुलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | संख्या | २३ | २३ | २३ | २३ | २३ | ११५ | २३० |
| ४ | आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने (जसमा:- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरुको विकास र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | संख्या | २३ | २३ | २३ | २३ | २३ | ११५ | २३० |
| ५ | प्राविधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाई सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने (जसमा:- प्राविधिक धारका विषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाई सामग्रीहरुको विकास, मुल्यांकन पद्धतिको विकास र तिनको प्रवोधिकरण, बितरण, प्रयोग बिषयहरु समावेश गर्ने) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | बहूपाठ्यपुस्तकहरुको कार्यान्चिन गर्ने (जसमा:- बहू पाठ्यपुस्तक नीतिको कार्यान्यन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको मुल्यांकन र छनौट, बहूबर्षिय पाठ्यपुस्तकहरुको परिक्षण गर्ने र अपाङ्गता भएका बिद्यार्थीहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरुको विकास गर्ने) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | पाठ्यक्रम अभिमुखिकरण तथा प्रवोधीकरण | | ४६ | | | ४६ | | ९२ | १८४ |
| ८ | शिक्षक तालिम र पुनर्ताजगि तालिम | संख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | १००० |
| ९ | स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण तथा कार्यान्वयन | पटक | | १ | १ | | | २ | ४ |
| १० | मातृभाषा मा आधारित शिक्ष ण सिकाई सम्बन्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

### ४.२ शिक्षक व्यवस्थापन र विकास

#### ४.२.१ परिचय

विद्यालय औपचारिक शिक्षा प्राप्त गर्ने पवित्र मन्दिर हो । औपचारिक, अनौपचारिक वा अनियमित तवरले शिक्षा प्राप्त गर्न सकिन्छ । शिक्षण सिकाइका सिद्धान्त, विधि र प्रक्रिया तथा विषयवस्तुको जानकार भइ बाल मनोभावना अनुरुप क्रियाकलाप गरी सिकाइ गर्ने व्यक्तित्व शिक्षक हो । शैक्षिक गुणस्तर समय, स्थान र सामाजिक विकासको सापेक्ष हुन्छ । तहगत, कक्षागत, विषयगत रुपमा शिक्षकको व्यवस्थापन गरिन्छ । शिक्षकको योग्यता, क्षमता र दक्षताले सिकाइमा प्रभाव पार्दछ । पेशागत क्षमतामा निखारता ल्याउने क्रिया पेशागत विकास हो । नेपालमा विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरुले शिक्षकको पेशागत विकासको कार्य सञ्चालन गर्दै आएका छन् भने शैक्षिक योग्यता दिलाउने कार्यमा विद्यालय विश्वविद्यालयहरुको भूमिका महत्वपूर्ण रहेको छ ।

शिक्षक अध्यापन अनुमति पत्र तथा शिक्षक नियुक्तिका लागि परीक्षा सञ्चालन गर्ने र सिफारिस गर्ने काम शिक्षक सेवा आयोगले गर्दछ । साथै शिक्षकको बढुवा तथा वृत्ति विकासको प्रवन्ध मिलाउन तीनै तहका सरकार क्रियाशील रहेका छन् । दिगो विकासको लक्ष्य, शिक्षा ऐन, शिक्षा नियमावली आदि मार्फत् शिक्षकको व्यवस्थापन तथा तालिम, पेशागत विकासको सुनिश्चितता गर्ने प्रयास भएको छ । गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षक व्यवस्थापन र विकास अपरिहार्य आवश्यकता हो, जसलाई मर्चवारी गाउँपालिकाले विशेष चासोका साथ अगाडि सारेको छ ।सकारात्मक सामाजिक परिवर्तनका लागि शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ । पेशाप्रति समर्पित र लगनशील निष्ठावान शिक्षकबाट मात्र गतिशील शिक्षा प्राप्त हुन सक्छ । समय, श्रम र साधनको लगानी गरी योग्यता, क्षमता र प्रविधिले निखारता पाएका व्यक्तित्व छनौट गरी शिक्षा क्षेत्रमा आकर्षण गर्न सके मात्र समग्र देश विकासको ढोका खुल्न सक्छ । शिक्षक हुनका लागि शिक्षक अध्यापन अनुमति पत्र भएका योग्यता पुगेका व्यक्तिबाट शिक्षक सेवा आयोगले रीतपूर्वक छनौट गरी सिफारिस गर्ने र स्थायी शिक्षक बढुवाका लागि निश्चित मापदण्ड निर्धारण गरेको छ ।

शिक्षण पेशाप्रति आकर्षण बढाउन, अब्बल जनशक्ति शिक्षा क्षेत्रमा भित्राउन देशको चौतर्फी विकास गर्न शिक्षामा लगानी बढाउनु पर्छ, जसको प्रत्यक्ष अप्रत्यक्ष सकारात्मक प्रतिफल समाजमा अवश्य पर्दछ । शैक्षिक परिवर्तनको वाहक शिक्षकलाई पेशागत सहयोग पुर्याएर शैक्षिक क्षेत्रमा फड्को मार्न विभिन्न समयमा सुपरिवेक्षण, निरीक्षण, तालिम र क्षमता विकास कार्यक्रम सञ्चालन गरिदै आएको भएता पनि प्रभावकारी रुपमा नियमित हुन सकेका छैनन । माध्यमिक तहसम्मको शिक्षा व्यवस्थानको जिम्मा स्थानीय तहमा आएसँगै शिक्षक पेशागत सहयोग पद्धतिको विकास स्थानीय स्तरमा हुन आवश्यक छ ।

#### ४.२.२ वर्तमान अवस्था

यस पालिकामा बालविकास सहजकर्ता सहित स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सहयोग अनुदान र गापा श्रोतमा गरी २०९ जना रहेका छन् । जसमा स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सहयोग अनुदान १७५ गापा श्रोतमा जम्मा ६४ जना शिक्षकहरु कार्यरत रहेका छन् । आधारभूत कक्षा १-५ मा ९७ जना, कक्षा ६-८ मा ५७ जना र माध्यमिक तह कक्षा ९-१० मा १७ जना तथा कक्षा ११-१२ मा ४ शिक्षक दरबन्दी रहेको छ । आधारभूत तह १-५ मा शिक्षक विद्यार्थी अनुपात ४२ रहेको छ भने ६-८ मा ३८ रहेको छ । माध्यमिक तह र आधारभूत तहको कक्षा ६-८ मा आवश्यक न्युनतम शिक्षक दरबन्दी पुग्न सकेको छैन । कार्यरत शिक्षकमध्ये ५० प्रतिशत शिक्षकहरु तालिम प्राप्त छन् ।

विद्यालय शिक्षा क्षेत्र योजनाले स्थानीय तहमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न शिक्षकहरूको रोष्टर तयार गरी परिचालन गर्ने कार्यक्रम रहेको छ । शिक्षकको पेशागत सहायता सम्बन्धमा मार्गदर्शनहरु तय भएका छन् । गुणस्तरीय शिक्षाको निर्धारणमा प्रधानाध्यापकको सक्षम नेतृत्व पहिचान गरिएको सन्दर्भमा विद्यालय क्षेत्र शिक्षा योजनामा शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग

उपलब्ध गराउन प्रधानाध्यापकलाई अझै जिम्मेवार बनाउने लक्ष्य राखेको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सञ्चालन गरिने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले नेपाली र गणित विषयमा विद्यार्थीहरूको उपलब्धि सन्तोषजनक नभएको देखाएको छ भने यस पालिकाको शैक्षिक उपलब्धि पनि धेरै उत्साहजनक रहेको छैन ।

शिक्षकको नियमितता तथा कक्षाकोठामा बिताउने समय वृद्धि गर्न सकिएको छैन । शिक्षक व्यवस्थापन तथा विकासको चुनौतीपूर्ण कुरा भनेको शिक्षणलाई आकर्षक पेसाका रूपमा विकास गर्न नसक्नु हो । हाल शिक्षाप्रति भावना भएका व्यक्तिहरूलाई यस पेसामा आकर्षित गर्न तथा टिकाउन सकिएको छैन । संघीयता कार्यान्वयन पश्चात् स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीको पनि अभाव देखिएको छ । शिक्षा तालिम केन्द्रहरूको सङ्ख्यामा भएको कटौती तथा पर्याप्त क्षमता नहुनुले पनि चुनौती थपेको छ। शिक्षक पदस्थापनामा रहेको भिन्नता तथा विद्यार्थीको सिकाइ र शिक्षकको कार्यसम्पादन तथा वृत्ति विकास बिच सम्बन्ध कायम गर्न नसक्नुका कारण शिक्षकको उत्प्रेरणा, वृत्ति विकास तथा उत्तरदायित्वमा चुनौती छ ।

**हाल मौजुदा शिक्षक विद्यार्थी अनुपात**

| सामुदायीक विद्यालयमा कार्यरत शिक्षक | महिला | पुरूष | जम्मा | सामुदायिक विद्यालय विद्यार्थी विवरण | संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| आधारभूत तह १ देखि ५ | ३१ | ६६ | ९७ | आधारभुत तह | ४०८१ | ४२ |
| आधारभूत तह ६ देखि ८ | १२ | ४५ | ५७ | आधारभुत तह | २१४८ | ३८ |
| माध्यमिक तह ९ देखि १० | ० | १७ | १७ | माध्यमिक तह ९ देखी १० | १५६६ | ९३ |
| माध्यमिक तह ११ देखि १२ | १ | ३ | ४ | माध्यमिक तह | ६१५ | १५३ |
| कुल जम्मा | १७५ | | | | | |

*स्रोत: मर्चवारी गाउँपालिका २०८१*

**प्रमुख समस्या र चुनौती**

१. शिक्षण सिकाइ परम्परागत हुनु, तालिमबाट हासिल सिप सही रूपमा कार्यान्वयनमा नहुनु
२. स्थानीय स्रोत र साधनमा आधारित शैक्षिक सामग्री विकास तथा प्रयोगको अवस्था नहुनु
३. विपत र सङ्कटपूर्ण अवस्थामा शिक्षण सिकाइ सञ्चालन नहुनु
४. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता नहुनु
५. शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास नहुनु
६. प्रविधि मैत्री शिक्षकमा कमी हुनु
७. आन्तरिक स्रोत वा नगरपालिका स्रोत शिक्षकहरुको उचित र समान पारिश्रमिक व्यवस्था नहुनु
८. शिक्षकलाई शैक्षणिक सहयोग प्रदान गर्ने पद्धति नहुनु
९. कक्षा कोठा वातावरण गुणस्तरीय तथा आधुनिक शिक्षणका लागि उपयुक्त नहुनु
१०. शिक्षकहरुको लागि हालको सेवा सुविधाहरुमा समयानुकूल परिवर्तन गरी प्रोत्साहन तथा प्रभावकारी पुरस्कार र दण्डको व्यवस्था नहुनु
११. तालिम कार्यान्वयनको अनुगमन पक्ष कमजोर रहनु र शिक्षक प्रोत्साहनका कार्यक्रमहरू कार्यान्वयन नहुनु

### ४.२.३ उद्देश्य

उपर्युक्त समीक्षा तथा समस्या तथा चुनौतीहरूका आधारमा स्थानीय तहको शिक्षाक्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन्:-

१. तहगत, कक्षागत, तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु ।
२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु ।
३. पेसागत विकास र सिकाइ आदानप्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा संक्षम प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु ।

### ४.२.४ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने
२. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने,
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास लगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गर्ने
४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने
६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने
७. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,
८. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,
९. शिक्षककोलागि असल अभ्यासको अवलोकन भ्रमण गरिने
१०.कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने, उपचारात्मक शिक्षण पद्धति लागु गर्ने,
११.अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि,

### ४.२.५ प्रमुख उपलब्धि तथा नतिजा

#### क. उपलब्धि

- दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुने छ ।
- शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुने छ ।
- संक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने छ ।

#### ख. नतिजा

- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने
- शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने,
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने

- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुनेछ
- शिक्षकको आपूर्ति नियमित रूपमा हुनेछ
- शिक्षकको वृत्ति विकासका लागि पारदर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | सङ्ख्या | ३४ | ३५ | ३६ | ३७ | ३८ | |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० | |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | प्रतिशत | २०(%) | ३०(%) | ४०(%) | ५०(%) | ६०(%) | |
| ५ | सूचना प्रविधिको व्यवस्थापन भइ शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | ० | १ | २ | ४ | ६ | |
| ६ | कक्षा कोठाहरू सूचना प्रविधिमैत्री भएको विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | ० | १ | २ | ४ | ६ | |

### ४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | संख्या | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| २ | १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अंग्रेजी बिषयको बिषयबस्तुहरुको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | शिक्षक | १५ | २५ | ३५ | ४५ | ५० | २९ | ५० |
| ३ | शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाई सम्बन्धी तालिम | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | ११५ | ९ |
| ४ | ECED सँग सम्बन्धित बिभिन्न तालिमहरुको नयाँ मापदण्डका आधारमा तालिमहरुको गुणस्तर सुनिश्चित गर्न प्रशिक्षक प्रशिक्षण सन्चालन गर्ने | विषयगत | १ | १ | १ | १.० | १ | ५ | २ |
| ५ | सबै विद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वियन गरिने | पटक | २ | २ | २ | २ | २ | १० | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ७ | शिक्षक अनुगमन कार्यक्रमका लागि क्षमता अभिबृद्धी गर्ने | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| ८ | आधारभूत तहका (कक्षा १-५) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | संख्या | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० |
| ९ | आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई शिक्षक तालिम एकीकृत पाठ्यक्रमका आधारमा निरन्तरता दिने | संख्या | २३ | २३ | २३ | २३ | २३ | ११५ | २३० |
| १० | नयाँ भर्ना हुने ECED Teachers/ Facilatotars हरूलाई १५ दिने (९० घण्टा) सेवा प्रवेश तालिम प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ७ | १४ |
| ११ | कार्य सम्पादनमा आधारित प्रोत्साहन दिने | संख्या | १० | १० | १० | १० | १० | ५० | १०० |
| १२ | सिकाइ सहजीकरणको लागि ल्यापटप र स्मार्ट बोर्डको व्यवस्था भएको बिद्यालय संख्या | बिद्यालय | ० | १ | १ | २ | २ | ६ | १२ |
| १३ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ संजाल बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाइ पेसागत सहयोग गर्न शिक्षण सिकाइ समुह बैठक/घुम्ती बैठक सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| १५ | एकीकृत पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरूलाई पठन तत्व तथा एकीकृत ढाँचाको तालिमको व्यवस्था | पटक | १ | | १ | | | २ | ४ |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता सम्भव हुँदैन। पहुँच र सहभागिताको लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानताहरू बिच गरिने असमान व्यवहारनै शैक्षिक समता हो।

देश भित्र रहेका सम्पूर्ण दलित, आदिवासी, जनजाति, मधेसी, महिला, मुस्लिम, अल्पसंख्यक, सिमान्तकृत, पिछडावर्ग, विपन्न, भूमिहीन, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, उत्पिडीत वा पिछडिएको क्षेत्रका बालबालिकाहरुको

शिक्षामा समतामूलक सहभागिता उनीहरुको संवैधानिक अधिकार हो । शिक्षामा विशेष अवसर प्राप्त गर्नु उनीहरुको सामाजिक न्यायको हक पनि हो । यसै तथ्यलाई मनन गर्दै राष्ट्रिय शिक्षा नीति, २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ द्वारा सबै प्रकारका बालबालिकाहरुलाई विद्यालय शिक्षाको दायरामा लिइ माध्यमिक तहसम्मको शिक्षालाई विशेष सुविधा सहित निःशुल्क गराउनुपर्ने आसय प्रकट गरिएको छ । बन्चितीकरणमा परेका बालबालिकाहरु बिशेष सुबिधा सहित समतामूलक शिक्षा उपलब्ध गराइ विद्यालय शिक्षाको मूलधारमा सहभागी गराउने उद्देश्य अनुरुप एकीकृत समता रणनीति २०७१ समेत कार्यान्वयनमा आइसकेको छ । हालसम्म भएका विभिन्न प्रयासहरुले लक्षित वर्गका बालबालिकाहरुको शिक्षामा पहुँच बढ्दै गइरहेको देखिएता पनि पूर्ण रुपमा सन्तोष हुनुपर्ने अवस्था भने अझै आउन बाँकी छ । ती वर्गका बालबालिकाहरुलाई उनीहरुको आवश्यकता अनुसार थप सहयोग गरी पहुँच वृद्धि, निरन्तरता एवम् शैक्षिक उपलब्धिलाई अन्य सुविधा सम्पन्न वर्गका बालबालिका सरह गराउनु टड्कारो आवश्यकता छ ।

### ४.३.२ वर्तमान अवस्था

मर्चवारी गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यहाँ जनजाती, मधेशी ब्राह्मण, क्षेत्री, दलित आदिको बसोवास छ । साथै विभिन्न प्रकारका अपाङ्गता भएका, आर्थिक अवस्था कमजोर भएका, समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका व्यक्तिहरूको मिश्रित बसोबास रहेको छ । जनसंख्याको आधारमा समग्रमा महिलाहरूको जनसंख्या यस गाउँपालिकामा बढी छ । सामाजिक साँस्कृतिक तथा त्रिभिन्न परम्परागत कार्यले गर्दा लैङ्गिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषतः अपाङ्गता भएका, दलित, बिपन्न परिवार आदिहरूको शिक्षामा पहुँचमा कमि रहेको छ ।

मर्चवारी गाउँपालिकामा १५ सामुदायिक विद्यालय, ८ मदरसा र १५संस्थागत विद्यालय गरी जम्मा ३८ विद्यालयहरु सञ्चालनमा छन् । त्यसैगरी ३९ वटा बालविकास केन्द्रहरु रहेका छन् । फ्लेस रिपोर्ट २०८० बमोजिम बालविकास केन्द्र र विद्यालयहरुमा गरी १७ जना अपाङ्गता भएका बालबालिकाको विद्यालयमा भर्ना भएको देखिन्छ । अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच बृद्धिका आवासीय तथा गैरआवासीय छात्रवृत्ति प्रदान गर्नु पर्ने देखिन्छ । जातियताको हिसाबले दलित र जनजाति समेतलाई पछाडि पारिएको वर्गको रुपमा लिइन्छ । यस गाउँपालिकामा विद्यार्थीको भर्नामा दलितको १७.७१ प्रतिशत, जनजातिको ६७ प्रतिशत रहेको छ । समग्रमा विद्यार्थीको ४८.२३ प्रतिशत छात्रा र ५१.७७ छात्र रहेकोले छात्राहरूको शिक्षामा पहुँच केही कम रहेको देखिन्छ ।

समुदायमा अपाङ्गता भएका बालबालिकाहरुको अभिलेखीकरण हुन सकेको छैन । त्यस्ता प्रकारका बालबालिकाहरु विद्यालय शिक्षाको पहुँचबाट अझै पनि टाढा रहेको अवस्था छ । त्यसैगरी लैगीक अल्पसंख्यक आर्थिक र सामाजिक अवस्थाले पछाडिपरेका समूहका बालबालिकाहरुको समेत विद्यालय शिक्षाको पहुँच बाट टाडा देखिन्छन् । विद्यालय भर्ना भएका बालबालिकालाई छात्रवृतिका रुपमा तोकिएको आधारमा प्रदान गरिने गरिन्छ । खासगरी आधारभूत तहका कक्षा १ देखि ८ मा अध्ययन गर्ने सबै छात्राहरु र दलित बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गरिन्छ । यस प्रकारको सहयोगले समेत पहुँच वृद्धि भएको पाइएको छ ।

यस गाउँपालिकामा कुनैपनि प्रकारको स्रोत कक्षा छैन, बहिरा बालबालिकाहरु, बौद्धिक अपाङ्गता भएका बालबालिकाहरु, दृष्टि विहिन बालबालिका लगाएत अन्य अपाङ्गता भएका बालबालिकाहरुका लागि छुट्टै स्रोत कक्षाको व्यवस्था हुने सकेको छैन । यस्ता प्रकृतिका बालबालिकाहरुलाई पालिका भन्दा बाहिर स्रोत कक्षा र विशेष कक्षा उपलब्धता हुने स्थानमा पठाई उनिहरुको हक सुनिश्चित गर्ने कार्य सक्रियताका साथ गरिएको छैन ।

माथि उल्लेखित विश्लेषणको आधारमा शैक्षिक समता र समावेशीकरणकालागि सामाजिक रूपमा पछाडी परेको वर्गको पहुँचमा देखिएका समस्या तथा चुनौतीहरू निम्न रहेका छन-

१. अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन विश्लेषण र अभिलेखीकरण हुन नसक्नु
२. विद्यालयमा विभेदरहित वातावरण सिर्जनामा चेतनाको विकास हुन नसक्नु ।
३. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु ।
४. समाजमा अझैपनि विभेद, दुर्व्यवहार,हेपाइ जस्ता व्यवहार कायमै हुनु र बालमैत्री व्यवहार नहुनु ।
५. दलित, विपन्न, अपाङ्गता भएको व्यक्ति समेतलाई प्रदान गरिने सहायता न्यून हुनु।
६. सिकाईको विश्वव्यापी ढाँचाको सिद्धान्तमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन नसक्नु ।
७. पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग र उपयोग, सह तथा अतिरिक्त क्रियाकलाप आदिमा समावेशी पहुँच सुनिश्चित हुन नसक्नु
८. समावेशी शिक्षण सिकाइका लागि आवश्यक सक्षमता विकास तथा प्रयोग गर्न नसक्नु

**४.३.३ उद्देश्य**

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु
२. शैक्षिक सुशासन कायम गर्न विद्यालय तथा विभिन्न संघसंस्था र कार्यालयहरूलाई जवाफदेही बनाउने ।
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु

**४.३.४ रणनीति**

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पुरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने ।
२. बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पुरा गर्ने
३. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने ।
४. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने ।
५. कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।
६. विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरी लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।
७. आाधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने ।
८. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने ।
९. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गर्ने।

**४.३.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य**

**क. उपलब्धि**

समाजमा पछाडि परेका र आर्थिक तथा समाजिक रूपले कमजोर अपाङगता भएका र साहारा विहिनको बालबालिकाहरूको विद्यालयमा समतामुलक पहुँच भएको हुनेछ ।

## ख. नतिजा

- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैकालागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने
- अपाङ्गता,गरिब, विपन्न, अभिभावकविहीन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुने।
- लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ति एवम् प्रोत्साहन प्राप्त गरेको हुने।
- विद्यालयहरूमा लैङ्गिक जातीय, सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि हुने।
- सिकाइ सीमितता भएका बालबालिकाले अतिरिक्त सिकाइ सहयोग कार्यक्रममा सहभागी भई शैक्षिक उपलब्धिमा सुधार भएको हुने।
- विद्यालयमा डिजिटल समेत विकास तथा प्रयोग भएको हुने।
- बाल क्लब तथा जुनियर रेडक्रस सर्कल लगायतका क्लबहरू विद्यालय तथा समुदायमा समावेशी सिकाइ वातावरण निर्माणमा सक्रिय भएका हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| | शिक्षामा समता र समावेशीकरण | इकाई | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा लैङ्गिक समता सूचक पुरा गर्ने | अनुपात | ०.९४ | ०.९५ | ०.९६ | ०.९७ | ०.९८ |
| २ | माध्यमिक तहमा लैङ्गीक समता सूचक पुरा गर्ने | अनुपात | ०.८० | ०.८३ | ०.८६ | ०.८९ | ०.९२ |
| ३ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता पुरा गर्ने विद्यालय संख्या | सङ्ख्या | ५ | ५ | ५ | ५ | ३ |
| ४ | लक्षित समुहले तोकिए बमोजिम छात्रवृत्ति एवम् प्रोस्तसाहन प्राप्त गर्ने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ |
| ५ | सबै प्रकारको विभेद अन्त भएको विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ |

### ४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | लक्ष्य(१० वर्ष) |
| १ | स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्रहरू सँग समन्वय गरी शैक्षिक सत्रको शुरूमा ECD देखि आधारभूत तहसम्मका विद्यार्थीहरुको अपाङ्गतासम्बन्धी | विद्यार्थी | ८२६७ | ८४६७ | ८३५९ | ८४०७ | ८४४५ | ४१९४५ | ८३८९० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्वास्थ्य जांच र परीक्षण गरी निदान गर्न बजेट अनुदान | | | | | | | | |
| २ | बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि विशेष शिक्षा प्रदान गर्न विशेष विद्यालय निर्माणका | विद्यालय | ० | ० | ० | ० | १ | १ | १ |
| ३ | श्रवण/बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाई सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु वितरणका लागि बजेट अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | शिक्षाको मूल प्रवाह बाहिर रहेका र नरहेका सबै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | पटक | | १ | | | १ | २ | ४ |
| ५ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |
| ६ | प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लक्षित समावेशी शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | ४ | ८ |
| ७ | स्रोत कक्षा संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | बाल क्लब तथा जुनियर रेडक्रस सर्कलमा आधारित कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | अभिभावक सचेतना कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | विश्वव्यापी सिकाइ ढाँचामा आधारित शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन सङ्ख्या | सङ्ख्या | ५ | ५ | ५ | ५ | ३ | २३ | २३ |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्था उनीहरूको संज्ञानात्मक क्षमता शैक्षिक उपलब्धि गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकोले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाउनु पर्दछ। यसका लागि विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणको कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु एउटा मितव्ययी तथा प्रभावकारी तरिका देखिएको छ। विद्यालयमा आधारित पोषण तथा स्वास्थ्य सेवाको न्यूनतम प्याकेज अन्तर्गत वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रुपमा जुकाको औषधी वितरण तथा आवश्यकता अनुसार प्रतिस्थापन हुने व्यवस्थासहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस कक्षा ६ देखि १२ का बालिकाहरुलाई आइरन चक्की छात्राहरूका लागि

सेनिटरी प्याड छात्र र छात्राका लागि अलगअलग शौचालय व्यवस्थापन समितिको सक्षमतामा सुधार तथा पोषण र स्वास्थ्यका सवालमा बाल क्लबहरूको परिचालन गर्नुपर्ने रहेको छ।

विद्यालय शिक्षा क्षेत्र योजनाले बालबालिकाको स्वास्थ्य पोषण सरसफाइ तथा स्वच्छता र खाद्य सम्प्रभुता सम्बन्धमा प्राथमिकता दिए पनि तिनलाई विद्यालयसँग कसरी जोड्ने भन्ने रणनीति स्पष्ट गरेको देखिँदैन।

विद्यालय शिक्षा क्षेत्र योजना र १६ औं आवधिक योजनामा बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाई सुधार गर्नका लागि जुका नियन्त्रण सूक्ष्मपोषक तत्त्व तथा दृष्टि एवम श्रावणको जाँच र स्वास्थ्य तथा पोषण शिक्षा प्रदान गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने रणनीतिहरू प्रस्ताव गरिएका छन्। यी उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने प्रायजसो कार्यक्रमहरूबाट स्वास्थ्य क्षेत्रबाट वा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी कार्यान्वियन गर्नुपर्ने हुँदा कार्यक्रमको नतिजामा एकरुपता नदेखिने सम्भावना पनि रहेको छ।

विशेषत विद्यालय र स्थानीय स्वास्थ्य संस्थाको सक्रियता र स्वेच्छिक सहकार्यमा यी कार्यक्रमहरूको प्रभावकारिता निर्भर भएको देखिन्छ। वित्तीय अवस्थाको कुरा गर्दा धैरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार सामग्री तथा खाजा बनाउने व्यक्ति लगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु १५ पर्याप्त देखिँदैन ।

### ४.४.२ वर्तमान अवस्था :

मर्चवारी गाउँपालिकामा विद्यालय स्वथ्य तथा पोषण कार्यक्रम तर्फ वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रूपमा जुकाको औषधी वितरण आइरन चक्की र फोलिक एसिड वितरण प्राथमिक उपचार सामग्री बाकसको उपलब्धता पक्षहरुमा गाउँपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वयमा विद्यालयमा कार्यान्वयन गरिएको छ। प्राथमिक उपचार सामग्रीको बाकस र आवश्यक औषधीहरु एकपटक प्रदान गरिए पनि सबै विद्यालयलाई प्रत्येक वर्ष उपलब्ध गराउन सकिएको छैन।

उपलब्ध गराइएका प्राथमिक उपचार बाकसमा उपचारका सामग्री औषधि तथा अत्यावश्यक उपकरणहरू समावेश गर्न सकिएको छैन। विद्यालयमा महिनावारी स्वच्छता सम्बन्धमा छात्राहरूका लागि उपलब्ध गराइएको सेनिटरी प्याडको व्यवस्थापन गर्नु मुख्य चुनौतीका रुपमा रहेको छ। सरसफाइ तथा स्वच्छताको मापदण्ड तयार गर्न सकिएको छैन। दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न आवश्यक वृहत तथा सूक्ष्म पौष्टिक तत्व समावेश भएका बहु मेनुहरू स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्राथमिकता दिन सकिएको छैन। यद्यपि दिवा खाजा व्यवस्थापनका लागि जनशक्तिको अभाव विद्यालयहरूले झेल्दै आएका छन्। दिवा खाजाका सन्दर्भमा जङ्कफुडको प्रयोगलाई प्रतिबन्ध लगाइए पनि यसको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन काम हुने गरेको छ। प्लास्टिक मुक्त विद्यालय क्षेत्र बनाउनका लागि अभियान सञ्चालन गर्न सकिएको छैन। विद्यालयमा रहेका बाल क्लबले सरसफाइ प्रवर्धनका क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेका छन्। विद्यालयका भौतिक संरचनामा पर्याप्त शौचालय र खानेपानी वा सुविधा रहेपनि विद्यार्थीले प्रयोग गर्ने अधिकांश शौचालयहरू दुर्गन्धित छन्।

मर्चवारी गाउँपालिकाको सवालमा बालबालिकाका लागि सरसफा तथाइ स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य पोषण र सरसफाई तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक रहेको छ। त्यसै गरी पालिकाले प्रत्येक विद्यालयहरूमा जुकाको औषधी, कक्षा ४ देखि माथिका छात्राहरूलाई आइरन चक्की, भिटामिन ए क्यापसूल, सेनटरी प्याड वितरण, दादुरा रुबेलाको खोप समेत सेवा प्रदान गर्दै समय समयमा विद्यालयहरूमा स्वास्थ्य परिक्षण गर्दै आइएको छ।

## तालिका नं ४.४.१.१

## सामुदायिक   विद्यालयमा वातावरण, पिउनेपानी तथा सरसफाई

### तालिका नं ४.४.१.२

विद्यालय स्वास्थ्य तथा पोषण

| क्र.स. | विद्यालयको नाम | प्राथमिक उपचार बक्स तथा औषधी भएको | प्राथमिक उपचार सहायता/सुविधा | नर्सको व्यवस्था | जुकाको औषधी खाएको विद्यार्थी सङ्ख्या | आइरन चक्की खाएको विद्यार्थी सङ्ख्या | सेनेटरी प्याडको व्यवस्था भएको | विद्यार्थीहरुको वर्षमा २ पटक स्वास्थ्य जाँच गरेको | गाडी/ यातायात सेवा | विद्यालयको आय स्रोत भएको | विद्यालय स्वास्थ्य तथा पोषण फोकल शिक्षक | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जनता  माध्यमिक विद्यालय | √ | x | X | √ | √ | √ | √ | x | x | √ | |
| २ | श्री बगौली  माध्यमिक विद्यालय | √ | x | X | √ | √ | √ | √ | x | x | √ | |
| ३ | श्रीमती मनराजीदेवी माध्यमिक  विद्यालय | √ | x | X | √ | √ | √ | √ | x | x | √ | |
| ४ | श्री ठर्की माध्यमिक विद्यालय | √ | x | X | √ | √ | √ | √ | x | x | √ | |
| ५ | अमवा  माध्यमिक विद्यालय | √ | x | X | √ | √ | √ | √ | x | x | √ | |
| ६ | श्री सरस्वती आधारभूत विद्यालय | √ | x | X | √ | √ | √ | √ | x | x | √ | |
| ७ | श्री जनहित   आधारभूत विद्यालय | √ | x | X | √ | √ | √ | √ | x | x | √ | |
| ८ | श्री सेमरा  आधारभूत विद्यालय | √ | x | X | √ | √ | √ | √ | x | x | √ | |
| ९ | श्री मर्चवारी  आधारभूत विद्यालय | √ | x | X | √ | √ | √ | √ | x | x | √ | |
| १० | श्री शिसो सेमरा  आधारभूत विद्यालय | √ | x | X | √ | √ | √ | √ | x | x | √ | |
| ११ | श्री सरस्वती आधारभूत विद्यालय | √ | x | X | √ | √ | √ | √ | x | x | √ | |
| १२ | श्री जनकल्याण  आधारभूत विद्यालय | x | x | X | √ | √ | √ | √ | x | x | √ | |
| १३ | श्री नरेश जनता  आधारभूत विद्यालय | √ | x | X | √ | √ | √ | √ | x | x | √ | |
| १४ | श्री जनशक्ति  आधारभूत विद्यालय | x | x | X | √ | √ | √ | √ | x | x | √ | |
| १५ | श्री हरिनामपुर माध्यमिक विद्यालय | √ | x | X | √ | √ | √ | √ | x | x | √ | |
| १६ | मदरसा अरविया फैजुल उलुम | x | x | X | √ | √ | x | √ | x | x | x | |
| १७ | मदरसा बरकातिया निजामुल उलुम | x | x | X | √ | √ | x | √ | x | x | x | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | मदरसा जामिया सैयदा अहुरूल इस्लाम गर्लस कलेज | x | x | X | √ | √ | x | √ | x | x | x | |
| १९ | मदरसा इस्लामिया ताजुल उलूम | x | x | X | √ | √ | x | √ | x | x | x | |
| २० | मदरसा अरबिया सेराजुल उलूम | x | x | X | √ | √ | x | √ | x | x | x | |
| २१ | मदरसा तालिमुल इस्लाम अल इब्ते दाइया | x | x | X | √ | √ | x | √ | x | x | x | |
| २२ | मदरसा अरबिया मिशबाहुल उलूम | x | x | X | √ | √ | √ | √ | x | x | x | |
| २३ | मदरसा तकबियातुल इमान | x | x | X | | √ | √ | √ | x | x | x | |

**समस्या र चुनौती :**

१. दिवा खाजा व्यवस्थापनका लागि आवश्यक न्यूनतम भौतिक संरचना विकास नहुनु
२. दिवा खाजा व्यवस्थापनका लागि आवश्यक भान्से, भाँडाकुँडा आदिको प्रबन्ध नहुनु
३. स्थानीय कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापन गर्न कठीनाइ हुनु
४. स्थानीय तहबाट दिवा खाजा व्यवस्थापनसम्बन्धी स्थानीय आवश्यकता र परिवेशमा आधारित कार्यविधि विकास नहुनु
५. दिवा खाजाका लागि तोकिएको रकम न्यून हुनु
६. दिवा खाजा व्यवस्थापनको अनुगमन नहुनु
७. सरोकारवालामा पोषण सम्बन्धी उयुक्त ज्ञानको कमी हुनु
८. दिवाखाजा पोषण तथा स्वास्थ्यलाई एकीकृत रूपमा सञ्चालन नहुनु
९. दिवा खाजा पश्चातको फोहोर उचित व्यवस्थापन नहुनु
१०. विद्यालयमा स्वास्थ्य सम्बन्धी जानकारी प्रदान गर्ने दक्ष जनशक्तिको अभाव हुनु
११. विद्यालयमा प्राथमिक उपचार कक्ष तथा अत्यावश्यक सामग्री लगायतका औषधीहरूको व्यवस्थापन नहुनु

### ४.४.३ उद्देश्य

१. उपयुक्त भौतिक वातावरण सिर्जना गरी स्थानीय कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापन गर्नु
२. विद्यालयमा विद्यार्थीको उपस्थिति नियमित गराउनु, बिचैमा छाड्ने दरमा कमी ल्याउनु र सिकाइमा सुधार गर्नु
३. बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार गरी निरन्तर सिकाइका लगि अभिप्रेरित गर्नु

### ४.४.४ रणनीति तथा कार्यनीति

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिने छ।
२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गरिने छ।
३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गरिने छ।

४. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने छ।

५. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिइने छ

६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गरिने छ।

७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरवलोकन गरी थप प्रभावकारी बनाइने छ।

### ४.४.५ प्रमुख उपलब्धि तथा नतिजा

#### क. उपलब्धि

*योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि*

- बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

#### ख. नतिजा

- दिवा खाजा कार्यविधि विकास भई कार्यान्वयनमा आएको हुने।
- विद्यालयको न्यूनतम भौतिक संरचना विकास Kitchen, store room, water facilities, utensils, change room, toilets etc.) भई दिवा खाजा व्यवस्थापनमा प्रयोगमा आएको हुने।
- विद्यालय स्वास्थ्य तथा पोषण योजना विकास र कार्यान्वयनमा आएको हुने
- स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालनका भएको हुने
- विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था भई प्रयोगमा आएको हुने
- बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्याबलेटको (भिटामिन ए र आइरन फोलिक एसिड आदि) वितरण भएको हुने ।
- स्थानीय तहमा स्थानीय उत्पादनमा आधारित दिवा खाजा मेनु विकास भई प्रयोगमा आएको हुने।
- विद्यालयहरूले दिवा खाजा व्यवस्थापन गरेको हुने ।
- विद्यालयको घेराबार, कम्पाउण्ड, उचित खानेपानी लगायतका पक्षहरूमा सुधार भई विद्यालयहरू सुरक्षित हुने।
- विद्यालय स्वास्थ्य तथा पोषण र दिवा खाजासम्बन्धी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा आएको हुने।
- दिवा खाजा र सिकाइ सम्बन्धी शिक्षकको क्षमता विकास भई दिवा खाजालाई सिकाइको अभिन्न अङ्गका रूपमा अभ्यासमा आएको हुने।
- दिवा खाजा, उचित स्वास्थ्य तथा पोषण सम्बन्धमा अभिभावक सचेत भई उचित व्यवहार अवलम्बन गरेको हुने।
- भान्सेले सन्तुलित भोजन व्यवस्थापन सम्बन्धी तालिम प्राप्त गरी दिवा खाजा व्यवस्थापनमा उपयोग गरेको हुने।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | प्रतिशत | ७७ | ८० | ८५ | ९० | ९८ | |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | प्रतिशत | ७७ | ८० | ८५ | ९० | ९८ | |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | कक्षा | ECD देखि ५ | ECD देखि ५ | ECD देखि ५ | ECD देखि ५ | ECD देखि ५ | |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | विद्यालय | ६ | ८ | १० | १२ | १५ | |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | विद्यालय | ११ | १५ | १५ | १५ | १५ | |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | विद्यालय | ० | १ | ३ | ४ | ६ | |

### ४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| १ | विद्यालय स्वास्थ्य पोषण तथा दिवा खाजा सम्बन्धी कार्य विधि विकास र कार्यान्वयन | पटक | ० | १ | ० | ० | | १ | १ | |
| २ | स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन | स्थानीय तह | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | |
| ४ | प्राथमिक उपचार किटको सम्बन्धी शिक्षक अभिमुखीकरण कार्यक्रम | सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ | ११५ | ११५ | |
| ५ | विद्यालयका बालबालिकाहरुको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्व प्रदायिक ट्याबलेटको (भिटामिन ए र आइरन फोलिक एसिड आदि) को वितरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निरन्तर | |
| ६ | पालिका तहमा दिवा खाजा सम्बन्धी मेनु विकास | पटक | १ | ० | ० | ० | ० | १ | १ | |

### ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

#### ४.५.१ परिचय

नेपालमा विद्यालय सुरक्षा एक महत्वपूर्ण मुद्दा हो, जसको प्रमुख उद्देश्य विद्यार्थीहरूलाई सुरक्षित वातावरणमा शिक्षित गर्नु हो। विद्यालय सुरक्षाका लागि सरकार, शैक्षिक संस्थाहरू, र स्थानीय समुदायले मिलेर काम गर्न अति आवश्यक छ। यसमा भवनको सुरक्षा, आपतकालीन योजनाहरू, र विद्यार्थीहरूको भौतिक र मानसिक सुरक्षाहरू पर्दछन। नेपालमा प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अवस्थालाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रम समावेश हुँदै आए पनि प्रभावकारी देखिएको छैन।

विशेषत लामो द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेको प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड १९ लगायतका महामारीहरूका कारणले बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी विद्यालय शिक्षा क्षेत्र योजना २०८१ देखि २०९० ले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समेत समावेश गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित सिकाई वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवम कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपत् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिइ विपदको पूर्व तयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी विद्यालयमा हुन सक्ने हिंसा असुरक्षा भय त्रास र विभेद लगायतका गैर संरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, लैगींकमैत्री अपाङ्गता मैत्री तथा सुरक्षित हिंसारहित र भय रहित सिकाई केन्द्रको रुपमा विकास गर्ने उल्लेख छ।

विद्यालय सुरक्षा, विपत् न्यूनीकरण र उत्थानशीलता अन्तर्गत मूलत तीन प्रकारका आपत्कालीन अवस्थाहरू समावेश गरिएको छ। जसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी युद्ध द्वन्द विस्थापन र बसाईसराईका कारणले बालबालिकाको शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई कम गर्न विद्यालय सुरक्षा विपत न्यूनीकरण उत्थानशील योजनाहरु कार्यान्वयन गर्नुपर्ने अवस्था छ। यसका साथै अपतकालिन अवस्थामा समेत सिकाइ वातावरण तयार तथा सिकाइ क्षति न्यूनिकरणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सिकाइ अपूर्ण तथा द्रुत सिकाइ योजना (REAL Plan) कार्यान्वयनमा ल्याएको छ। जसले जोखिमको अवस्थामा पनि अधिकार समावेशीकरण समता र न्याय र पहुँचलाई अभिवृद्धि गर्न सहयोग पुर्‍याउँदछ।

#### ४.५.२ वर्तमान अवस्था

मर्चवारी गाउँपालिकामा हालका दिनहरूमा विद्यालय भौतिक निर्माणमा मानकहरूको पालना गर्ने प्रयास गरिएको छ यद्यपि विद्यालय भौतिक संरचनाहरू पुराना पनि रहेका छन। भूकम्प प्रतिरोधक संरचना निर्माण भएपनि अन्य सेफ्टी उपकरणहरूको उपलब्धता, र अन्य आपतकालीन सुरक्षा उपायहरूको व्यवस्था गर्न सकिएको छैन। विद्यालयमा विपद् सुरक्षाका सम्बन्धमा प्रशिक्षित शिक्षकहरूको उपस्थिति, र विद्यार्थीहरूको लागि नियमित सुरक्षा तालिमहरू सञ्चालन गर्न सकिएको छैन। मर्चवारी गाउँपालिकामा धेरै विद्यालयहरू हावाहुरी, आगलागी जस्ता प्रकोपको जोखिममा छन्। कोभिड १९ का कारण लामो समयसम्म विद्यालयहरू बन्द भए।

विद्यालयहरूको आपतकालीन योजनाहरू तयार निर्माण भएका छैनन जसले गर्दा विपद् व्यवस्थापन, तत्काल उद्धार योजना, र विद्यार्थी र कर्मचारीहरूको सुरक्षा सुनिश्चित गर्ने उपायहरू अवलम्बन हुन सकेका छैनन्। विपद् व्यवस्थापनको लागि विद्यालयका शिक्षक र कर्मचारीहरूलाई नियमित तालिम दिनु, र विद्यार्थीहरूलाई विपद् प्रतिरोधक उपायहरूको बारेमा जनचेतना जगाउनु आवश्यक छ।

विद्यालयको उत्थानशीलताका लागी विद्यालयको क्षमता, Resilience, र दीर्घकालीन विकास सुनिश्चित गर्नका लागि अपनाइने उपायहरू भएपनि यसमा शैक्षिक सुधार, समुदायको संलग्नता, र संरचनात्मक सुधारहरूको प्रयास भएको छैन। मर्चवारी गाउँपालिकामा हुने विभिन्न प्रकारका विपतका घटनाहरू मध्ये हावाहुरी भूकम्प, आगलागी, शितलहर,तातो हावा आदि केही प्रमुख रहेका छन्।

गाउँपालिकाको विपद् जोखिम विश्लेषण यस प्रकार गरिएको छ।

| क्र.स. | प्रकोप | विपद्ले निम्त्याउने जोखिम | विपद पछिको असरहरु |
|---|---|---|---|
| १ | बाढी /डुबान | धनजनको क्षति पारिवारिक बिछोड<br>मनोसामाजिक असर घाउ चोटपटक<br>बेपत्ता मृत्यु मानव बेचबिखन दुर्व्यसनी सिकार बालविवाह र बालश्रम बेरोजगारी हत्या, चोरी, डकैती पारिवारिक द्वन्द बसाईसराई | विद्यार्थीहरु विस्थापित भई विद्यालय जानबाट वञ्चित हुने।<br>विद्यालय भवन नष्ट हुने र विद्यार्थी शिक्षकहरु समेत विस्थापित हुने।<br>विद्यालय र बालबालिकाको पाठ्य पुस्तक र स्टेशनरी आदि नष्ट हुने।<br>विद्यालयको महत्वपुर्ण कागजातहरु नष्ट हुने<br>निराशा, तनाव र त्रासको स्थिति सिर्जना<br>सिकाइ उपलब्धिमा नकारात्मक असर हुने<br>बालबालिकाहरु बाल विवाह तथा बाल श्रमको जोखिम बढ्ने।<br>शिक्षण सिकाई क्रियाकलाप नै अवरुद्ध हुने गाँस बास कपास समस्याको सिर्जना आदि |
| २ | सर्पडस्ने | | |
| ३ | हावाहुरी | | |
| ४ | असुरक्षित बाटोघाटो सवारी उच्च/ साधनको चाप | | |
| ५ | विद्युतीय दुर्घटना | | |
| ६ | जीर्ण भौतिक संरचना | | |
| ७ | आगलागी | | |
| ८ | महामारी | | |
| ९ | लु/गर्मी | | |
| १० | भूकम्प | | |
| ११ | शीतलहर | | |
| १२ | करेन्ट | | |
| १३ | चट्याङ | | |

**समस्या र चुनौती**

१. विद्यालय निर्माणलाई विपद् जोखिम न्यूनीकरण मैत्री नहुनु
२. समुदायस्तरमा विपत् र यसको व्यवस्थापन सम्बन्धी ज्ञान तथा सिपको कमी हुनु
३. विद्यालय तथा समुदायमा विपत् व्यवस्थापनसम्बन्धी तालिम प्राप्त जनशक्तिको अभाव हुनु
४. विपद् पूर्वतयारीको क्षेत्रमा अपेक्षित कार्य नहुनु
५. विभिन्न संघ संस्थाहरूबिच उचित समन्वय नहुनु,
६. प्राकृतिक साधन स्रोतको अत्यधिक दोहन गरिनु
७. विपत् व्यवस्थापनसम्बन्धी प्रतिकार्य योजना तयार नहुनु
८. विपत् जोखिम व्यवस्थापन उत्थानशील क्षमता विकास हुन नसक्नु
९. विद्यालय भवन निर्माणमा विपत् जोखिम व्यवस्थापन मापदण्ड अनुसरण नहुनु
१०. मापदण्डमा आधारित विद्यालय भौतिक संरचना विकास नहुनु जोखिमपूर्ण अवस्थामा रहेका विद्यालय भवनको पूननिर्माण नहुनु।
११. विपत् व्यवस्थापन सम्बन्धी सक्षमता विकास गरी परिचालन नहुनु

### ४.५.३ उद्देश्य

१. विपत् व्यवस्थापन प्रति कार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु

२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।

३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु

### ४.५.४ रणनीति

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्व तयारी, व्यवस्थापन, प्रतिकार्य पुर्नस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरु तयार गर्ने ।

२. सम्भावित प्रकोप तथा विपद् सम्बन्धी पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायको बारेमा जानकारी तथा सिप विकास गर्ने ।

३. प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी गर्ने ।

४. महामारीबाट बच्न पूर्व सावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।

५. महामारीका समयमा शिक्षण सिकाईलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने ।

६. शिक्षा क्षेत्रमा प्रभावपार्न सक्ने विपद वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभाव को मुल्याङ्कन तथा विश्लेषण गर्ने ।

७. संकटा सन्नताको मुल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत्त तयार गर्ने ।

८. विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने ।

९. विपद् प्रतिरोध भौतिक पुर्वाधारको निर्माण तथा पुन रुथापना गर्ने ।

१०. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र, उपकरण, खाद्यान्न पोशाक तथा अन्य राहत सामाग्रीको प्रबन्ध गर्ने ।

११. विपद व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।

१२. विपद् तथा प्रकोप, शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।

१३. विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तराष्ट्रिय सफल अभ्यासलाई स्थानीकरण गर्ने ।

१४. हरित विद्यालयअभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वियन गर्ने ।

### ४.५.५ प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

- विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।
- सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
- आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

#### ख) नतिजा

- विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनरूत्थान तथा पुनर्उत्थान योजना तथा क्षमता विकास हुने
- भौतिक, मानवीय र आर्थिक स्रोत व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने
- विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड निर्माण भई कार्यान्वयन भएको हुने
- सबै विद्यालयको संकटापन्नता मूल्याङ्कन भएको हुने

- विद्यालयमा आधारित विपत प्रतिकार्य योजना विकास तथा कार्यान्वयन भएको हुने
- बिपत्का समयमा शिक्षक तथा सिकारु केन्द्रित मनोसामाजिक परामर्श सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने
- विपत व्यवस्थापनका न्यूनतम सामग्रीहरूको भण्डारण भई आपतकालीन समयमा प्रयोगमा आएको हुने
- बिपत् प्रतिरोधी विद्यालय भवन तथा कक्षाकोठा निर्माण भई सुरक्षित विद्यालय वातावरणमा बालबालिकाहरूले अध्ययन गर्ने अवसर पाएको हुने
- प्रअ तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको विपत् व्यवस्थापन सम्बन्धी सक्षमता विकास भई प्रयोगमा आएको हुने
- विपत्का समयमा शिक्षक तथा सिकारु केन्द्रित मनोसामाजिक परामर्शसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने
- आपतकालिन शिक्षा योजना विकास र कार्यान्वय भएको हुने
- सिकाइ निरन्तरताका लागि यन्त्र, उपकरण, खाद्यान्न, पोषाक तथा अन्य राहत सामग्रीहरूको प्रबन्ध भई सिकाइको निरन्तरता भएको हुने
- विपत्का समयमा हुने शैक्षिक क्षति आपूरण सम्बन्धी सिकाइ सहयोग कार्यक्रम सञ्चालन भई सिकाइ उपलब्धिमा सुधार भएको हुने
- समुदायमा आधारित टोल  सिकाइ कार्यक्रम मार्फत अपाङ्गता भएका बालबालिकाको सिकाइ निरन्तरता भएको हुने
- मिडिया घरसँगको सहकार्यमा विपत्को समयमा रेडियो तथा टेलिभिजनमा आधारित शैक्षिक कार्यक्रम मार्फत सिकाइको अवसर सुनिश्चित भएको हुने
- विपद् तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तररूपमा सञ्चालन हुने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित महामारी तथा बिपत् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | |
| २ | हरित विद्यालय कार्यढाँचा योजना निर्माण | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | |
| ४ | अपतकालिन तथा संकटपूर्ण अवस्थामा पनि बैकल्पिक ब्यवस्था अनुसारको सिकाइ क्रियाकलाप संचालन भएको हुने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | |
| ५ | प्रअ तथा विद्यालय व्यवस्थापन समितिका पदाधारीहरूको बिपत् व्यवस्थापनसम्बन्धी सक्षमता विकास भई प्रयोगमा आएको हुने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | |
| ६ | विद्यालय र शिक्षा प्रणालीमा बिपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनर्उत्थान योजना तथा क्षमता विकास हुने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति, मापदण्ड निर्देशिका तथा कार्यविधि निर्माण | पटक | | १ | | | | १ | १ |
| २ | विपद व्यवस्थापन सम्बन्धि स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | ० | १ | ० | ० | १ | २ | ४ |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | शिक्षक तथा बिव्यस तालिम सन्चालन | संख्या | ४६ | ४६ | ४६ | ४६ | ४६ | २३० | ४६० |
| ५ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन | संख्या | ५ | ५ | ५ | ५ | ५ | २० | २६ |
| ६ | जलवायु परिवर्तन तथा हरित बिध्यालय सम्बन्धि छमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | बिपत व्यवस्थापन  कोष को स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ८ | पालिका र प्रत्येक विद्यालयले बिपद् प्रतिकार्य  योजना निर्माण गर्ने | पटक | | १ | | | १ | २ | ४ |
| ९ | प्रकोप व्यवस्थापन तथा पुनर्निर्माणमा संघ र प्रदेश संग समन्वय गरी सहकार्य गर्ने | निरन्तर | ० | ० | ० | ० | ० | ० | |
| १० | विपद् तथा प्रकोप व्यवस्थापन नीति, मापदण्ड निर्देशिका तथा कार्यविधि निर्माण | पटक | | १ | | | | १ | १ |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालयको भौतिक संरचनाको निर्माण पश्चात उक्त संरचनाको मर्मत सम्भार र व्यवस्थित प्रयोग आजको आवश्यकता हो। स्थानीय सरकार सन्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ ज (१३) मा सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन गाउपालिकाको काम, कर्तव्य र अधिकारको रुपमा उल्लेख भएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्।एक विद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह र माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली

२०५९ को नियममा तोकिएको छ। राष्ट्रिय नीति २०७६ ले विद्यालयहरुमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रुपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ।

### ४.६.२ वर्तमान अवस्था

यस गाउँपालिकामा सञ्चालित २३ विद्यालयहरुमध्ये २ वटा विद्यालयमा पर्याप्त भौतिक सुविधा पुगेका विद्यालय छन् उक्त विद्यालयमा कक्षाकोठा, कार्यालय कक्ष, पुस्तकालय, प्रयोगशाला कक्ष लगायतका भौतिक सुविधा उपलब्ध छन्। अझैपनि धेरै विद्यालयमा आवश्यकता अनुसार विद्यालय भवन/कक्षाकोठा पुगेको छैन। सबै विद्यालयका भवन भुकम्प प्रतिरोधि प्रबिधिमा निर्माण भएका छैनन्। आगामी ५ वर्षमा ७ विद्यालयमा रहेका पुराना भवनलाई हटाएर ५३ कक्षाकोठा थप गर्नु पर्ने साथै पुराना टिनका छानाहरु मर्मत तथा फेर्नु पर्ने अवस्था रहेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नुपर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेलकक्ष, विद्यालय सभा हल, मञ्च, बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) को आवश्यकता पहिचान गरी पूर्वाधार निर्माणको लागि तहगत सरकारको जिम्मेवारी स्पष्ट पार्नु अर्को चुनौती रहेको छ। भवन संहिताअनुरूप विद्यालय भवनहरू निर्माण हुने विषय अर्को चुनौतीको रूपमा रहेको छ। विद्यालयको निर्माण पूर्णताको अवधारणाअनुरूप हुन नसक्दा कतिपय विद्यालयहरूका कक्षाकोठा नै आंशिक मात्र बनेका छन् भने कतिपयमा प्रयोगशाला नबनेका, शौचालय नबनेका वा पर्याप्त नबनेका, खानेपानी तथा सरसफाइका लागि संरचना नबनेका वा उपयुक्त नभएका, घेराबार तथा खेल मैदान नबनेका, संरचनाहरू समावेशी तथा अपाङ्गता मैत्री नभएका देखिन्छन्। विद्यालय भौतिक संरचनाको दिगोपनाको लागि सरकारी तथा गैर सरकारी संघ संस्थाको सहयोगमा निर्माण भएका सामुदायिक विद्यालयहरुको विद्यालय परिवार, स्थानीय समुदाय, नागरिक समाजका साथै बिभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाको सहभागितामा मर्मत सम्भारका कार्यहरु अगाडि बढाउन सहयोग प्राप्त भएको छ।

**तालिका नं ४.६.१**

**शिक्षण सिकाइ वातावरण तथा विद्यालयमा उपलब्ध भौतिक सुविधा**

| क्र.स. | विद्यालयको नाम | भवन किसिम | | जम्मा कक्षाकोठा | | छायामय वातावरण | पढाइ कुना | कम्तीमा ५० किताब भएको | पुस्तकालय | विज्ञान प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | पक्की | कच्ची | | | | | | |
| १ | श्री जनता माध्यमिक विद्यालय | √ | x | २९ | x | √ | x | x | √ | √ | |
| २ | श्री बगौली माध्यमिक विद्यालय | √ | x | १८ | x | √ | x | x | √ | √ | |
| ३ | श्रीमती मनराजीदेवी माध्यमिक विद्यालय | √ | x | ३५ | x | √ | x | x | √ | √ | |
| ४ | श्री ठर्की माध्यमिक विद्यालय | √ | x | २० | x | √ | x | x | √ | √ | |
| ५ | अगवा माध्यमिक विद्यालय | √ | x | १४ | x | √ | x | x | √ | √ | |
| ६ | श्री सरस्वती आधारभूत विद्यालय | √ | x | १९ | x | √ | x | x | √ | x | |
| ७ | श्रीजनहित आधारभूत विद्यालय | √ | x | ११ | x | √ | x | x | √ | x | |
| ८ | श्री सेमरा आधारभूत विद्यालय | √ | x | ८ | x | | x | x | √ | x | |
| ९ | श्री मर्चवारी आधारभूत विद्यालय | √ | x | ८ | x | x | x | x | x | x | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | श्री शिसो सेमरा आधारभूत विद्यालय | √ | x | ५ | x | x | x | x | x | x | |
| ११ | श्री सरस्वती आधारभुत विद्यालय | √ | x | ८ | x | x | x | x | x | x | |
| १२ | श्री जनकल्याण आधारभुत विद्यालय | √ | x | ६ | x | x | x | x | x | x | |
| १३ | श्री नरेश जनता आधारभूत विद्यालय | √ | x | ७ | x | √ | x | x | x | x | |
| १४ | श्री जनशक्ति आधारभूत विद्यालय | √ | x | ६ | x | √ | x | x | x | x | |
| १५ | श्री हरिनामपुर माध्यमिक विद्यालय | √ | x | १२ | x | √ | x | x | x | x | |
| १६ | मदरसा अरबिया फैजुल उलुम | √ | x | ७ | x | √ | x | x | x | x | |
| १७ | मदरसा बरकातिया निजामुल उलुम | √ | x | ६ | x | √ | x | x | x | x | |
| १८ | मदरसा जामिया सैयदा जहुरूल इस्लाम गर्ल्स कलेज | √ | x | ५ | x | x | x | x | x | x | |
| १९ | मदरसा इस्लामिया ताजुल उलूम | √ | x | ५ | x | x | x | x | x | x | |
| २० | मदरसा अरबिया सेराजुल उलूम | √ | x | ५ | x | x | x | x | x | x | |
| २१ | मदरसा तालिमुल इस्लाम अल इब्ते दाइया | √ | x | ४ | x | x | x | x | x | x | |
| २२ | मदरसा अरबिया मिशबाहुल उलूम | √ | x | ६ | x | x | x | x | x | x | |
| २३ | मदरसा तकबियातुल इमान | √ | x | ५ | x | x | | x | | x | |

**तालिका नं ४.५.१.२**

**शिक्षण सिकाइ वातावरण तथा विद्यालयमा उपलब्ध भौतिक सुविधा**

| क्र.स. | विद्यालयको नाम | पर्खाल घेराबार जम्मा | | | | शौचालय | | | | पिउने पानी | | खेलकुद मैदान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | तार | स्थानीय सामग्री | छात्रा | छात्र | महिला शिक्षक | पुरुष शिक्षक | धारा | ट्युबेल | | |
| १ | श्री जनता माध्यमिक विद्यालय | √ | X | X | X | √ | √ | √ | √ | X | | √ | |
| २ | श्री बगौली माध्यमिक विद्यालय | √ | X | X | X | √ | √ | √ | √ | X | √ | √ | |
| ३ | श्रीमती मनराजीदेवी माध्यमिक विद्यालय | √ | X | X | X | √ | √ | √ | √ | X | √ | √ | |
| ४ | श्री ठर्की माध्यमिक विद्यालय | | X | X | X | √ | √ | √ | √ | X | √ | X | |
| ५ | श्री अमवा माध्यमिक विद्यालय | √ | X | X | X | √ | √ | √ | √ | X | √ | √ | |
| ६ | श्री सरस्वती आधारभूत विद्यालय | √ | X | X | X | √ | √ | √ | √ | X | √ | √ | |
| ७ | श्रीजनहित आधारभूत विद्यालय | √ | X | X | X | √ | √ | √ | √ | X | √ | √ | |
| ८ | श्री सेमरा आधारभूत विद्यालय | √ | X | X | X | √ | √ | √ | √ | X | √ | √ | |
| ९ | श्री मर्चवारी आधारभूत विद्यालय | | X | X | X | √ | √ | √ | √ | X | √ | √ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | श्री शितो सेमरा आधारभूत विद्यालय | √ | x | x | x | √ | √ | √ | √ | x | √ | √ | |
| ११ | श्री श्री सरस्वती आधारभुत विद्यालय | | x | x | x | √ | √ | √ | √ | x | √ | √ | |
| १२ | श्री जनकल्याण आधारभुत विद्यालय | √ | x | x | x | √ | √ | √ | √ | x | √ | √ | |
| १३ | श्री नरेश जनता आधारभूत विद्यालय | √ | x | x | x | √ | √ | √ | √ | x | √ | √ | |
| १४ | श्री जनशक्ति आधारभूत विद्यालय | √ | x | x | x | √ | √ | √ | √ | x | √ | | |
| १५ | श्री हरिनामपुर माध्यमिक विद्यालय | √ | x | x | x | √ | √ | √ | √ | x | √ | √ | |
| १६ | मदरसा अरबिया फैजुल उलुम | | x | x | x | √ | √ | √ | √ | x | √ | x | |
| १७ | मदरसा बरकातिया निजामुल उलुम | √ | x | x | x | √ | √ | √ | √ | x | √ | x | |
| १८ | मदरसा जामिया सैयदा जहुरूल इस्लाम गर्लस कलेज | | x | x | x | √ | √ | √ | √ | x | √ | x | |
| १९ | मदरसा इस्लामिया ताजुल उलूम | | x | x | x | √ | √ | √ | √ | x | √ | √ | |
| २० | मदरसा अरेबिया सेराजुल उलूम | | x | x | x | √ | √ | √ | √ | x | √ | √ | |
| २१ | मदरसा तालिमुल इस्लाम अल इब्ते दाइया | | x | x | x | √ | √ | √ | √ | x | √ | √ | |
| २२ | मदरसा अरबिया मिशबाहुल उलूम | | x | x | x | √ | √ | √ | √ | x | √ | x | |
| २३ | मदरसा तकबियातुल इमान | | x | x | x | √ | √ | √ | √ | x | √ | √ | |

## समस्या र चुनौती

१. विद्यालयको भौतिक संरचनामा मापदण्ड अनुसार सुधार हुन नसक्नु
२. विद्यालयको भौतिक पूर्वाधारहरू बालमैत्री, अपाङ्गतामैत्री हुन नसक्नु
३. विद्यार्थी सङ्ख्याको आधारमा कक्षाकोठाको अभाव हुनु
४. लैङ्गिक मैत्री शौचालयको व्यवस्थापन हुन नसक्नु
५. शुद्ध खानेपानीको व्यवस्थापन हुन नसक्नु
६. सबै विद्यालयहरूमा पेराबारको व्यवस्था हुन नसक्नु
७. सबै विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था हुन नसक्नु
८. सबै विद्यालयहरूमा कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, श्रव्य तथा दृश्य सामग्रीको व्यवस्थापन हुन नसक्नु
९. सबै विद्यालयमा विद्युतीकरणको व्यवस्थापन हुन नसक्नु

### ४.६.३ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुबिधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु

३. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु

### ४.६.४ रणनीति र कार्यनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने।

२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।

३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।

४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने।

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने।

६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने।

७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने।

८. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने गरी निर्माण गर्ने।

९. सबै विद्यालयमा शुद्ध खानेपानी, लैङ्गिक मैत्री शौचालय, उचित घेराबार, बालमैत्री तथा ICT युक्त कक्षाकोठाको व्यवस्थापन गर्ने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | विद्यालय | २ | ५ | ५ | ५ | ६ | |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | कक्षाकोठा सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | कक्षाकोठा सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | सङ्ख्या | ० | ३ | ५ | ५ | ५ | |

### ४.६.५ विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | भूकम्प प्रभावित नभएका जिल्लाहरूका स्थानीय तहका छनौट भएका बिद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका बिद्यालय निर्माण गर्ने | सङ्ख्या | १ | २ | २ | २ | २ | ९ | ९ |
| ३ | ECED बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण गर्ने | विद्यालय सङ्ख्या | ३ | ३ | ३ | ३ | २ | १४ | १४ |

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| | विद्यालयको सबलीकरण | बिध्यालय | ० | ५ | ५ | ५ | ५ | २० | २० |
| | विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | बिध्यालय | ० | ५ | ५ | ५ | ५ | २० | २० |
| | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | बिध्यालय | ० | ३ | ३ | ३ | ३ | १२ | १२ |
| | अपाङ्गता मैत्री संरचना निर्माण | | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| ५ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजु सूची भर्ने | विद्यालय सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |

### ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

#### ४.७.१ परिचय

आजको युग सूचना प्रविधिको युग हो । सूचनाको संकलन, सम्प्रेषण, एवम सञ्चार गर्ने पत्रपत्रिका, कम्प्यूटर, हार्डवेयर, नेटवर्क, इन्टरनेट लगायतको प्रविधिको समष्टिगत रुपलाई नै सूचार प्रविधिभन्ने गरिन्छ । सूचना प्रविधिले शिक्षाको क्षेत्रमा विद्यमान रुढीवाढी सस्कार र पद्धतिलाई चुनौती दिदै शिक्षक र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रुपमाअघि बढाएको छ । शिक्षाको पाठयक्रम निर्माण देखि त्यसको कार्यान्वियन र मूल्यांकनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । रेडियो टेलिभिजन, कम्प्यूटर, प्रोजेक्टर, डिजिटल क्यामेरा तथा इमेल इन्टरनेट जस्ता सूचना तथा सञ्चार प्रविधिका उपकरणहरु शिक्षण सामग्रीका रुपमा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त, दक्ष र प्रभावकारी रुपमा प्रयोग गर्न सकिन्छ ।

गाउँपालिकामा सूचना प्रविधिको माध्यमबाट अध्यापन भएको छैन । कोभिड–१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ । नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजिकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाईन, अफलाईन, परियोजना पाठहरू, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रिया यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ ।

#### ४.७.२ वर्तमान अवस्था

मर्चवारी गाउँपालिकाको शिक्षामा सूचना प्रविधिको शुरूवात गर्न अति अवश्यक रहेता पनि धैरै समस्या र चुनौती समेत रहेका छन् । वैकल्पिक शिक्षण सिकाइलाई केही विद्यालयहरूले प्रारम्भ गरे पनि विभिन्न कारणहरूले यसको प्रगतिमा समस्याहरू देखिएका छन् । इन्टरनेट सुविधाको अभाव , सबै विद्यार्थीसँग स्मार्ट मोवाइल ,डाटहरूको व्यवस्थापनमा कठिनाइ भएको विद्यार्थी शिक्षक अभिभावक मोवाइल सञ्चालन गर्ने सिपको अभाव ,मोवाइल र रेडियो समेत नभएको , CUG सेवा सहज उपलब्ध हुन नसकोकले सबै विद्यार्थीहरूलाई आवद्ध गर्न कठिनाइ भएको देखिन्छ । कुनै विद्यालयहरुमा विद्धताको समेत अभाव भएकोले चुनौति थपिएको छ । शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि संघीय सरकार मार्फत यस गाउँपालिका अन्तर्गतका माध्यमिक तथा आधारभूत विद्यालयहरुमा सूचना प्रविधि प्रयोगका लागि वार्षिक रुपमा रु १२००० ससर्त  अनुदान उपलब्ध गराएको छ । विद्यालयमा पुस्तकालयको स्थापना गरिएको छ भने कक्षा (६–८) मा स्थानीय पाठ्यक्रमको सट्टामा कम्प्यूटर विषयको पठनपाठन भई रहेका छन् । मर्चवारी गाउँपालिकामा अभिभावकहरुमा पनि सूचना प्रविधिको जनचेतना स्तरको कमी भएकोले यहाँको सूचना तथा प्रविधिको प्रयोगको अवस्था न्यून रहेको छ ।

मर्चवारी गाउँपालिकाको भित्र शिक्षा तथा सूचना प्रविधिमा निम्न समस्याहरू तथा चुनौतीहरू निम्नानुसार देखिन्छन्

१. दक्ष प्राविधिक जनशक्तिको अभाव हुनु,
२. सूचना प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन गर्न नसक्नु,
३. सूचना प्रविधिमैत्री पाठ्यक्रम र पाठ्यपुस्तक तथा अन्य डिजिटल सामग्रीको उत्पादन र प्रयोग नहुनु,
४. सूचना प्रविधिको प्रयोग गर्न शिक्षकहरूलाई तालिम प्रदान गरी सिप विकास गर्न नसक्नु,
५. सूचना प्रविधिको उपयोगको लागि शिक्षकहरुमा जागरुकता, लगनशिलता र आफुलाई अद्यावधिक बनाउन नसक्नु,
६. सूचना प्रविधिको क्षेत्रमा आवश्यकतानुसार लगानी नहुनु,
७. सूचना प्रविधिको कार्यान्वियन प्राथमिकतामा नपर्नु .

८. सिकाइलाई सूचना प्रविधिसँग जोड्न तथा कोभिड–१९ जस्तै अन्य महामारीमा समेत सूचना प्रविधिलाई प्रयोग गरी पठनपाठन र सिकाइलाई निरन्तरता दिन सकिन्छ । विद्यालयतहमा सूचना र प्रविधिको प्रयोगलाई सुनिश्चतता गर्न निम्न उपायहरू अवलम्बन हुन सकेमा यो समस्याको निदानमा केही सकारात्मक परिर्वतन आउन सक्छ ।

### ४.७.३ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्‍याउनु
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु
३. शिक्षाको समग्र व्यवस्थापनलाई सूचनातथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी पारदर्शी र समतामूलक बनाउने

### ४.७.४ रणनीति

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने
५. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने
६. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने
७. विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीको सक्षमता विकास गरी सूचना, सञ्चार र प्रविधिको शैक्षिक प्रयोगका लागि तयार गर्ने
८. अभिभावकलाई सूचना सञ्चार र प्रविधिमा आधारित सिकाइको महत्त्वका बारेमा सचेतीकरण गरी सिकारुको सिकाइमा सहजीकरणका लागि प्रोत्साहन गर्ने

### ४.७.५ प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

#### ख ) नतिजा

- सबै विद्यालयमा सूचनातथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पँहुच पुग्नेछ
- विभिन्नकक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमाविद्यार्थीको सहज पँहुच हुनेछ
- सबै विद्यालयहरुले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचनातथा सञ्चार प्रविधिको प्रयोग गरेको हुनेछ
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुनेछ
- सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुनेछ
- सूचना प्रविधिमा आधारित एकिकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुनेछ
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउनेछ

- अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने विद्यालयमा ICT संरचना विस्तार गरी इ–लाइब्रेरी स्थापना हुनेछ
- प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था हुनेछ
- शिक्षकको क्षमता विकास हुनेछ
- प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता हुनेछ

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | विद्यालय | ६ | ३ | ३ | ३ | ० | |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | विद्यालय | २ | १ | १ | १ | १ | |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | |

## ४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ० |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | वटा | १५ | १५ | १५ | १५ | १५ | १०५ | १०५ |
| ३ | प्रविधि मैत्री सिकाइका लागि कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | जना | १५ | २३ | २३ | २३ | २३ | १०७ | १२० |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ८ |
| ५ | IEMIS व्यवस्थापन तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | विद्यालमा इ हाजिरी व्वस्थापन | विद्यालय | १ | १ | २ | १ | १ | ६ | १ |

परिच्छेद ५

## अन्य उपक्षेत्र

### ५.१ उच्च शिक्षा

### ५.१.१ वर्तमान अवस्था

हाल मर्चवारी गाउँपालिकामा १०+२ सम्म अध्ययन हुने सामुदायिक माध्यमिक विद्यालयहरुमा श्री जनता मा.वि., श्रीमती मनराजी मा.वि, श्री बगौली मा.वि., श्री ठर्की मा.वि. र श्री अमवा मा.वि., श्री हरिनामपुर मा.वि. रहेका छन् भने संस्थागत विद्यालय एउटा मात्र रहेको श्री बागेश्वरी इ. बो. स्कुल रहेको छ । ५ वटामा मात्रै सामुदायिक विद्यालयमा १०+२ सञ्चालन भइरहेको छ भने संस्थागत विद्यालय कक्षा १० सम्म मात्र सञ्चालित छ । यस गाउँपालिकामा १०+२ मा अध्ययनरत विद्यार्थीहरुको सङ्ख्या ६१५ जसमध्ये २७१ छात्र र ३४४ छात्रा छन् । ती विद्यार्थीहरुलाई उच्चशिक्षाको सुनिश्चितता गर्नको लागि एउटा क्याम्पसको अवधारणा ल्याउन अति नै आवश्यक देखिन्छ ।

यस गाउँपालिकामा २०७७ सालमा एउटा प्रस्तावित क्याम्पस जनता बहुमुखी क्याम्पस मर्चबारी– ५ ओडवलियामा सञ्चालनमा आएको छ । त्यस क्याम्पसमा हाल बि.एड (शिक्षा संकाय) मात्र सञ्चालनमा रहेको छ जसमा अंग्रेजी, नेपाली र स्वास्थ्य तथा शारिरिक शिक्षा विषयमा कक्षाहरु सञ्चालित छन् । उक्त प्रस्तावित क्याम्पस हाल जनता मा.वि. ओडवलियामा सञ्चालनमा आएको छ । साथै प्रथम बर्षमा जम्मा ८५ भने दोश्रो बर्षमा ३४ तेस्रो बर्षमा ४८ र चौथो बर्षमा ३२ गरी जम्मा १९९ विद्यार्थीहरु अध्ययनरत छन् । शिक्षा संकायको मात्र कक्षाहरु सञ्चालन भएकोले अन्य संकाय अध्ययन गर्न इच्छा गर्ने विद्यार्थीहरु भने उच्च शिक्षाबाट वञ्चित भएका देखिन्छन् । गरिब तथा आर्थिक रुपले पछाडि परेका विद्यार्थीहरु अन्य संकायको उच्च शिक्षावाट बञ्चित भएका छन भने मध्यमवर्ग तथा आर्थिक रुपले सम्पन्न विद्यार्थीमात्र त्यसमा पनि बढी मात्रामा छात्रहरु उच्च शिक्षा अध्ययन गर्नका लागि भैरहवा तथा बुटवल गएका देखिन्छन् । विषयगत रुपमा उच्च शिक्षाको राम्रो अवसर उपलब्ध भयो भने विद्यार्थीहरु भविष्यमा दक्ष जनशक्तिका रुपमा यस प्रतिरुपधात्मक बजारमा सुवर्ण अवसर पाउने कुरामा दुई मत छैन् ।

हाल उक्त प्रस्तावित क्याम्पस त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नगरेको साथै सो क्याम्पस समुदायका अगुवाहरुको पहलमा सञ्चालनमा आएको हुनाले भवन, भौतिक पूर्वाधारको आवश्यकता रहेको देखिन्छ । जनता मा.बि.मा १०+२ का कक्षाहरु पनि विहानमा सञ्चालनमा रहेको र क्याम्पसका कक्षाहरु पनि विहानमा सञ्चालन हुने भएकोले भवन तथा फर्निचरको समस्या हुने गरेको छ । उक्त समस्या समाधानका लागी मर्चवारी गाउँपालिकाले आउने गाउँसभाबाट क्याम्पसको लागी जग्गा तथा भवनको व्यवस्थापन गर्नुपर्ने देखिन्छ । क्याम्पस सञ्चालनका लागि यस पालिकाले प्रदेश र संघसँग समन्वय गरी कर्मचारी, प्राध्यापक, अनुसन्धान केन्द्रको पनि व्यवस्थापन गनुपर्ने दखिन्छ । क्याम्पस सञ्चालनका लागि आवश्यक जनशक्तिको अभाव, राजनीतिक हस्तक्षेप, समय सापेक्ष शिक्षाको अभाव, लगानीमा अपर्याप्तता, जनप्रतिनिधिहरुको उच्चशिक्षा प्रति उदासिनता, उच्च शिक्षामा शैक्षिक गुणस्तरियता, उच्च शिक्षालाई स्थानीय सरकारको मातहातमा नहुनु, प्रदेश तथा संघ सरकारले पनि यसलाई प्राथमिकता नदिनु, उच्च शिक्षा सम्बन्धी नीतिगत समस्या देखिनु जस्ता चुनौतीहरु रहेका छन् ।

### ५.१.२ उद्देश्य

१. उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्ने
२. सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यशील मानव
३. सशांधनको विकास गर्ने
४. उच्चशिक्षाका अवसरहरुलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने

### ५.१.३ रणनीतिहरू

१. स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थी विवरण तयार गरी उनीहरुको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रवन्धका लागी योजना तयार गर्ने।

२. स्थानीय तह क्षेत्रभित्र आवश्यकता अनुसार उच्चशिक्षा प्रदान गर्ने संस्थाहरु स्थापना गर्न प्रदेश र संघ सगँ समन्वय गर्ने।

३. महिला, आदीवासी, जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रुपले विपन्न समुदाय र बर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरुको व्यवस्था गर्ने प्रदेश र संघसँग समन्वय गर्ने।

४. उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरु कृषि, उर्जा, पर्यटन जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिर्वतन लगायतका क्षेत्रहरुमा केन्द्रित गर्न प्रदेश र संघसँग समन्वय गर्ने।

५. विद्यार्थीहरुलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चाल नगर्ने संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने।

६. स्थानिय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरुको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउन प्रदेश र संघ सगँ समन्वय गर्ने।

७. उच्च शिक्षा प्रदायक संस्थाहरुको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनकालागि समन्वय, सहकार्य र सहजीकरण गर्ने।

८. उच्च शिक्षा विकासका लागि सार्वजनिक, सामुदायिक तथा निजी स्तरमा साझेदारी कायलाई प्रोत्साहन गर्ने।

९. स्थानियतहको मानव सशांधन योजनाका आधारमा आवश्यक मानव स्रोत विकासकालागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने।

### ५.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क उपलब्धि**

- उच्च शिक्षामा पहुँच अभिवृद्धि भई सान्दर्भिकता र गुणस्तरमा सुधार आउनेछ।

**ख प्रमुख नतिजा**

१. स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थी क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहुँच हुने छ।

२. स्थानीय तहमा उच्च शिक्षा प्रदायिक संस्थाहरुको स्थापना हुने ।

३. स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरुबाट सञ्चालन हुने कार्यक्रमहरुको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने ।

४. उच्च शिक्षा उत्पादन र आर्थिक उपार्जनसँग जोडिने।

५. उच्च शिक्षामा सार्वजनिक, निजी तथा सामुदायिक सहभगितामा लगानी अभिवृद्धि हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १२ वा सो सरहको तह पूरा गरेका विद्यार्थी क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहुँच हुने | प्रतिशत | ८५ | १०० | १५० | २०० | २५० |
| २ | स्थानीय तहमा उच्च शिक्षा प्रदायक संस्थाहरुको स्थापना हुने। | सङ्ख्या | ० | १ | ० | ० | ० |

| क्र.सं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| ३ | उच्च शिक्षा प्रदायक संस्थाहरुको आवश्यक्ता अनुसार भौतिक संरचना विस्तार भएको हुने। | सङ्ख्या | ० | १ | ० | ० | ० |
| ४ | उच्च शिक्षामा गुणस्तरीय विषयगत अध्ययन अध्यापनको व्यवस्था भएको हुने। | सङ्ख्या | ० | ० | १ | ० | ० |

**प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य**

| क्रस | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | उच्च शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसारको समन्वय र सहजीकरण गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर अदि विकास गर्न सहयोग गर्ने | सङ्ख्या | | | भवन १/फर्निचर | १ घेराबार | १ खेलमैदान | | |
| ३ | उच्च शिक्षा प्रदायक संस्थामा स्नातकोत्तर तह संचालन गर्नका लागि संघ तथा प्रदेश सरकारसित बजेटको व्यवस्थापन समन्वय गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | उच्च शिक्षालाई आय आर्जनसित जोड्न सोही तहका विद्यार्थीहरूका लागि विभिन्न किसिमका तालिमहरू सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | ३ |
| ५ | स्नातक तह उत्तिर्ण छात्राहरुका लागि स्नातकोत्तर तह अध्ययनका लागि प्रोत्साहन अनुदान | जना | ० | ३ | ५ | ५ | ५ | १८ | १८ |
| ६ | क्याम्पस संचालन अनुदान | रकम | २० | २० | २० | २० | २० | १०० | २०० |

# परिच्छेद ६

## ६.१ सुशासन तथा व्यवस्थापन

### ६.१.१ परिचय

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान,

विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास ,सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थात संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ।

सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रक्रियाहरू जनाउँछ। सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्ने, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्ने, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्ने, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्ने, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्ने र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरिनुपर्छ। शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारको भूमिका रहने भएकाले आ- आफ्नो भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ। विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

### ६.१.२ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलगै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन। पालीकामा शिक्षा शाखामा अधिकृत स्तरको दरबन्दी रहेतापनी लामो समय देखी कर्मचारी विहीन हुदा पालीकाले स्थानीय निमावी शिक्षकलाइ काजमा ल्याइ गाउँपालिकामा रहेका शिक्षा, युवा तथा खेलकुद सम्बन्धी शाखा सञ्चालन गर्दै आएको छ ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन्।

विद्यालयमा नागरिक बडापत्र राखीएको छैन, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन्। यसमा योजनाको प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र लुम्बिनी प्रदेशले सामाजिक विकास डिभिजन कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर काम विहिन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरू बीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ।

### ६.१.३ उद्देश्य

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु

२. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक र स्थापित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु।

३. कार्यसम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रति जवाफदेही र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु।

### ६.१.४ रणनीतिहरू

४. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने

५. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,

६. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,

७. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,

८. कार्यक्रमको प्रभावकारी ढंगबाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने।

९. जनशक्तिको व्यवस्थापन गर्दा शिक्षाका विशिष्ट कार्यहरू जस्तैः स्थानीय पाठ्यक्रम विकास ,परीक्षा तथा मूल्याङ्कन , अनौपचारिक तथा वैकल्पिक शिक्षा र विद्यालय सुपरीवेक्षण तथा शैक्षिक परामर्श सेवा प्रदान गर्न सक्ने विज्ञहरूको पद सुनिश्चित गर्ने ,

१०. प्रत्येक वडाबाट शिक्षा सञ्चालन तथा व्यवस्थापन हुने गरी संस्थागत प्रबन्धका साथै अत्यावश्यक जनशक्ति व्यवस्था गर्ने ,

११. गाउँमा कार्यरत जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

१२. प्रधानाध्यापक तथा विव्यसको नेतृत्व क्षमता विकास गर्ने।

### ६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

- विद्यालय शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

**ख ) नतिजा**

- संस्थागत संरचनाका आधारमा गठित विभिन्न समिति तथा उपसमितिहरूको सक्षमता विकास भइ परिचालन हुनेछ।
- विद्यालय सुधार योजना विकास तथा कार्यान्वयन प्रभावकारी हुनेछ।
- सबै विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन सिमितिका पदाधिकारीहरूको क्षमता विकास हुनेछ।
- प्रत्येक विद्यालयमा लैङ्गिक संपर्क विन्दुका रूपमा कार्य गर्ने शिक्षकको व्यवस्था गरी सक्षमता विकास हुनेछ।
- सामुदायिक सिकाइ केन्द्र तथा विशेष कक्षा सञ्चालन भएका स्रोत विद्यालयहरूको संस्थागत सुदृढीकरण हुनेछ।
- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुनेछ,

- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुनेछ,
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुनेछ,
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ ।
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ ।
- गाउँपालिका शिक्षा ऐन तथा नियमावली विकास भई कार्यान्वयनमा आएको हुनेछ
- गाउँपालिका ऐन तथा नियमावलीको प्रभावकारी प्रबोधीकरण भएको हुनेछ

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | जना | १ | १ | २ | १ | १ | |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | जना | २ | २ | २ | २ | १ | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ | |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ | |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | विद्यालय सङ्ख्या | ० | १ | १ | १ | १ | |

## ६.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स . | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | विद्यालय सुशासन सम्बन्धि मापदण्ड विकास | सङ्ख्या | | १ | | | | १ | १ |
| २ | विद्यालयको कार्यसम्पादन मुल्याङ्कन गर्ने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |
| ३ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |
| ४ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |
| ५ | प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको क्षमता विकास | सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |
| ६ | स्मारिका/ पार्स्वो चित्र प्रकाशित र अद्यावधीक | सङ्ख्या | | १ | १ | १ | १ | १ | ५ |

### ६.२ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

#### ६.२.१ परिचय

शिक्षा व्यवस्थापन भनेको शैक्षिक संस्थाहरूमा संसाधनहरूको व्यवस्थापन,शिक्षकहरूको सञ्चालन, र विद्यार्थीहरूको शैक्षिक आवश्यकताहरूको पुरा गर्ने प्रक्रिया हो । यसमा योजना बनाउने, कार्यान्वयन गर्ने, निगरानी गर्ने, र मूल्याङ्कन गर्ने कार्यहरू समावेश हुन्छन् । संस्थागत क्षमता विकास भनेको शैक्षिक संस्थाहरूको कार्यक्षमता र प्रभावकारितामा सुधार ल्याउने प्रक्रिया हो। यसले शिक्षकहरूको तालिम, व्यवस्थापन क्षमता र शैक्षिक कार्यक्रमहरूको गुणस्तर सुधार गर्न मद्दत पुर्याउँछ ।

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक बिस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगाएतका पक्षहरूलाई समेत विचार गेरर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ

शिक्षाको व्यवस्थापन र संस्थागत क्षमता विकासले दीर्धकालीन शिक्षात्मक सुधारहरूमा योगदान पुर्याउँछ । स्थानीय तहको शिक्षा व्यवस्थापन र संस्थागत क्षमता विकासले विद्यालयहरूको कार्य प्रदर्शन सुधार गर्दै शिक्षाको पहुँच र गुणस्तरलाई नयाँ उचाइमा पुर्‍याउन महत्वपूर्ण भूमिका खेल्छ। नेपालमा संघीयताको कार्यान्वयनसँगै यस क्षेत्रमा थप सुधारको सम्भावना रहेको छ।यथेष्ट स्रोत साधन, दक्ष जनशक्ति, र प्रभावकारी नीति तथा योजना कार्यान्वयन मार्फत शिक्षामा दीर्घकालीन उपलब्धि हासिल गर्न सकिन्छ ।

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिएको र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षा सम्बन्धी २३ ओटा अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ । आधारभूत तहको कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालनको जिम्मा, बालविकास देखि कक्षा १२ सम्मको सञ्चालन र रेखदेख समेत स्थानीय निकायलाई छ । तर पनि SEE र कक्षा १२ प्रदेश तथा संघीय सरकारसम्मको रेखदेखमा छन् । विद्यालयमा शिक्षकहरुको पेसागत विकास तथा अनुगमन, सुपरिवेक्षण, निरीक्षणलाई अझै व्यवस्थित बनाउनुपर्ने आवश्यकता छ । स्थानीय तहले शिक्षाको क्षेत्रमा थप सक्रियता देखाइ संघ र प्रदेशसँग सहकार्य गर्दै वर्तमान शिक्षा क्षेत्रको व्यवस्थापन, संरचना विकास तथा क्षमता विकास गरी शैक्षिक योजनाको कार्यान्वयन गर्न सके मात्र सबै क्षेत्रको विकासको पूर्वाधार शिक्षा क्षेत्र मजबुत हुने देखिन्छ ।

#### ६.२.२ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुद सम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलगै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन । पालिकामा शिक्षा शाखामा अधिकृत स्तरको दरबन्दी रहेतापनी लामो समय देखि कर्मचारी विहीन हुँदा पालिकाले स्थानीय नि.मा.वि. स्थायी शिक्षकलाई काजमा ल्याइ गाउँपालिकामा रहेका शिक्षा, युवा तथा खेलकुद सम्बन्धी शाखा सञ्चालन गर्दै आएको छ ।

सबै विद्यालयहरुमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय

व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने गर्दछन् ।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेको देखिदैन । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संधीय र प्रदेश तहमा निजामती तथा शिक्षा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्यनमा जटिलता सिर्जना भएको छ । विशेष गरी सङ्घीय शिक्षा ऐन जारी हुन नसकेको कारणले यस पालिकाले कार्यान्वयनमा ल्याएको ऐन अनुसारका शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासो सरोकरवालाहरूबाट आइरहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र लुम्बिनी प्रदेशले प्रत्येक जिल्लामा सामाजिक विकास कार्यालयको स्थापना गरेको छ ।

सरकारका तीनै तहहरू बिच सहजीकरण र समन्वयका पक्षमा सुधार गरी विद्यार्थीको नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नु आवश्यक छ । प्रत्येक तहका सरकारले साझा लक्ष्य हासिल गर्न आ-आफना भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सोअनुसार कार्यान्वियन गर्ने परिपाटी र संस्कृतिको विकास गर्नु आवश्यक छ। संघीयताका सन्दर्भमा शिक्षा प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी, सक्षम तथा नतिजामुखी बनाउनका कार्य विभाजन तथा क्षमताको पुनरावलोकन गर्न आवश्यक छ ।

यस पालिका अन्तर्गत सामुदायिक, संस्थागत र धार्मिक गरी तीन प्रकारका विद्यालयहरु सञ्चालनमा रहेका छन् । विद्यालयका प्रकार फरक भएतापनि यी सबैको एकमात्र उद्देश्य शैक्षिक क्षेत्रमा पहुँच सिर्जना गर्नु र शैक्षिक गुणस्तर कायम गर्नु रहेको छ । शिक्षाको व्यवस्थापनको लागि पालिकाले शिक्षकको लागि तालिम, शिक्षक मेन्टरिङ, प्र.अ. क्षमता विकास कार्यक्रम, विद्यार्थी प्रोत्साहन कार्यक्रम, छात्रावृत्ति वितरण साथै विद्यार्थी क्षमता पहिचान कार्यक्रम गर्दै आएकोमा आगामी दिनमा यसलाई प्रभावकारी र व्यवस्थित योजना बनाई अगाडी बढ्ने योजना रहेको छ ।

### ६.२.३ उद्देश्य

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु
२. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु
३. जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु
४. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु

### ६.२.४ रणनीतिहरू

माथि उल्लेखित उद्देश्य हासिल गर्नका लागि निम्न बमोजिमका रणनीतिहरु अपनाइने छन् ।

१. यस पालिकामा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति, ऐन, कानून निर्माण गर्ने

२. संस्थागत संरचना अनुसार जनशक्ति व्यवस्थापन गर्ने
३. सबै तहमा आवश्यक कार्यरत जनशक्तिको क्षमता विकास गर्ने
४. शिक्षक पेशागत सहयोग प्रणाली स्थापना गर्ने
५. प्रधानाध्यापक,विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघलाई थप जिम्मेवार बनाउन क्षमता विकास गर्ने
६. सक्षम र प्रभावकारी कार्यसम्पादनको लागि स्रोत साधन व्यवस्थापन गर्ने
७. विद्यालयमा कार्यसम्पादन र सक्षमताको आधारमा प्रधानाध्यापक नियुक्ति गर्ने
८. शैक्षिक तथ्याङ्क संकलन र विश्लेषण गरी शैक्षिक सुधारको योजना कार्यान्वयन गर्ने
९. बनाइने संरचनाको पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री र दिगो विकासको अवधारणा अनुरुप गर्ने
१०. समुदायमा रहेका शैक्षिक प्रबुद्ध व्यक्तित्वको समूह बनाइ शैक्षिक सुदृढीकरण गर्ने
११. शैक्षिक नीति, नियम, कानून, मापदण्ड, कार्यविधि निर्माण गरी लागु गर्ने
१२. गाउँ शिक्षा समितिलाई विद्यालयको अनुगमन निरीक्षणमा जिम्मेवार गर्ने
१३. शिक्षालाई समावेशी, समतामूलक, विविधता र पहुँचयोग्य गर्ने
१४. पेशागत सहायताबाट शिक्षकको कार्यसम्पादन वृद्धि गर्ने
१५. समय समयमा अभिभावक शिक्षा, उत्प्रेरणात्मक कक्षा र अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने
१६. संस्थागत विकासको लागि संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य गर्ने
१७. गाउँपालिकामा शिक्षालाई पहिलो प्राथमिकतामा राखी साधनस्रोत सम्पन्न गर्ने
१८. प्रचलित नीति, नियम र शिक्षा नियमावली अनुसार प्रधानाध्यापक व्यवस्थापन गर्ने

### ६.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

- विद्यालय शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

**ख ) नतिजा**

- संस्थागत संरचनाका आधारमा गठित विभिन्न समिति तथा उपसमितिहरूको सक्षमता विकास भइ परिचालन हुने।
- विद्यालय सुधार योजना विकास तथा कार्यान्वयन प्रभावकारी हुने।
- सबै विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन सिमितिका पदाधिकारीहरूको क्षमता विकास हुनेछ।
- प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क विन्दुका रूपमा कार्य गर्ने शिक्षकको व्यवस्था गरी सक्षमता विकास हुनेछ।
- सामुदायिक सिकाइ केन्द्र तथा विशेष कक्षा सञ्चालन भएका स्रोत विद्यालयहरूको संस्थागत सुदृढीकरण हुनेछ।
- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुनेछ।
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुनेछ।
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुनेछ।
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ।
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ।

- गाउँपालिका शिक्षा ऐन तथा नियमावली विकास भई कार्यान्वयनमा आएको हुनेछ ।
- गाउँपालिका ऐन तथा नियमावलीको प्रभावकारी प्रबोधीकरण भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | जना | १ | २ | ४ | ५ | ६ | |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | जना | २ | ४ | ६ | ८ | ९ | |

### ६.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स . | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | | |
| १ | विद्यालय सुशासन सम्बन्धि मापदण्ड विकास | पटक | | १ | | | | १ | १ | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | |
| ३ | प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको क्षमता विकास | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | २३ | २३ | |
| ४ | स्मारिका/ पार्स्वो चित्र प्रकाशित र अद्यावधीक | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | |

### ६.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना साध्य होइन लक्ष्यमा पुग्ने साधन हो भने कार्यान्वियन योग्य योजना नै सफल योजना हो । अत कुनै पनि योजना लागु गर्न सकिने गरी निमर्माण गर्नु पर्दछ । यसर्थ योजना निर्माणको जति महत्त्व छ त्यो भन्दा धेरै महत्त्व त्यसको  कार्यान्वयन प्रबन्धमा रहन्छ । शैक्षिक योजनासँगै योजनाको कार्यान्वियन प्रबन्ध अनिवार्य सर्त हुन आउँछ । प्रबन्ध सहितको शिक्षा योजनाले मात्र शिक्षामा अपेक्षित परिवर्तन ल्याउन सक्ने हो ।

सामान्यतया स्थानीय तहमा शिक्षा योजना बनाउदा त्यस पालिकाको भौगोलिक,आर्थिक अवस्था, सामाजिक सांस्कृतिक संरचना, तथा उपलब्ध जनशक्ति एवं अन्य साधन र श्रोतलाई ख्याल गरिएको हुन्छ। यी तत्त्वहरुलाई मध्यनजर गरि निर्माण भएका शिक्षा योजना नै लागु गर्न सकिन्छ । त्यस्तो योजना परिणाममुखी हुन आउछन तसर्थ, शिक्षा  योजना वस्तुवादी बन्नु आवश्यक हुन्छ ।

गाउँ  शिक्षा योजना लागु गर्ने मुख्य जिम्मेवारी गाउँपालिका तथा गाउँ शिक्षा समितिको हो । तथापि, विद्यालय, शिक्षक, विद्यार्थी वडा कार्यलय, संधीय एवम् प्रदेश सरकार, स्थानीय समुदाय, अभिभावक विद्यालय व्यवस्थापन समिति एवम अन्य सरोकारवाला सबैको महत्वपूर्ण भूमिका रहनेमा दुई मत हुन सक्दैन । स्थानीय समुदाय तथा  अभिभावकहरुलाइ जिम्मेवार वनाई शिक्षा योजना प्रति स्वामित्वको भावना जागृत हुनु योजना कार्यान्वियनको लागि अत्यावश्यक हुन आउछ । यी सबै पक्षहरुलाई एकताबद्ध गरी कार्यान्वयन

चरणमा प्रबेश गर्नु प्रधानाध्यापकको केन्द्रिय भूमिका रहन्छ । प्रधानाध्यापक सक्षम ,क्षमतावान ,सबल,धैर्य ,योग्य , आत्मविश्वासपुर्ण, स्वतन्त्र, निस्पक्ष, निडर, सदाचार एवं पारदर्शी र जवाफदेही हुनु अनिवार्य छ । प्रधानाध्यापकको मातहतमा रही योजना कार्यान्वयन गर्ने महत्वपूर्ण व्यक्तिहरु भनेका शिक्षकहरु पनि हुन । शिक्षकहरु क्षमतावान हुनुका साथै समर्पित, धैर्यवान, कार्यकुशल, सहनशील, समदर्शी, निरन्तर प्रयासरत, इमान्दार तथा जवाफदेहि, हुन नसकेमा शिक्षा योजना कार्यान्वयन हुन सक्दैन । त्यसैगरि शिक्षा योजना सफल कार्यान्वयनको लागि बार्षिक शैक्षिक योजना र कार्यक्रम, आर्थिक व्यवस्थापन जनशक्ति उत्पादन एवं व्यवस्थापन, र विविध क्रियाकलापको निर्धारण एवम् तिनिहरुको प्रभावकारि कार्यान्वयन बिना संभव हुदैन ।

### ६.३.१ वर्तमान अवस्था

मर्चवारी गाउँपालिकाले आफ्नो स्थानीय तहमा निर्माण गरिएका विभिन्न योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी आईपरेको छ । स्थानीय तहमा कार्यरत जनशक्तिको व्यवस्था, वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनको अवस्था, आवश्यक स्रोत साधनको व्यवस्थापन लगायत विभिन्न ऐन, नियम, कार्यविधि निर्माण गरी प्रबोधिकरण गर्ने छ । यस पालिकाले शिक्षा योजना कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । स्थानीय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ । प्रत्येक बिद्यालय र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्नेछन । कार्यक्रम संचालनको लागि बजेट र आवश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिवेक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्पाङ्कन समिति बनाई सक्रिय हुनेछ ।

शिक्षा योजना निर्माण पश्चात सो योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण बजेटको सुनिश्चितता तीन तहका सरकार बिचको समन्वय र सहकार्य बार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । जसमा सरोकारवालाहरूको तपशिल बमोजिमको भुमीका रहने छ । मर्चवारी गाउँपालिकाद्वारा निर्मित १० बर्षे शिक्षा योजना लागु गर्नु र निर्दिष्ट लक्ष्य हासिल गर्नु चुनौतिपूर्ण कार्य हो। तथापि यस गाउँपालिको वस्तु स्थितिलाई ख्याल राख्दै योजना निर्माण अघि बढाइएकोले सफल कार्यान्वयन गर्न सकिन्छ भन्नेमा बिश्वश्च हुन जरुरी छ । सफल कार्यान्वयन लागि सफन प्रवन्धको आवश्यकतालाई कदापि नकार्न सकिदैन । यसको सफल कार्यान्वयनका लागि नै यो प्रबन्ध तयार गरिएको छ ।

### स्थानीय तह :

- मर्चवारी गाउँपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
- मर्चवारी गाउँपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार समितिहरू निर्माण गर्ने ।

- मर्चवारी गाउँपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन् ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार गाउँपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने ।
- मर्चवारी गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने ।
- मर्चवारी गाउँपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदानप्रदानका लागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने ।

**विद्यालय :**

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी अद्यावधिक गर्ने ।

२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने ।

३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने

४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन सम्बन्धी सिप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने ।

७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने ।

**सामुदायिक सिकाइ केन्द्र :**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने ।

२. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने

३. सा.सि.के. ले विषयगत स्थानीय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।

## चुनौती

१. पर्याप्त बजेट नहुँदा योजनाको प्रभावकारी कार्यान्वयन गर्न कठिन रहनु |

२. जनशक्ति तथा दक्षताको अभावले योजना कार्यान्वयनमा ढिलाइ वा असफलता निम्त्याउनु |

३. कार्यान्वयनका लागि आवश्यक संरचना, उपकरण, तथा पूर्वाधारको अभाव चुनौतीपूर्ण रहनु |

४. सरकारी निकाय, विद्यालय, तथा समुदायबिच समन्वय नहुँदा योजना प्रभावकारी रुपमा अघि बढ्न नसक्नु |

५. स्थानीय शिक्षा योजनामा राजनीतिक प्रभाव र हस्तक्षेपले कार्यान्वयनमा अनियमितता निम्त्याउनु |

६. प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको अभावमा योजना सही ढंगले कार्यान्वयन भएको सुनिश्चित गर्न कठिनाइ हुनु |

### ६.३.२ उद्देश्य

१. बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु
२. आवश्यकता अनुसार कानून, मापदण्ड र निर्देशिका विकास गर्नु
३. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।
४. योजनाको लगानी देखि प्रभाव तह सम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्न

### ६.३.३ रणनीतिहरू

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने
७. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने
९. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने
१०. सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने

### ६.३.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ ।
२ प्रभावकारी अनुगमन को माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समय मै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कन मा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने छ ।
३ कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमीकमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुने छ

#### ख) नतिजा

१. गाउँपालिका शिक्षा ऐन तथा नियमावली विकास भई कार्यान्वयनमा आएको हुने,
२. गाउँपालिका ऐन तथा नियमावलीको प्रभावकारी प्रबोधीकरण भएको हुने,
३. गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्भे भई त्यसका आधारमा संस्थागत संयन्त्र विकास भई कार्यान्वयनमा आएको हुने,

४. संगठन तथा व्यवस्थापन सर्भेका आधारमा स्वीकृत जनशक्तिको पदपूर्ति भई गाउँपालिका योजनाको कार्यान्वयनमा सहजीकरण भएको हुने,

५. गाउँपालिकाको जनशक्ति विकास योजना तयार भई कर्मचारीहरूको सक्षमता विकास भई शैक्षिक व्यवस्थापनमा सुधार भएको हुने,

६. विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यस्थापन समितिका पदाधिकारीहरूको सक्षमता विकास भई शैक्षिक व्यवस्थापनमा सुधार भई शैक्षिक सुशासनको अवस्था सुनिश्चित भएको हुने,

७. विद्यालयका प्रभावकारी तथा वास्तविक आवश्यकतामा आधारित विद्यालय सुधार योजना विकास भई कार्यान्वयनमा आएको हुने,

८. गाउँपालिकामा शिक्षाका कार्यक्रम तथा कार्य प्रगतिहरूको पारदर्शिताका लागि (Web Page) तयार गरी दस्तावेजहरू अपलोड भई सरोकारकवालाहरूको पहुँच सर्वशुलभ भएको हुने,

९. पालिकाका कार्यरत कर्मचारीहरूले अनलाइनमा आधारित पेसागत विकासका कायर्यक्रमहरूमा सहभागी भई पेसागत सक्षमता विकास र प्रयोग गरेको हुने

१०. संस्थागत संयन्त्र अनुसार गठित समितिहरूले निरन्तर रूपमा शैक्षिक कार्यक्रमहरूको अनुगमन तथा विद्यालयमा आधारित सहयोग प्रदान गरेको अवस्था हुने,

११. सामुदायिक सिकाइ केन्द्र तथा स्रोत कक्षा सन्चालन भएका विद्यालयहरूको संस्थागत विकास भएको हुने,

१२. गाउँपालिका तथा विद्यालयका सेवा प्रवाह सहभागिता मूलक ,नतिजामूलक,कार्यसम्पादन प्रति उत्तरदायी र जवाफदेही हुने ।

१३. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नतिजा मा आधारित अनुगमन प्रणाली स्थापित हुने विद्यालय सङ्ख्या | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | |
| २ | अनुगमन का आधारमा नतिजा सुधार हुने विद्यालय सङ्ख्या | विद्यालय | ७ | १२ | १५ | १५ | १५ | |
| ३ | विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | |

## ६.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
| १ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | स्थानीय शिक्षा योजना प्रवोधीकरण | पटक | १ | ० | ० | ० | १ | २ | २ |

परिच्छेद ७

# लगानी र स्रोत व्यवस्थापन

### ७.१.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ। आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दूर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्यूसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ। कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखा परीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितब्यायी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नु पर्नेछ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ। एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याइ तोकिए बमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ। शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ। शिक्षाको समय सापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन। विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन। यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ। समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ। संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ।

### ७.१.२ वर्तमान अवस्था

गाउँपालिकाको समग्र विकासका लागि शिक्षा क्षेत्र मुख्य आधारका रूपमा रहेको हुन्छ। शिक्षामा गरिने लगानीको प्रतिफल प्रत्यक्ष रूपमा तत्काल विश्लेषण गर्न कठिनाइ हुने भएतापनि यसबाट हुने प्रारम्भिक असरहरू आँकलन गर्न सकिन्छ। यसबाट दीर्घकाल सम्म पार्ने असर र अन्य क्षेत्रहरूमा पार्ने सकारात्मक प्रभावहरू निकै महत्त्वपूर्ण हुन्छन्। विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ।

सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९० प्रतिशत भन्दा बढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन। विद्यार्थी सङ्ख्याका आधारमा एकाइ लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लगानीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत ४,२८८ रहेको छ।

यस दश वर्षीय शिक्षा योजनाको सफल कार्यान्वयनका लागि गाउँपालिकाले गर्ने लगानी अपेक्षित विकास लक्ष्य हासिल गर्न निर्णायक बन्न जान्छ। विद्यालयको स्रोत जुटाउन अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य

गर्ने संघसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिबृद्धिका लागि विद्यालयहरूलाई आवश्यक क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन। नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्य सम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्य सम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ ।लगानी मूलतः सबैका लागि गुणस्तरीय तथा समावेशी शिक्षाको पहुँच सुनिश्चित गर्न अपुग रहँदै आएको छ । यस परिप्रेक्ष्यमा गाउँपालिकाले शिक्षा क्षेत्रमा गर्ने लगानी कम्तीमा पनि २० प्रतिशत हुन अत्यावश्यक रहेको छ।

**गाउँपालिकाले विगतका वर्षहरूमा गरेको लगानीको अवस्था**

| विगत दुई वर्षमा मर्चवारी गाउँपालिकाको शिक्षामा गरिएको लगानी | | | | |
|---|---|---|---|---|
| **आ.व.** | **सशर्त अनुदान** | **गाउँपालिकाले विनियोजन गरेको शिक्षाको बजेट** | **कुल** | **शिक्षाको कूल बजेटमा भएको वृद्धि प्रतिशत** |
| ०८०/०८१ | १२,३१,००,००० | २,९७,०४,००० | १५,२८,०४,००० | |
| ०८१/०८२ | १३,००,५७,००० | ३,५०,००,००० | १६,५०,५७,००० | ८.०१९ प्रतिशत |

### ७.१.३ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वियनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतका आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वियन गर्नु

### ७.१.४ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षाको लगानीमा वृद्धि गर्ने
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने
३. वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने

### ७.१.५ प्रमुख उपलब्धि

**क) उपलब्धि**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ।

## सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार बाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका प्राप्त हुने अनुमानित बजेट (हजारमा)

## पाँच वर्षको जम्मा बजेट विवरण

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष अनुसार रकम (हजारमा) | | | | | पाँचवर्षको जम्मा बजेट हजारमा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | ३.१ प्रारम्भिक बालविकास र शिक्षा | 11195.46 | 11350.96 | 11926.07 | 11353.77 | 11797.01 | 57623.28 |
| २ | ३.२ आधारभूत शिक्षा | 83311.75 | 88967.74 | 98888.57 | 99091.66 | 99301.83 | 469561.6 |
| ३ | ३.३ माध्यमिक शिक्षा | 33681.22 | 34176.23 | 34265.28 | 34106.8 | 34712.7 | 170942.2 |
| ४ | ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 200 | 85 | 860 | 860 | 860 | 2865 |
| ५ | ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | 1244.5 | 1244.5 | 1244.5 | 1244.5 | 1244.5 | 6222.5 |
| ६ | ४.१ पाठ्यक्रम र पाठ्यसामग्री | 1160 | 1930 | 1430 | 1160 | 1430 | 7110 |
| ७ | ४.२ शिक्षक व्यवस्थापन र विकास | 2029.4 | 2162.9 | 2508.9 | 2454.9 | 2500.9 | 11657 |
| ८ | ४.३ शैक्षिक समता र समावेशीकरणा | 1376.7 | 1496.7 | 1385.9 | 1240.7 | 6474.5 | 11974.5 |
| ९ | ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | 47 | 46 | 46 | 46 | 46 | 231 |
| १० | ४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता | 391 | 456 | 396 | 396 | 446 | 2085 |
| ११ | ४.६ विद्यालय भौतिक पूर्वाधार | 500 | 3250 | 3250 | 15957.5 | 13715 | 36672.5 |
| १२ | ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | 3327 | 3327 | 3377 | 3327 | 3327 | 16685 |
| १३ | ८.१ अनुगमन तथा मुल्यंकन | 1206 | 1620 | 756 | 1106 | 856 | 5544 |
| १४ | सुशासन तथा व्यवस्थापन | 24 | 244 | 124 | 124 | 124 | 640 |
| १५ | शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | 300 | 200 | 200 | 200 | 300 | 1200 |
| | उच्च शिक्षा | 0 | 45 | 175 | 225 | 225 | 670 |
| | कुल जम्मा | 139994 | 150602 | 160833.2 | 172893.8 | 177360.5 | 801683.6 |

**अनुदान प्राप्त हुने क्षेत्र तथा उपक्षेत्रहरुको क्रियाकलापको अधारमा बजेट रु हजारमा**

| | | | | |
|---|---|---|---|---|
| पूर्व प्रा.वि./बालविकासका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed ECED Activities) | | | | |

| | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | 2024/25 | 2025/26 | 2026/27 | 2027/28 | 2028/29 |
| | 81/82 | 82/83 | 83/84 | 84/85 | 85/86 |
| पूर्व प्रा.वि./ECED कक्षा/केन्द्रमा तोकिएका न्युनतम मापदण्डहरुको (Minimum Standards) कार्यन्वयन गर्ने | | 2 | 2 | 2 | 2 |
| अवश्यकता पहिचानको आधारमा विद्यमान प्रारम्भिक बालविकास शिक्षा र पूर्व-प्राथमिक शिक्षा (संस्थागत विद्यालयका सुविधासहित) को पुनरावलोकन र नयाँ प्रारम्भिक बालविकास केन्द्रहरुको स्थापना | 0 | 0 | 10 | 20 | 0 |
| Provision of ECED friendly WASH facility to ensure the compliance with minimum standards | 300 | 300 | 300 | 300 | 300 |
| दिवा खाजा व्यवस्थापन | 3586.68 | 3544.56 | 3466.8 | 3392.28 | 3314.52 |
| बालबालिकाको समग्र विकास र सिकाइलाई सहज बनाउन प्रारम्भिक बाल्यकाल र सिकाइ मापदण्डहरुको कार्यान्वयन | 15 | 15 | 15 | 15 | 15 |
| ECED केन्द्र र शिक्षकहरूलाई कार्यसम्पादन अनुदान (निर्धारित मापदण्ड विरुद्धको सुधारमा आधारित) | 102 | 102 | 102 | 102 | 102 |
| विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग (Support to disable students) | 44 | 43 | 43 | 43 | 41 |
| पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फत त्रैमासिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जाँच गर्ने साथै बालबालिकाहरूमा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने (Assement and identification of disabilities) | 17 | 16 | 16 | 16 | 15 |
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | 3,380 | 3,380 | 3,380 | 3,380 | 3,380 |
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | 325 | 425 | 425 | 425 | 425 |
| ECED कक्षाका सहयोगीहरूका लागि तलब/भत्ता | - | - | - | - | - |
| ECED कक्षाहरूका सामग्री र सिकाई कुनाका लागि बजेट अनुदान | 34 | 34 | 34 | 34 | 34 |
| ECED कक्षाहरूमा अध्ययनरत तोकिएका अति विपन्न र लक्षित समुदायका बालबालिकाहरुको सुविधाका लागि बजेट अनुदान | 312 | 309 | 302 | 295 | 289 |
| प्रारम्भिक सिकाई तथा विकास का मापदण्ड कार्यन्वयन सम्बधि सहजकर्ता हरु लाई तालिम | 1,170 | 1,170 | 1,170 | 1,170 | 1,170 |
| परिवार,समुदाय,गैर सरकारी संघसंस्था,निजीक्षेत्रसँगको सहकार्य | 100 | 100 | 100 | 100 | 100 |
| बालविकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्रि शौचालयको व्यवस्था | - | 200 | 400 | 200 | 200 |
| बालबालिकाको अभिलेखिकरण | 300 | 300 | 300 | 300 | 300 |
| पाठ्यक्रम प्रयोगिकरण | 400 | - | 400 | - | 400 |
| अभिभावक शिक्षा सम्बन्धि आधारभूत तालिम | - | 200 | 200 | 200 | 200 |
| उत्कृष्ट प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था गर्ने | 10 | 10 | 10 | 10 | 10 |
| विभिन्न सिकाइ क्षेत्र जस्तै : भाषा क्षेत्र, गणित क्षेत्र, अभिनय क्षेत्र, सिर्जनात्मक क्षेत्र, स्वावलम्बन सिकाइ क्षेत्र र विज्ञान क्षेत्र सहयोग गर्ने। | 50 | 150 | 200 | 300 | 300 |
| ECED कक्षाका का लागि बसाई व्यवस्थापन | 750 | 750 | 750 | 750 | 900 |
| ECED कक्षा बाहिर खेल क्षेत्र तथा घेराबार | 300 | 300 | 300 | 300 | 300 |

| जम्मा बजेट (हजारमा) | 11,195.5 | 11,351.0 | 11,926.1 | 11,353.8 | 11,797.0 |
|---|---|---|---|---|---|

| आधारभूत तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Basic Level) | | | | | |
|---|---|---|---|---|---|
| | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | |
| प्रस्तावित कार्यक्रमहरु | 2024/25 | 2025/26 | 2026/27 | 2027/28 | 2028/29 |
| | 81/82 | 82/83 | 83/84 | 84/85 | 85/86 |
| सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | 41,304.3 | 41,304.3 | 47,970.0 | 47,970.0 | 47,970.0 |
| सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | 9,172.4 | 9,172.4 | 9,984.0 | 9,984.0 | 9,984.0 |
| सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरुका लागि तलब भत्ता | 1,938.0 | 1,938.0 | 1,938.0 | 1,938.0 | 1,938.0 |
| सामुदायिक आधारभुत तह (कक्षा १-५) बिद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | 1,500.0 | 1,500.0 | 1,500.0 | 1,500.0 | 1,500.0 |
| सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | 1,400.0 | 1,400.0 | 1,400.0 | 1,400.0 | 1,400.0 |
| आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | 122.4 | 122.4 | 122.4 | 122.4 | 122.4 |
| आधारभूत बिद्यालय (कक्षा १-८) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरुको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | 850.0 | 850.0 | 850.0 | 850.0 | 850.0 |
| आधारभूत तह (कक्षा १-५) सन्चालित परम्परागत धार्मिक बिध्यालयहरु: गुरुकुल/आश्रम, गुम्बा र मदरसाका लागि बजेट अनुदान | 2,400.0 | 2,400.0 | 2,400.0 | 2,400.0 | 2,400.0 |
| पालिका तहको स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा बिद्यालय स्वस्थ्य कार्यक्रम सन्चालन अनुदान | 920.0 | 920.0 | 920.0 | 920.0 | 920.0 |
| आधारभूत तह (कक्षा १-५) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | 1,808.3 | 1,786.0 | 1,799.6 | 1,838.0 | 1,910.1 |
| आधारभूत तह (कक्षा ६-८) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | 2,108.6 | 1,858.2 | 1,767.2 | 1,697.8 | 1,652.8 |
| आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सन्चालन अनुदान | 13,222.4 | 19,414.1 | 21,996.4 | 22,242.6 | 22,365.7 |
| बिभिन्न अपाङ्गता भएका बिद्यार्थीहरुलाई थप सुबिधा बापतको बजेट अनुदान | 119.0 | 35.0 | 80.0 | 120.0 | 190.0 |
| कक्षा ६-८ का छात्राहरुलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | 1,412.1 | 1,246.1 | 1,188.0 | 1,143.5 | 1,116.5 |
| बिद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन बापतको बजेट अनुदान | 2,100.0 | 2,100.0 | 2,100.0 | 2,100.0 | 2,100.0 |

| | | | | | |
|---|---|---|---|---|---|
| समता रणनिति कार्यन्वयन गरी सोका आधारमा लक्षित स्थानीय तहहरुमा बिद्यालय बाहिर रहेका बालबालिकाहरुलाई बिद्यालय शिक्षामा ल्याई उनीहरुको शिक्षालाई निरन्तरता दिन पालिकाहरुलाई बजेट अनुदान | 27.0 | 33.5 | 39.0 | 53.0 | 70.0 |
| SMCs र PTAs को क्षमता अभिबृद्दी र अभिभावकहरूलाई सचेतना कार्यक्रम | 100.0 | 100.0 | 100.0 | 100.0 | 100.0 |
| आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सन्चालन बापत स्थानीय तहलाई बजेट अनुदान | 247.3 | 196.8 | 193.0 | 171.4 | 171.3 |
| बिद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | - | 50 | - | - | - |
| कक्षा 1-५ लाई बसाई व्यवस्थापन | 400 | 500 | 500 | 500 | 500 |
| आधारभूत तहका शिक्षकको क्षमता विकास तथा पेशागत विकास तालिम | 510 | 391 | 391 | 391 | 391 |
| विव्यस, शिअसंका पदाधिकारीहरुको क्षमता विकास | 150 | 150 | 150 | 150 | 150 |
| समावेसी शिक्षा संजाल गठन , कार्यबिधि निर्माण र कार्यन्वयन | 100 | 100 | 100 | 100 | 100 |
| गुनासो सुनुवाई कार्यिधि निर्माण र कार्यान्वयन | 100 | 100 | 100 | 100 | 100 |
| मातृभाषा मा आधारित शिक्षण सिकाई सम्बन्धि क्षमता बिकास | 300 | 300 | 300 | 300 | 300 |
| एकीकृत पाठ्यक्रम सम्बन्धि शिक्षक को क्षमता बिकास | 300 | 300 | 300 | 300 | 300 |
| अपांगिता भएका बिद्यार्थी हरु पहिचान गरि व्यक्तिगत शिक्षण योजना बनाउनु | 300 | 300 | 300 | 300 | 300 |
| सिकाई आपुरण तथा द्रुत सिकाई सम्बन्धि शिक्षक हरुको क्षमता अभिवृद्धि तथा कार्यन्वयन | 400.0 | 400.0 | 400.0 | 400.0 | 400.0 |
| **आधारभूत तहको जम्मा बजेट (हजार मा )** | **83,311.75** | **88,967.74** | **98,888.57** | **99,091.66** | **99,301.83** |

| **माध्यमिक तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Secondary Level)** | | | | | |
|---|---|---|---|---|---|
| | **लगानीको अनुमान (Cost Estimates (in '000s)** | | | | |
| प्रस्तावित कार्यक्रमहरु | 2024/25 | 2025/26 | 2026/27 | 2027/28 | 2028/29 |
| | 81/82 | 82/83 | 83/84 | 84/85 | 85/86 |
| माध्यमिक तहसम्म संचलित बिद्यालयहरुको सङ्ख्या | | | | | |
| सबै प्रकार र तहका बिद्यालय नक्शांकन, समायोजन र पुनरवितरण कार्यक्रम सन्चालन | 400 | - | 400 | - | 400 |
| सामुदायिक माध्यमिक बिद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (संघिय अनुदान सहित) | 17,388 | 17,388 | 17,388 | 17,388 | 17,388 |
| माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | 36 | 36 | 36 | 36 | 36 |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) बिद्यालयहरुमा कार्यरत कर्मचारी र सहयोगी कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | 684 | 684 | 684 | 684 | 684 |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) बिद्यालयहरुमा कार्यरत लेखा र प्रशासनिक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | 1,113 | 1,113 | 1,113 | 1,113 | 1,113 |

| | | | | | |
|---|---|---|---|---|---|
| माध्यमिक विद्यालय (कक्षा १-१२) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, शिक्षण सिकाई सामग्री, कम्तिमा १/१ सेट पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुबिधा, आदि) | 1,320 | 1,320 | 1,320 | 1,320 | 1,320 |
| माध्यमिक विद्यालय (कक्षा १-१२) का लागि एकमुष्ठ अनुदान (SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | 420 | 420 | 420 | 420 | 420 |
| माध्यमिक विद्यालय (कक्षा १-१०) सन्चालित परम्परागत धार्मिक बिध्यालयहरु: गुरुकुल/आश्रम, गुम्बा र मदरसाका लागि बजेट अनुदान | - | - | - | - | - |
| माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | 1,243 | 1,243 | 1,243 | 1,243 | 1,243 |
| माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसार हुने) | 609 | 609 | 609 | 609 | 609 |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ९-१०) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | 1,034 | 1,221 | 1,315 | 1,409 | 1,503 |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ११-१२) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | 738 | 800 | 861 | 923 | 984 |
| कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | 1,459 | 1,630 | 1,553 | 1,510 | 1,431 |
| माध्यमिक बिद्यालय तहमा पुस्तकालय स्थापना र सन्चालन बजेट अनुदान | 300 | 300 | 162 | 180 | 198 |
| माध्यमिक बिद्यालय तहमा बिज्ञान प्रयोगशाला स्थापना र सन्चालन बजेट अनुदान | 300 | 300 | 162 | 180 | 198 |
| माध्यमिक बिद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सिकाई सामग्री र सन्चालन बजेट अनुदान | 300 | 300 | 162 | 180 | 198 |
| कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा कार्यरत शिक्षक, प्रशिक र सहायक प्रशिकका लागि तलब र भत्ता बापतको बजेट अनुदान | 3,024 | 3,024 | 3,024 | 3,024 | 3,024 |
| कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा प्रति बिद्यार्थी सिकाई सामग्री, प्रयोगशाला सहयोग, औजार/सामग्री, प्रयोगात्मक सामग्री, OJT र सन्चालन खर्च बापतको बजेट अनुदान | 990 | 990 | 990 | 990 | 990 |
| कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन बापतको बजेट अनुदान | 200 | 200 | 200 | 200 | 200 |
